# पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयहरूको भूमिका

(पोखरामा अवस्थित सङ्ग्रहालयहरूमा आधारित अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत

पृथ्वीनारायण  क्याम्पस, समाजशास्त्र विभागमा

स्नातकोत्तर तह समाजशास्त्र द्वितीय वर्षको

दशौं पत्रको प्रयोजनका लागि प्रस्तुत

शोधपत्र


**शोधार्थी**

सुकु मायाँ (थापा) राना

रोल्न नं.: ६५

रजिष्ट्रेसन नं.:६-१-२८८-१५४-९८

समाजशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस

भिमकालीपाटन, पोखरा


२०७३

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पसबाट समाजशास्त्र विषयमा स्नातकोत्तरको उपाधी प्राप्तीको लागि आंशिक पत्र आवश्यकता परिपूर्तिका लागि **सुकु मायाँ** (थापा) **राना** द्वारा **"पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयको भूमिका: पोखरामा अवस्थित सङ्ग्रहालयहरूमा आधारित अध्ययन"** विषयमा तयार पारिएको शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नु भएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

मिति: २०७३-०६-०२

.......................................

**प्रा. डा. विश्वकल्याण पराजुली**
**शोध निर्देशक**
**पृथ्वीनारायण क्याम्पस,**
**बगर, पोखरा ।**

# स्वीकृती-पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण बहुमुखी क्याम्पसबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधी प्राप्तीको लागि **सुकु मायाँ (थापा) राना** द्वारा तयार पारी प्रस्तुत गरिएको **"पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयको भूमिकाः पोखरामा अवस्थित सङ्ग्रहालयहरूमा आधारित अध्ययन"** विषयक शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधी प्राप्तीको लागि उचित ठहरिएकोले स्वीकृती प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

**प्रा.** सूर्यभक्त सिग्देल ..........................

**विभागीय प्रमुख**

**प्रा.डा.** विश्वकल्याण पराजुली ..........................

**आन्तरिक परिक्षक**

**उप–प्रा.** शान्ता कुमारी खत्री ..........................

**वाह्य परीक्षक**

मितिः २०७३-०६-०२

# कृतज्ञता ज्ञापन

यस शोधकार्यको पूर्ण सफलतामा विभिन्न सहयोगी महानुभावहरू सङ्ग्रहालय प्रमुखज्यूहरू, विभिन्न स्वदेशी तथा विदेशी पर्यटकहरूको सहयोग र सहभागिताको ठूलो भूमिका भएकोले वहाँहरू प्रति धेरै आभारी छु । समाजशास्त्र विभागले स्नातकोत्तर तह समाजशास्त्र विषयको स्नातकोत्तर तहको द्वितीय वर्षको आंशिक पत्रमा मेरो रूची अनुसारको शोध अनुसन्धान कार्य गर्ने अवशर उपलब्ध गराई दिनु भएकोमा विभागप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

मेरो शोधकार्यमा आफ्नो अमूल्य समय, सुझाव, निरन्तर सहयोग तथा निर्देशन दिनु हुने आन्तरिक परिक्षक प्राध्यापक **डा. विश्वकल्याण पराजुली** र वाह्य परीक्षक उप-प्राध्यापक **शान्ता कुमारी खत्री**ज्यू प्रति पनि म धेरै-धेरै आभार व्यक्त गर्दै कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै विभागीय प्रमुख प्राध्यापक **सूर्यभक्त सिग्देल**ज्यू र तथ्याङ्क विश्लेषण कार्यमा धेरै सहयोग पुऱ्याउनु हुने प्राध्यापक **अमृत भण्डारी**ज्यू प्रति पनि स-धन्यवाद साथै आभार व्यक्त गर्न चाहन्छु । साथसाथै अन्य प्राध्यापकज्यूहरूलाई पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सुझाव, सल्लाह दिनु भएकोमा धेरै-धेरै धन्यवाद दिन चाहन्छु ।

शोधकार्यका लागि प्रमुख व्यक्तित्वहरू, प्रश्नावली अनुसुचीमा सहभागी विभिन्न स्वदेशी तथा विदेशी उत्तरदाताहरू, सङ्ग्रहालय प्रमुखज्यूहरू जसको अतुलनीय सहयोग र सहभागिताले शोधकार्य सफल हुन सकेकोमा उहाँहरू प्रति हृदयदेखि स-धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

शोधकार्य अवधिभर अत्यन्तै अविस्मरणीय सहयोगी हातहरू फैलाई रहनु हुने मेरा प्रिय साथीहरू **निर्मला पुर्जा** (म्याग्दी), **कुमारी गुरूङ** (स्याङ्जा), **पेमा शेर्पा** (दोलखा) **कृष्णा गुरूङ** ( स्याङ्जा) र **पिङ्की चौधरी** (चितवन) बाट सल्लाह सुझाव तथा निरन्तर सहयोग द्वारा अनुसन्धान कार्य अत्यन्तै सहजताका साथ सम्पन्न भएकोमा हृदयदेखि स-धन्यवाद साथै जिवन्त आभारी छु । यसैगरी मेरो शोधकार्यमा उत्प्रेरणाका साथै हौसला दिनु हुँदै आर्थिक कार्यमा निरन्तर सहयोग पुऱ्याई रहनु हुने मेरा श्रीमान् **श्री दशरथ राना**ज्यू र परिवार प्रति पनि जिवन्त आभारी छु ।

.................................

मिति: २०७३-०६-०२ **सुकुमायाँ (थापा) राना**

# विषयसूची


| | | |
|---|---|---|
| सिफारिस पत्र | | i |
| स्वीकृति पत्र | | ii |
| कृतज्ञताज्ञापन | | iii |
| विषय सूची | | iv–vi |
| तालिका सूची | | vii |
| चित्र सूची | | viii |
| शोधसार | | ix–x |
| **अध्याय – एक : परिचय** | | **१–१४** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १-५ |
| १.२ | पर्यटनको परिभाषा | ५-९ |
| १.३ | समस्याको कथन | ९-११ |
| १.४ | अध्ययनको उद्देश्य | ११ |
| १.५ | अध्ययनको महत्त्व | १२-१३ |
| १.६ | अध्ययनको सिमाहरू | १३-१४ |
| १.७ | आधारभूत मान्यता | १४ |
| **अध्याय – दुई : साहित्य समीक्षा** | | **१५–२१** |
| २.१ | पर्यटनको अवधारणा | १५ |
| २.२ | पर्यटनको प्रकारहरू | १५ |
| २.३ | विश्वको पर्यटन विकास | १५-१६ |
| २.४ | नेपालको सन्दर्भमा पर्यटनको विकास | १६-१७ |
| २.५ | पोखराको ऐतिहासिक पर्यटन | १७ |
| २.६ | पूर्व साहित्य समिक्षा | १७-२१ |

**अध्याय – तीन : अनुसन्धान विधि** **२२–२५**

| | | |
|---|---|---|
| ३.१ | अध्ययन क्षेत्र | २२ |
| ३.२ | अनुसन्धान ढाँचा | २३ |
| ३.३ | समग्रता एवं नमुना छनौट | २३ |
| | ३.३.१ प्राथमिक स्रोत | २४ |
| | ३.२.२ द्वितीय स्रोत | २४ |
| ३.४ | तथ्याङ्कको स्रोत एवं प्रकृति | २४ |
| | ३.४.१ तथ्याङ्क सङ्कलन विधि | २४ |
| | ३.४.२ अवलोकन | २४ |
| | ३.४.३ प्रश्नावली अनुसूची | २४ |
| | ३.४.४ अन्तरवार्ता | २५ |
| ३.५ | तथ्याङ्कको विश्वसनीयता एवं प्रमाणिकता | २५ |
| ३.६ | तथ्याङ्क विश्लेषण एवं प्रस्तुतीकरण | २५ |

**अध्याय – चार : सङ्ग्रहालयको परिचयात्मक विवरण** **२६-४४**

| | | |
|---|---|---|
| ४.१ | गोर्खा मेमोरियल सङ्ग्रहालय | २६-३० |
| ४.२ | अन्नपूर्ण ऐतिहासिक प्राकृतिक (पुतली) सङ्ग्रहालय | ३१-३५ |
| ४.३ | क्षेत्रीय सङ्ग्रहालय | ३६-४० |
| ४.४ | अन्तर्राष्ट्रिय सङ्ग्रहालय | ४१-४४ |

**अध्याय – पाँच : तथ्याङ्क विश्लेषण** **४५-५७**

| | | |
|---|---|---|
| ५.१ | उत्तरदाताहरूको राष्ट्र सम्बन्धी विवरण | ४५ |
| ५.२ | उत्तरदाताहरूको उमेर सम्बन्धी विवरण | ४६ |
| ५.३ | उत्तरदाताहरूको लैङ्गिक सम्बन्धी विवरण | ४७ |
| ५.४ | उत्तरदाताहरूको पेशा सम्बन्धी विवरण | ४८ |
| ५.५ | उत्तरदाताहरूको धर्म सम्बन्धी विवरण | ४९ |
| ५.६ | उत्तरदाताहरूको पारिवारिक किसिम सम्बन्धी विवरण | ५० |
| ५.७ | उत्तरदाताहरूको शैक्षिक योग्यता सम्बन्धी विवरण | ५१ |
| ५.८ | सङ्ग्रहालय घुम्ने माध्यम सम्बन्धी विवरण | ५२ |
| ५. ९ | सङ्ग्रहालय भित्र मन पर्ने वस्तुहरू सम्बन्धी विवरण | ५३ |

| | | |
|---|---|---|
| ५.१० | सङ्ग्रहालय भित्रको समस्या सम्बन्धी विवरण | ५४ |
| ५.११ | सङ्ग्रहालयको महत्त्व सम्बन्धी विवरण | ५५ |
| ५.१२ | सङ्ग्रहालयको वस्तुहरू परिवर्तन सम्बन्धी विवरण | ५६ |
| ५.१३ | सङ्ग्रहालय घुम्न जाने सम्बन्धी विवरण | ५६-५७ |
| **अध्याय - छ : सारांश, निष्कर्ष र सुझाव** | | **५८-६१** |
| ६.१ | सारांश | ५८-५९ |
| ६.२ | मुख्य प्राप्तीहरू | ५९-६० |
| ६.३ | निष्कर्ष | ६०-६१ |
| ६.४ | सुझाव | ६१ |
| **सन्दर्भ सामग्रीहरू** | | **६२-६३** |
| अनुसूचीहरू | | |

# तालिका सूची


| तालिका नं. | | पे.नं |
|---|---|---|
| ५.१ | उत्तरदाताहरूको राष्ट्र सम्बन्धी विवरण | ४५ |
| ५.२ | उत्तरदाताहरूको उमेर सम्बन्धी विवरण | ४६ |
| ५.३ | उत्तरदाताहरूको लैङ्गिक सम्बन्धी विवरण | ४७ |
| ५.४ | उत्तरदाताहरूको पेशा सम्बन्धी विवरण | ४८ |
| ५.५ | उत्तरदाताहरूको धर्म सम्बन्धी विवरण | ४९ |
| ५.६ | उत्तरदाताहरूको पारिवारिक किसिम सम्बन्धी विवरण | ५० |
| ५.७ | उत्तरदाताहरूको शैक्षिक योग्यता सम्बन्धी विवरण | ५१ |
| ५.८ | सङ्ग्रहालय घुम्ने माध्यम सम्बन्धी विवरण | ५२ |
| ५. ९ | सङ्ग्रहालय भित्र मन पर्ने वस्तुहरू सम्बन्धी विवरण | ५३ |
| ५.१० | सङ्ग्रहालय भित्रको समस्या सम्बन्धी विवरण | ५४ |
| ५.११ | सङ्ग्रहालयको महत्त्व सम्बन्धी विवरण | ५५ |
| ५.१२ | सङ्ग्रहालयको वस्तुहरू परिवर्तन सम्बन्धी विवरण | ५६ |
| ५.१३ | सङ्ग्रहालय घुम्न जाने सम्बन्धी विवरण | ५६-५७ |

# चित्र सूची


| क्र.सं | शीर्षक | पे.नं |
|---|---|---|
| १. | पोखराको सङ्ग्रहालयहरूको तस्वीर | ix |
| २. | उत्तरदाताहरूको तस्वीर | x |

# शोधसार

पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयको भूमिकाः शीर्षकको प्रस्तुत अध्ययनमा पोखरामा अवस्थित सङ्ग्रहालयहरूको अध्ययनलाई विश्लेषण गरिएको छ । अध्ययनमा पोखराका विभिन्न सङ्ग्रहालयहरूको परिचयात्मक विवरण तयार पार्नुका साथै सङ्ग्रहालयमा आउने पर्यटकहरूको सामाजिक-सांस्कृतिक पृष्ठभूमिको लेखा जोखा गर्ने र पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयको भूमिका विश्लेषण गरिएको छ जसमा विभिन्न अनुसन्धनात्मक प्रश्नहरूको माध्यमबाट उपयुक्त तथ्याङ्क सङ्कलन गरिएको छ । जुन अनुसन्धनात्मक प्रश्नहरू उल्लेखित रहेको छ । पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयहरूको भूमिका के रहेको छ ? पर्यटन क्षेत्रमा यसले कस्तो फाइदा-बेफाइदा पुऱ्याएको छ ? सङ्ग्रहालयमा बढी कस्तो खालका पर्यटकहरू आउने गर्दछन् ? वार्षिक रूपमा पर्यटकहरूको आवागमन स्थिति कस्तो रहेको छ ? भन्ने खालका अनुसन्धानात्मक प्रश्नहरू रहेको छ ।

अध्ययनको उद्देश्यहरू पोखराका सङ्ग्रहालयहरूको परिचयात्मक विवरण तयार गर्ने, विभिन्न सङ्ग्रहालयमा आउने पर्यटकहरूको सामाजिक-सांस्कृतिक पृष्ठभूमिको लेखाजोखा गर्ने र पर्यटन प्रवर्द्धनमा संङ्ग्रहालयको भूमिका विश्लेषण गर्ने रहेको छ । नेपाली उत्तरदाताको संख्या ६४ जना अर्थात् ५३.३ प्रतिशत र विदेशी उत्तरदाताको संख्या ५६ जना अर्थात् ४६.६ प्रतिशत रहेको छ भने जम्मा उत्तरदाताहरूको संख्या १२० जना रहेको छ । अध्ययन अनुसन्धानले सङ्ग्रहालयहरूको विस्तृत रूपमा परिचयको विश्लेषण गरिएको छ भने स्वदेशी तथा विदेशी पर्यटकहरूको सांस्कृतिक तथा सामाजिक पृष्ठभूमिको लेखाजोखा गरिनुको साथै सङ्ग्रहालयको भूमिका विश्लेषण गरिएको छ । साथै सङ्ग्रहालयको सामाजिक पक्ष, सांस्कृतिक पक्ष र व्यवस्थापन पक्षको पनि विस्तृत रूपमा विश्लेषण गरिएको छ ।

अध्ययन अनुसन्धान कार्यमा सहभागी संख्या १२० जना उत्तरदताहरू नै यस अध्ययनको नमुना छनौट हो । जुन कार्यमा प्राथमिक तथा द्वितीय स्रोतको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिनुका साथै स्थलगत अध्ययन तथा अवलोकन, अन्तर्वार्ता अनुसूची, प्रश्नावली विधि र विभिन्न पुस्तक तथा वेवसाइटबाट सूचनाहरू, मुख्य सूचनादातासँग अन्तर्वार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ र प्राप्त तथ्याङ्कलाई साङ्केतिकीकरण, वर्गीकरण र तालिकीकरणका साथै विश्लेषण गरी आवश्यकता अनुसार तालिका सूची र प्रतिशतको आधारमा शोधकार्यलाई प्रस्तुत गरिएको छ ।

यस अध्ययनले पोखरामा अवस्थित चार वटा सङ्ग्रहालयहरूको छुट्टा छुट्टै परिचय दिनका साथै विभिन्न सामाजिक पक्ष, सांस्कृतिक पक्ष र व्यवस्थापन पक्षलाई केलाउने प्रयास गर्दै सङ्ग्रहालयको

भूमिका विश्लेषण गरिएको छ । पृथ्वीमा भएका अर्थात् प्रकृतिमा पाईने विभिन्न दुर्लभ वस्तुहरू, पौराणिक अवशेषहरू तथा जातीय भेषभूषा, परम्परा, संस्कार, धर्मका साथै राष्ट्रियताको पहिचान दिनुका साथै आर्थिक क्षेत्रमा सक्षम तथा सवल बनाउन टेवा पुऱ्याई रहेको हुन्छ । साथै सम्पूर्ण मानवीय क्रियाकलाप देखि लिएर प्राकृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन तथा संकलन सङ्ग्रहालयले गर्ने गर्दछ । साथै पौराणिक अभिलेखहरू पुरातात्विक एवं ऐतिहासिक अवशेषहरूको प्रचार-प्रसार गर्नुका साथै संरक्षण गर्ने काम पनि सङ्ग्रहालयले गर्दछ । विभिन्न लोपोन्मुख वस्तुहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने काम पनि सङ्ग्रहालयले गरेको छ र विभिन्न ठाउँको जानकारी दिने कार्य सङ्ग्रहालयले गर्दछ जसले गर्दा पर्यटन प्रवर्द्धनमा सामाजिक, सांस्कृतिक, धार्मिक तथा आर्थिक पक्षको सम्वर्द्धन भएको छ । यसरी पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयको भूमिका अत्यन्तै महत्त्वपूर्ण रहेको छ ।

सङ्ग्रहालयमा आ-आफ्नै नीति नियम अनुसार व्यवस्थापन गरिएको छ । गोर्खा मेमोरियल सङ्ग्रहालयमा नेपाली वीर पुर्खाको साहसिक कार्य तथा वीरतालाई झल्काउने र वीर गोर्खालीको स्वर्णीम ऐतिहासिक दस्तावेजलाई मूर्तरूप राख्ने प्रयास रहेको छ । साथै अन्नपूर्ण ऐतिहासिक प्राकृतिक (पुतली) सङ्ग्रहालयमा प्रकृतिमा पाईने विभिन्न पुतलीका प्रजातीहरूको संकलन तथा सम्बर्द्धन गरिएको छ । त्यसैगरी क्षेत्रीय सङ्ग्रहालयमा पश्चिमाञ्चल क्षेत्रको जनजातीय भेषभूषा, संस्कृति, तथा परम्परालाई मूर्तरूप दिनका लागि सङ्ग्रहालयले जोड दिएको छ भने अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा हिमाली क्षेत्रका जातीय रहन सहन, भेष भूषा तथा हिमाली क्षेत्रको मौसम तथा पर्यावरणीयको जानकारी दिने प्रयास गरिएको छ ।

समग्रमा भन्नु पर्दा यस शोधकार्य पोखरामा अवस्थित चार वटा सङ्ग्रहालयहरूमा सिमित रहेर अध्ययन अनुसन्धान कार्य सम्पन्न गरिएको छ र अध्ययन क्षेत्रमा स्वदेशी तथा विदेशी पर्यटकहरूको सांस्कृतिक तथा सामाजिक पृष्ठभूमिको लेखाजोखा गरिनुको साथै सङ्ग्रहालयको भूमिका विश्लेषण गरिएको छ । साथै सङ्ग्रहालयको सामाजिक पक्ष, सांस्कृतिक पक्ष, आर्थिक पक्ष र व्यवस्थापन पक्षको पनि विस्तृत रूपमा विश्लेषण गरिएको छ ।

# अध्याय-एक

## परिचय

### १.१ सामान्य पृष्ठभूमि

टुरिस्ट शब्दको विकास सन् १२९२ मा भएको र टुरिस्ट शब्द टुरिस्टको अर्थ एउटा वृत्त वा घुम्ने चक्को रूपमा लिइन्छ । जसबाट टुरिस्ट शब्दको उत्पत्ति भएको मानिन्छ । जसलाई एक वृत्त वा चक्र भन्ने हुन्छ। कुनै पनि व्यक्ति एक स्थानबाट अर्को स्थान वा एक देशबाट अर्को देश प्रस्थान गरी नयाँ ठाउँ वा स्थानको भ्रमण गरेर आउने व्यक्ति नै टुरिस्ट वा पर्यटक हो भने उसले गरेका सम्पूर्ण क्रियाकलाप नै टुरिस्ट वा पर्यटन हो (सत्याल, २००२) ।

पर्यटन वा टुरिस्टलाई परिभाषित गर्ने व्यक्ति सर्वप्रथम सन् १९१० मा अष्ट्रियन अर्थशास्त्री हरम्यान वन सुलार्डले गरेका हुन् । त्यस परिभाषा अनुसार त्यतिवेलाको पर्यटन आर्थिक चरित्रको हुने गर्दथे (नेपाल राष्ट्र बैंक, २०५७) ।

ब्रसेल्स विश्वविद्यालयका प्राध्यापक एडमन्ड पिकाईको अनुसार पर्यटनको मुख्य काम नै राष्ट्रका लागि विदेशी मुद्रा आर्जन गर्नु हो होटल व्यवसायीहरूमाथि रहन्छ (सत्याल, १९८८) । त्यसैगरी इन्टरनेशनल एसोसिएसन अफ साइन्टीफिक एक्सपोर्ट अन टुरिजम्ले परिभाषा गरेको स्विस् प्रोफेसर हुन्जिकर क्राफ्टका परिभाषा अनुसार कुनै स्थानमा स्थायी बसोबास र आर्थिक आर्जन नगर्नु उद्देश्यले गरिने भ्रमण र बसोबास सम्बन्धी सम्पूर्ण घट्नाक्रम नै पर्यटन हो (सत्याल, १९८८) ।

सन् १९८१ इन्टरनेशनल एसोसिएसन अफ साइन्टीफिक एक्सपोर्ट अन टुरिजम्/सोसाईटीको आयोजनामा 'लिजर रियाक्शन टुरिजम्' विषयमा बेलायतको कार्डिफमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मलनमा गरिएको परिभाषा अनुसार 'पर्यटन भन्नाले घर भन्दा बाहिरी वातावरणमा गरिएका निर्धारित विशेष गतिविधिहरूलाई जनाउँदछ ।' त्यो घरभन्दा बाहिर भएर रात बिताएर वा नबिताई पनि हुन सक्दछ ।

त्यसैगरी सन् १९९३ मा (डब्लु.टी.ओ.) ले पर्यटनका सम्बन्धमा 'टुरिजम् ईनक्याम्पस द एक्टिभिटिज अफ पर्सनल ट्राभेलिङ्ग टु एण्ड स्टेज इन प्लेस आउटसाईड दिएर युजल इनभाईरोमेन्ट फर नट मोर देन वन कन्डक्टिप ईएर फर लिजर विजनेस एण्ड अदर प्रपोज ।' यी परिभाषाहरूबाट के स्पष्ट हुन्छ भने पर्यटक त्यस्तो विषयमा मात्र सम्बन्धित हुन

जान्छ जो घरबाट बाहिर स्वदेश वा विदेश छोटो अवधिको लागि यात्रा गर्दछ र उसले स्थायी बसोबास र कमाउने उद्देश्य नराखी मनोरञ्जन, स्वास्थ्य, अध्ययन वा भिन्न परिवेशको अनुभव बटुल्न पैसा खर्च गर्दछ ।

पर्यटको दिब्य ऐतिहासिक विकासक्रमलाई हेर्दा यसले विकास प्राचीन समयदेखि नै सुरूवात भएको पाइन्छ । पर्यटन र पर्यटक शब्द धेरैपछि देखा परेता पनि यात्रा र भ्रमणको ऐतिहासिक सुरूवात मानव इतिहासको प्रारम्भदेखि नै भएको देखिन्छ । भरियाले पर्यटक शब्द सन् १२९२ मा चल्तीमा आएको भनेका छन् (भाटिया, १९७५) ।
मानव सभ्यताको विकाससँगै आवश्यक खाना, नाना, छाना, पानी, सुरक्षा एवम् व्यापारका निम्ति मानिस आदिम कालदेखि नै एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्न उत्प्रेरित थिए । पहिले मानिसहरू जनावर चढेर वा हिंडेर आफ्नो आवश्यकता पूरा गर्न यात्रा गर्दथे । तर अहिले अत्याधुनिक जल, वायु, थल जस्ता द्रुत साधनको विकास भएकाले यिनै साधनहरूबाट यात्रा गर्दछन् जुन पर्यटनको विकासक्रम हो (भाटिया, १९९१) ।

सामान्यतया घरबाहिर २४ घण्टाभन्दा बढी वा एक वर्षभन्दा कम समयका लागि गरिने यात्रा वा मनोरञ्जन नै पर्यटन हो । पर्यटनमा आर्थिक क्रियाकलाप भएको हुनुपर्छ । नत्र यस्ता गतिविधि पर्यटन बन्न सक्देन । जस्तै एउटा जोगीले पर्यटनका सबै मापदण्ड पूरा गर्दछ । तर उसले आर्थिक क्रियाकलाप नगर्ने भएकाले ऊ कहिल्यै पर्यटक बन्नै सक्दैन (शर्मा र खरेल, २०६८) । पर्यटन तथा पर्यटक शब्दको उत्पत्ति सन् १९९२ तिर भएको हो । वर्तमान समायमा यसको अर्थ व्यापक भएको छ । पर्यटन शब्द ल्याटिन भाषाको 'टोनर्स' बाट व्युत्पत्ति भएको हो यसको अर्थ 'वृत्त वा चक्र बुझाउने उपकरण' भन्ने बुझिन्छ । जहाँ व्यक्ति चक्रको एक उत्पत्ति स्थानबाट भ्रमण स्थान हुँदै पुनः उत्पत्ति स्थानमै आई पुग्दछ । यही अवधारणाबाट नै 'राउण्ड ट्रिप' वा 'यात्रा व्यवस्थापन' हुँदै पर्यटन शब्दको विकास भएको हो । (शर्मा र खरेल, २०६८) । उत्पत्ति र गन्तव्य स्थल भित्र हुने क्रियाकलापलाई 'पर्यटन' र पर्यटनको क्रियाकलापमा सम्लग्न हुने व्यक्तिलाई 'पर्यटक' तथा पर्यटक र पर्यटनसँग सम्बन्धी आवश्यक सेवाको व्यवस्थापन मिलाउन स्थापना भएका संस्थाहरू लाई पर्यटन उद्योग भनिन्छ । पर्यटक आन्तरिक र वाह्य गरी दुई प्रकारका हुन्छन् । पर्यटनमा समय, पैसा यातायातको साधन उत्प्रेरणा सेवा, पूर्वाधार, सत्कार, पर्यावरणीय वातावरण आदि कुराहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ (भण्डारी, २०६८) ।

पर्यटनको पहिलो परिभाषा सन् १९९० मा अष्ट्रियन अर्थशास्त्री हरम्यान वन स्कुलार्डका अनुसार पयर्०टन भन्नाले 'कुनै पनि निश्चित राष्ट्र, शहर वा क्षेत्रभित्र र वाहिर विदेशीहरूको बसोबास, आवतजावत र प्रवेश आर्थिक प्रकृतिसँग प्रत्यक्ष सरोकारको सम्पूर्ण कार्यक्रम हो' (पुरी र उद्धव, २०५६) । यस्तै आई ए.एस.इ.टी तथा पर्यटन समाज कार्डीफले सन् १९८१ मा 'पर्यटनलाई घरेलु वातावरण वाहिर हुने छनौट गरिएको विशेष क्रियाकलापको रूपमा परिभाषित गरेको पाइन्छ । कुनै संस्थामा रात व्यति गर्ने वा नगर्ने पर्यटकलाई पनि पर्यटन भित्र समेटिन्छ' (पुरी र उद्धव, २०५६) ।

आई.ए.एस.इ.टी.को अर्को परिभषा अनुसार 'कुनै पनि स्थानमा स्थायी बसोबास र आर्थिक आर्जन नगर्ने उद्देश्यले गरिने भ्रमण र बसोबाससम्बन्धी सम्पूर्ण घटनाहरू नै पर्यटन हो' (पुरी र उद्धव, २०५६) । आज पर्यटनलाई विश्वका प्रायः सबै देशहरूले आर्थिक र दिगो विकासको भरपर्दो आधार वा खम्बाका रूपमा लिन थालेका छन् । पर्यटन समाजले सन् १९७६ मा पर्यटनलाई यसरी परिभाषित गरेको थियो-'मानिसहरूको गन्तव्य स्थानमा हुने अस्थायी तथा छोटो क्रियकलाप जहाँ तिनीहरूरहन्छन् र विभिन्न कार्य र गतिविधिहरू सम्पन्न गर्दछन् लाई पर्यटन भनिन्छ । दैनिक भ्रमण वा एक्स्कर्सन जस्ता पर्यटकीय गतिविधिलाई पर्यटनकै हिस्सा मानिन्छ' (पोखरेल र कार्की, २०५५) । कुनै पनि व्यक्ति आफ्नो निवास स्थान छाडेर अन्य स्थान वा अन्य मुलुकतर्फ आरामदायी छुट्टी बिताउन, स्वास्थ्योपचार, अधययन वा व्यापार, पारिवारिक भ्रमण आदिको लागि जान्छ भने उसलाई पर्यटक भनिन्छ (पोखरेल र कार्की, २०५५) ।

आतिथ्य एक राम्रो र ठूलो उद्योगको रूपमा रहेकाले धेरैभन्दा धेरै मानिसहरू यस उद्योगमा कार्यरत छन् । यस उद्योगमा आज विभिन्न उमेर समूह तथा सिप/क्षमता भएका मानिसहरूले रोजगारी पाइरहेका छन् । पेशा, व्यवसाय, तालिम जागीरको हिसाबले अन्य उद्योगमा भन्दा यस उद्योगमा बढी विशिष्ट मानिसहरू रहेका छन् । यो उद्योग स्वदेशी वा विदेशी मुद्रा आय आर्जनको हिसाबले पनि सबैभन्दा राम्रो छ । सेवा, सुविधा तथा विभिन्न आकर्षणको हिसाबले गर्दा यो उद्योग सबैभन्दा ठूलो बन्न पुगेको हो । अन्य उद्योगले वातावरणमा नराम्रो प्रभाव पारिरहेको बेलामा झन् पर्यावरणीय हिसाबले यस उद्योगको अझ विस्तार हुने देखिन्छ किनकि यो उद्योगले अन्य उद्योगले जस्तो धुँवा फाल्दैन त्यस्तै यसले विभिन्न संरचनागत पक्षका प्रदूर्षणलाई पनि घटाउँदछ ।

विश्व पर्यटन विकास मानव उद्विकाससँगै जोडिएको छ । चार हजार वि.सं. तिर यात्रा गर्नेहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको थियो । प्राचीन बेवीलोनिया वा इजिप्टको चार हजार वर्ष पहिलेको शासक राजा शुल्गिले पर्यटनको क्षेत्रमा महत्त्वपूर्ण भूमिकामा निर्वाहा गरेको देखिन्छ । फोनिसिया, इजिप्ट, ग्रीस लगायतका देशहरू बाहिरी देशहरूसँग परिचित भने फोनिसियनहरू पहिलो व्यापारिक यात्रु कहलिए । मार्कोपोलो र अलिक जेन्डरले यात्रालाई चर्चामा ल्याए । चिनिया यात्रीहरूको यात्रा विवरण नेपाल र भारतको ऐतिहासिक स्रोत अन्तर्गत पर्दछन् । मध्यकालमा चर्चित यात्रुहरूमा वेन्जामिन अफ ट्यूडेला र इबन बाटुटा आदिको नाम उल्लेखनीय रहेको पाइन्छ । चौधौं शताब्दी, पुनर्जागरण काल, पन्धौं शताब्दी, सोह्रौं शताब्दी आदी युगसम्ममा यात्रा महत्त्वपूर्ण बनिसकेको थियो । जोन लाडेन तथा थोमस टोलफोर्डले उन्नाईसौं शताब्दीमा गरेको सडक व्यवस्थापनले पर्यटनलाई सुगम र छिटो बनायो । सन् १८४१ मा ब्याप्टिष्ट मठादिष्ट वा पादरी तथा पुस्तक विक्रेता थोमस कुकुले ५७० जनालाई प्रतिव्यक्ति केही रकम लिएर लिसिष्टरदेखि लुघाब्रोर्थसम्मको यात्रा गराएकाले अहिले उनलाई पर्यटनका पिताका रूपमा बुझ्न सकिन्छ । सन् १८७३ तिर जर्जमोर्टिभर पुलम्यानको पर्यटनमा महत्त्वपूर्ण योगदान रह्यो । यस्तै सन् १८०० मा अमेरिकाका युरोपतिर र यूरोपका अमेरिकातिर खोज तथा अन्वेषणका लागि यात्रामा निस्के जसले पर्यटन विकासमा ठूलो योगदान पुऱ्यायो । उन्नाइसौं शताब्दीसम्म रेल, पानीजहाज र हवाईजहाज प्रमुख यात्रुबाहक साधनका रूपमा रहे पनि बिसौं शताब्दीमा आइपुग्दा सुविधायुक्त मोटरगाडी तथा मोटरकारहरू यात्राको प्रमुख साधन बनिसकेका थिए । अहिले डुङ्गा, पानीजहाज, घोडा, बग्गी, रेल हवाइजहाज र मोटरकारहरूको विकासले मानिसको यात्रालाई व्यापक बनाएको छ (पुरी, २०५६) ।

नेपाल प्राचीन कालदेखि नै एक स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राज्यको रूपमा रहँदै आएको छ । किराँतवंशका राजा स्थुङकोको समयमा भारतको मगध राज्यका मौर्य सम्राट अशोकले नेपालको लुम्बिनी र काठमाडौं भ्रमण गरेका थिए । बौद्ध धार्मिक आख्यान अनुसार मञ्जुश्रीले चीनबाट नेपालको भ्रमण गरेका थिए । हिन्दू धार्मिक आख्यान अनुसार भगवान् श्रीकृष्णले भारतबाट अनेकौं ग्वालाहरूको साथमा काठमाडौं उपत्यकाको भ्रमण गरेका थिए । हुन त, सन् १८०१ मा राजदूत कप्तान नक्स, नापी विशेषज्ञ चार्ल्सफ्राउफोर्ड र खानी एवम् रसायन विशेषज्ञ मिब्लेक लगायत ५० जनासँग नेपाल आएका थिए । हेमिल्टनले पर्यटन विकासको लागि सन् १८१८ मा ‘एन एकाउण्ट अफ दि किङ्गडम अफ दि

नेपाल’नामक पुस्तक प्रकाशन गरेका थिए । सन् १८०४-४४ बीचमा बोइलेऊ गार्डनर, म्याडाक्ले र हड्सन राजदुतहरूलगायत १५३ जना अंग्रेजीहरूले नेपाल प्रवेश पाएका थिए । सन् १८५० मा जंगबहादुरले बेलायत भ्रमण गरेका थिए । सन् १९०८ मा चन्द्रशमशेरले बेलायतको भ्रमण गरेका थिए । सन् १९०६ मा वृटिस भारतका सेनापति लर्ड किचनरको काठमाडौं आगमन भएको थियो । यी सबै नेपालमा आउने जाने क्रम सरकारको नियन्त्रण भित्र हुने गर्थ्यो । जुन गतिविधि २००७ को परिवर्तनपछि सामान्य बन्दै आयो (पुरी, २०५६) ।

पर्यटनको विकास मानव सभ्यतासँग जोडिएर आएको पर्यटन भन्नाले विश्व पर्यटन संगठनका भनाइ अनुसार व्यापार, रमाइलो वा मनोरञ्जनका लागि गरिने यात्रा हो । जुन सामान्य परिवृति बाहिर केही समयका लागि हुन्छ । त्यस्तो ठाउँमा आयस्रोत हुने क्रियाकलाप बाहेक अन्य उद्देश्यको लागि यात्रा गरी घुम्ने गरिन्छ । पर्यटन संगठनले कुनै खास उद्देश्य लिएर आफ्नो घर छोडी हिडेका व्यक्ति वा समूहलाई आवश्यक पर्ने सेवा जस्तै यात्रा, खाने-बस्ने बन्दोबस्त, पिउने प्रवन्ध वा मनोरञ्जन एवम् सत्कार प्रदान गर्न पूर्वाधारसहित स्थापना भएका सङ्घ/संस्थाहरूलाई पर्यटन उद्योग भनिन्छ भनेर परिभाषित गरेको छ । पर्यटन उद्योगलाई ‘आतिथ्य सत्कार’ पनि भनेर भनिन्छ (भण्डारी, २०६८) ।

## १.२ पर्यटनको परिभाषा

अंग्रेजी भाषामा पर्यटन शब्द १९ औं शताब्दीमा सुरू भएको हो । प्रायः इतिहासमा मानिसहरू सिकार र खानाको खोजीमा भ्रमणशील र घुमन्ते जीवन बिताउँथे भन्ने कुरा पूरातत्वविद्हरूले प्रमाणित गरिसकेका छन् । त्यसपछि विस्तारै विभिन्न उद्देश्यका लागि यात्राहरू हुन थाले जस्तै व्यापारिक, धार्मिक, मनोरञ्जन आदि फोनेसियनहरूको नाम इतिहासमा प्रथम व्यापारिक यात्रीको नामले परिचित छ ।

नेपालमा पर्यटकको विकासक्रम प्राचीनकालदेखि नै वा नवपाषण युगदेखि नै सुरू भएको पाइन्छ । नेपाल स्वतन्त्र र सार्वभौम सत्ता सम्पन्न राज्यको रूपमा रहदै आएको किराँत वंशका राजा स्थुङकोको समयमा भारतको मगध राज्यका मौर्य सम्राट अशोकले नेपालको लुम्बिनी र काठमाडौं भ्रमण गरेका थिए । बौद्ध धार्मिक आख्यान अनुसार मञ्जुश्रीले चीनबाट नेपालको भ्रमण गरेका थिए । हिन्दु धार्मिक आख्यानअनुसार भगवान् श्रीकृष्णले भारतबाट अनेकौं ग्वालाहरूको साथमा काठमाडौं उपत्यकाको भ्रमण गरेका थिए । हुनत, सन् १८०१ मा राजदूत कप्तान नक्स, नापी विशेषज्ञ चार्ल्स फ्राउफोर्ड र खानी एवं

रसायन विशेषज्ञ मि. ब्लेक लगायत ५० जनासँगै नेपाल आएका थिए । हेमिल्टनको पर्यटन विकासको लागि सन् १८१८ मा 'एन एकाउण्ट अफ दि किङ्गडम अफ दि नेपाल' नामक पुस्तक प्रकाशन गरेका थिए । सन् १८०४-४४ बीचमा बोइलेउ, गार्डनर, म्याडाक्लेर हड्सन राजदुतहरूलगायत १५३ जना अंग्रेजहरूले नेपाल प्रवेश पाएका थिए । सन् १८५० मा जंगबहादुरले बेलायत भ्रमण गरेका थिए । सन् १९०८ मा चन्द्रशमशेरले बेलायतको भ्रमण गरेका थिए । सन् १९०६ मा बृटिस भारतका सेनापति लर्ड किचनरको काठमाडौं आगमन भएको थियो । यी सबै नेपालमा आउने जानेक्रम सरकारको नियन्त्रण भित्र हुने गर्थ्यो जुन गतिविधि २००७ को परिवर्तनपछि सामान्य बन्दै आयो (पुरी, २०५६) ।

नेपाल विश्वको पर्यटन स्थल र प्राकृतिक रूपमा रमणिय स्थल एक हो । यहाँ विभिन्न किसिमका प्राकृतिक तथा सांस्कृतिक स्थलहरू छन् । जुन पर्यटनका लागि आकषर्ण केन्द्रबिन्दु बनेका छन् । पर्यटक विभिन्न माध्यमबाट नेपाल आउने गर्दछन् । पर्यटक नेपाली वा विदेशी जो सुकै पनि हुन सक्दछन् । नेपाली वा विदेशी जो सुकै व्यक्ति होस् विभिन्न जिज्ञासा संगालेर एक देशबाट अर्को देशमा वा एक स्थानबाट अर्को स्थानमा भ्रमण गरी कम्तीमा २४ घण्टा र बढीमा ६ महिना बिताउँछ र त्यस ठाउँमा केही पैसा खर्च गर्दछ भने त्यस्तो व्यक्तिलाई पर्यटक भनिन्छ (प्राकृतिक सन्देश, २०६४) ।

नेपालको भौगोलिक तथा धरातलीय स्वरूप र हावापानीमा पनि विविधता पाइन्छ । प्राकृतिक सुन्दरता एवम् सांस्कृतिक र धार्मिक विविधताले भरिएको सुन्दर देश नेपाल, विश्वको पर्यटकीय गन्तव्यको रूपमा चिनिएको छ । भौगोलिक दृष्टिले सानो देश भएता पनि कूल क्षेत्रफल १४७१९८१ वर्ग कि.मी रहेको नेपालको भौगोलिक अक्षांश २६$^{\circ}$२२' देखि ३०$^{\circ}$२७' उत्तर र देशान्तर ८०$^{\circ}$४' देखि ८८$^{\circ}$१२' पूर्व रहेको छ । करिव ८८५ कि.मी. लम्वाई र १९३ कि.मी. चौडाई रहेको नेपाललाई झट्ट हेर्दा ईंट्टा आकारको भौगोलिक विभाजन अनुसार हिमाल, पहाड, तराई गरी ३ भागमा विभाजित छ नेपालमा विश्वभर पाईने प्रायः सबै प्रकारको हावापानी यहाँ पाईन्छ । विश्वका उच्च हिमश्रृङ्खला, प्राकृतिक सुन्दरता, सामाजिक सांस्कृतिक विविधता, नदी, ताल हिमाल, झरना, पदमार्ग, गौतम बुद्धको जन्मस्थल, हिन्दू धर्मका तीर्थस्थल आदि कारणले गर्दा नेपाल पर्यटकीय रूपमा प्रख्यात छ । मानिस सधैं एकै ठाउँमा बसिरहन मन पराउँदैनन् किनकी अरू प्राणी भन्दा मानिस चेतनशील भएकाले नयाँ ज्ञान र अनुभव आर्जन गर्न चाहन्छन् । तसर्थ मानिसहरू विभिन्न ठाउँका प्राकृतिक र सांस्कृतिक सौन्दर्य अवलोकन गर्ने, कला तथा संस्कृति, भाषा,

साहित्य,जातजाति आदिका बारेमा जानकारी लिने, धार्मिक स्थलहरूको भ्रमण, अध्ययन अनुसन्धान गर्नुका साथै खोज तथा मनोरञ्जनका लागि जाने आउने गर्दछन् (नेपाल राष्ट्र बैंक, २०५७) ।

पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चलको कास्की जिल्लामा अवस्थित देशकै दोस्रो ठूलो शहर मानिने पोखरा उप-महानगरपालिका अन्तर्गत पर्ने पोखरा उपत्यका अत्यन्तै रमणीय तथा प्राकृतिक सुन्दरताले भरिपूर्ण पर्यटकीय स्थल हो । पोखरा उपत्यका तथा आसपासका क्षेत्रहरू अत्यन्तै मनोमोहक प्राकृतिक सुन्दरताले भरिपूर्ण रहेको पाइन्छ । यहाँ प्राकृतिक दृश्य तथा मनोमोहक सुन्दरताले गर्दा स्वदेशी तथा विदेशी पर्यटकहरूको असंख्य रूपमा आवागमन भइरहेको पाइन्छ । यहाँ विभिन्न तालतलैया, झरना मठमन्दिर, गुम्बा नदीनाला, गुफा तथा ऱ्याफ्टिङ्ग, प्यारागलाईडिङ्ग, पदयात्रा जस्ता विभिन्न सामाजिक, धार्मिक, तथा प्राकृतिक विविधताको अध्ययन अनुसन्धान, खोज, भ्रमण, दृश्यावलोकन तथा मनोरञ्जनका लागि पर्यटकहरू आउने गर्दछन् । साथै पोखरा उपत्यकामा विभिन्न सङ्ग्रहालयहरू जस्तै, पर्वतीय अन्तर्राष्ट्रिय सङ्ग्रहालय, क्षेत्रीय सङ्ग्रहालय, पुतली सङ्ग्रहालय, र गोर्खा मेमोरियल सङ्ग्रहालय गरी जम्मा चार वटा सङ्ग्रहालयहरू रहेका छन् जसमा आन्तरिक तथा वाह्य आगन्तुकहरूको एक प्रमुख आर्कषणीय केन्द्रबिन्दु बनेको छ । यहाँ स्वदेशी तथा विदेशी पर्यटकहरूले दृश्यावलोकन, विविध वस्तु अध्ययन, अनुसन्धान तथा मनोरञ्जनको पक्ष रहेको पाइन्छ ।

विश्व पर्यटन संगठनले पर्यटन उद्योगलाई विश्वको प्रथम उद्योगसमेत मानेको छ । संयुक्त राष्ट्रसङ्घले पर्यटकलाई निम्न आन्तरिक र बाह्य पर्यटक गरी विभाजन गरेको छ ।

(क) आन्तरिक पर्यटक

आफ्नै देशभित्रका सामाजिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक जस्ता महत्त्वपूर्ण ठाउँहरूको भ्रमण गरी गरिने क्रियाकलापलाई आन्तरिक पर्यटन भनिन्छ । यस्ता पर्यटकीय क्रियाकलापमा संलग्न रहेका व्यक्तिहरूलाई आन्तरिक पर्यटक भनिन्छ ।

(ख) बाह्य पर्यटक

यात्रा गर्न इच्छुक पर्यटकलाई कुनै पनि बाहिरी देशको भ्रमणको व्यवस्था मिलाउने कार्य पर्यटन हो । आज यात्रा गर्नेहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भइरहेको छ बाहिरी देशका पर्यटकहरूलाई आफ्नो देशमा भएका प्राकृतिक स्रोत, सम्पदा तथा अन्य वस्तुको प्रवर्द्धन

गरेर सेवा प्रदान गर्ने क्रियाकलापलाई वाह्य पर्यटन भनिन्छ । यस्ता पर्यटन क्रियाकलापमा संलग्न व्यक्तिहरूलाई वाह्य पर्यटक भनिन्छ (भण्डारी, २०६८) ।

मानिस प्रत्येक क्षण वा दिनहरूमा फरक अनुभूति वा अनुभवहरू बाट आनन्द लिन चाहन्छ । मानिस सधैं आफू बसिरहेको ठाउँमा मात्रै रमाउँदैन, बरू अन्य ठाउँमा गएर आनन्द लिन चाहन्छ । फुर्सदको समयमा रमाइलोका लागि यात्रा गर्नु मानिसको जन्मजात विशेषता जस्तै भएको छ । पर्यटकहरू आफू पुगेको स्थानका मानिसहरूको व्यवहार एवम् आचरण आफूले चाहेको जस्तो वा आफूप्रति सहयोगात्मक होस् भन्ने चाहन्छन् । उनीहरू भरसक सुविधायुक्त ठाउँ, असल व्यवहार, स्तरीय खानपान आदिको चाहना राख्दछन् र त्यस्तै अनुसारको प्रयत्न गर्दछन् जुन व्वस्थापन गर्न पर्यटन उद्योगको महत्त्वपूर्ण भूमिका छ (शर्मा र खरेल, २०६८) ।

प्राचीन ढुङ्गेयुगदेखि नै मानिस आफ्नो जीविका चलाउन एक ठाउँबाट अर्को ठाउँमा आउने, जाने, बस्ने खालका क्रियाकलाप वा कामहरू मानिसको सभ्यता विकासको क्रमसँगै विकास भएको छ । यसरी मानव सभ्यता र संस्कृतिको विकाससँगै मानिसहरू रमणीइ क्षेत्रको यात्रा गर्ने क्रममा प्राकृतिक, सांस्कृतिक, धार्मिक, व्यापारिक वा सामूहिक रूपमा आफू बसिरहेको ठाउँबाट अर्को ठाउँमा यात्रा गर्ने क्रम नै आज पर्यटन व्यवसायको रूपमा विकास भएको छ (पोखरेल र कार्की, २०५५) ।

पर्यटन र पर्यटक शब्दको विश्वव्यापीकरणले आज सबै देशहरूमा आज सबै देशहरूमा प्रभाव पारेको छ । त्यसकारण उनीहरू देशभित्र तथा अन्तर्राष्ट्रिय रूपमा पनि यात्रा गर्न चाहन्छन् । आज विश्वव्यापीकरणको युगसँगै विश्वलाई एउटा गाउँको रूपमा महसूस गर्न सकिन्छ । आज निर्बाध रूपमा नै पर्यटकहरू एक देशबाट अर्को देशमा यात्रा तथा भ्रमण गर्न सक्दछन् (पोखरेल र कार्की, २०५५) ।

मानव निर्मित पर्यटकीय स्थल र प्राकृतिक रूपमा निर्मित प्राकृतिक स्थलहरूले पर्यटकलाई आकर्षण गर्दछ, जुन आज विश्वमा प्रशस्त छन् । खोलानाला, तालतलैया, छाँगाछहरा, डाँडाकाँडा, हिमचुचुरा, विभिन्न जातका वन्यजन्तु तथा वनस्पतिहरूले पर्यटक आगमनलाई बढाउँछ । बहुजाति, भाषा, धर्म, संस्कृतिले पनि बाह्य वा आन्तरिक पर्यटकहरूलाई आकर्षित गर्दछ (क्षेत्री र रायमाझी, २०५७) ।

पर्यटन व्यवसाय वा तालिमलाई संरक्षण गर्नको लागि विभिन्न ऐन कानूनहरू बनेको पाइन्छ (पुरी, २०५६) ।

केही ऐन, कानूनहरू निम्नानुसार छन्:

कम्पनी ऐन, इ. १९६४, औद्योगिक लगानी ऐन, इ. १९८१ (खत्री र खरेल, २०५५), प्राविधिक शिक्षा ऐन, वि.सं. २०४५, ट्राभल ट्रेकिङ्ग नियमावली, वि.सं. २०६२, पर्यटन ऐन, वि.सं. २०३५, होटल व्यवस्था तथा मदिरा बिक्री वितरण नियन्त्रण ऐन, वि.सं. २०२३

साथै विभिन्न उपभोक्ता ऐनहरू पनि बनेका छन् ।

विश्वमा वृद्धि हुँदै गइरहेको पर्यटनको विकाससँगै यस व्यवसायलाई धेरै मानिसहरूले आफ्नो आयआर्जनको स्रोतका रूपमा अपनाउँदै आएका छन् । रोजगारीको पहुँचदेखि टाढा रहेका वर्गहरूलाई 'रोजगारीको लागि सीप परियोजना' ले पर्यटन व्यवसायमा महिलालाई प्राथमिकता दिएको छ । यस व्यवसायबाट आत्मनिर्भर हुनुको साथै उनीहरूको जीवन यापनमा धेरै परिवर्तनहरू भएका छन् ।

## १.३ समस्याको कथन

पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयको भूमिका: (पोखरामा अवस्थित सङ्ग्रहालयहरूमा आधारित एक-अध्ययन) नामक शीर्षकमा शोध कार्य सम्पन्न गर्ने क्रममा उपत्यका प्राकृति सुन्दरताले भरिपूर्ण उपत्यका हो यहाँ विभिन्न खालका प्राकृतिक छटा, ताल, तलैया, गुफा, झरना छाँगा, नदीनाला, हरिया वनपाखा, समथर फाँट, सिमसार क्षेत्र, कोट, देउराली भञ्ज्याङ्गहरूले उपत्यकालाई अत्यन्तै पर्यटकीय आकर्षणीय गन्तव्य स्थल तुल्याएका छन् । प्राकृतिक सुन्दरताले मात्र भरिपूर्ण नभई यहाँ विभिन्न जातजाति, धर्म संस्कृति वहुभाषी, वहुसंस्कृति विविधतामा उत्तिकै सम्पन्नशाली छ ।

पोखरा उपत्यका विगतमा भन्दा हाल एकाईसौं शताब्दीमा आईपुग्दा आधुनिक प्रविधिको साथसाथै नयाँ नयाँ प्रविधियुक्त वातावरण तथा उपकरणको प्रभावले अत्यन्तै सु-सभ्य समाजमा विकसित भएता पनि यहाँ विभिन्न विकृतिहरू फैलिएको पाइन्छ । जनसङ्ख्याको तीव्र वृद्धिका कारण यहाँ अभाव तथा गरिवीको चपेटामा परेको छ । अत्यन्तै सवारी साधनहरूको चापले गर्दा वातावरण प्रदुर्षण फोहोर मैलाको राम्रो व्यवस्थापनको अभाव यहाँ देखिन्छ । विविध जातजातीका सांस्कृतिक परम्परा सम्पदा तथा प्राकृतिक स्रोतका दृष्टिले प्रचुर रूपमा सम्पन्नशाली हुँदा हुँदै सही उत्खननको अभाव रहेको पाइन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सही रूपमा प्रचारप्रसार हुन सकिरहेको छैन । धेरै भन्दा धेरै

प्रचारप्रसार हुन सकेको खण्डमा अझै स्वदेशी तथा विदेशी पर्यटकहरूको आवागमन वृद्धि हुन सक्ने सम्भावना तीव्र रूपमा देखिन्छ ।

आधुनिकताको नाउँमा यहाँ धेरै विदेशी फेशनको विकृति बढ्दो रूपमा रहेको छ । यहाँको हावापानी, सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक मूल्य मान्यतामा अत्यन्तै विकृति फैलदै लोपोन्मूख अवस्थामा रहेको पाइन्छ । त्यसैले यसलाई सही रूपमा जनसमुदायदेखि प्रशासनिक तहसम्म ध्यान जानु पर्ने अत्यावश्यक देखिन्छ । नेपाली संस्कृतिमा विदेशी संस्कृतिको प्रभाव परेकोले यहाँको स्थानीय प्राकृतिक सम्पदालाई लोप हुनबाट जोगाउन अत्यन्तै जरूरी देखिन्छ । प्राकृतिक सम्पदा एवं लोपोन्मुख वस्तुहरूको संरक्षण तथा सम्वर्द्धन तथा यिनै सङ्ग्रहालयको भूमिकामा अझ सशक्त र तदारुक्ताका साथ हुनुपर्ने देखिन्छ । त्यसैले यस सङ्ग्रहालयको बारेमा धेरै भन्दा धेरै अध्ययन अनुसन्धान हुनु जरूरी देखिन्छ । अध्ययन अनुसन्धानले स्थानीय सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन गर्नुका साथै फरक फरक किसिमका भेषभूषा, परम्परा, सामाजिक, सांस्कृतिक, धार्मिक तथा आर्थिक पक्षको प्रचार-प्रसारका साथै यी सम्पदाहरूको संरक्षण, सम्वर्द्धन तथा सङ्ग्रहालयको मूल्याङ्कन तथा भूमिकाको बारेमा विश्लेषणात्मक एक समाजशास्त्रीय अध्ययन आवश्यकता छ ।

साथै जति पनि दुर्लभ तथा लोपोन्मुख वस्तुहरू संरक्षण तथा सम्वर्द्धन गरी एक पुस्ताबाट अर्को पुस्तासम्म निरन्तरता दिनुपर्ने देखिन्छ । विविध किसिमका सांस्कृति तथा प्राकृतिक सम्पदाहरू पनि संरक्षण गर्नुपर्ने देखिन्छ । यसले गर्दा पर्यटन क्षेत्रलाई सम्वर्द्धन गर्न सकेमा धेरै भन्दा धेरै पर्यटक भित्र्याउन सकिन्छ जसले गर्दा पर्यटन व्यवसायमा आयआर्जन वृद्धि हुँदै जान सकिन्छ । पर्यटन क्षेत्र मानव समाजमा आधुनिक सभ्यता निर्माण गर्ने एउटा उत्पादन गर्ने माध्यम हो । यो सभ्य व्यक्तित्व निर्माण र आर्थिक विकासको लागि निकै महत्त्वपूर्ण क्षेत्रको रूपमा अघि बढेको छ । नेपाल अन्तराष्ट्रिय पर्यटनको लागि उचित गन्तव्यस्थल रहेको छ र यसलाई देशको आर्थिक अवस्था वृद्धि गर्नमा एउटा महत्त्वपूर्ण क्षेत्रको रूपमा पनि लिन सकिन्छ । पर्यटन क्षेत्र अन्तराष्ट्रिय मुद्रा साटफेर गर्ने मुख्य स्रोतको रूपमा पनि यो देशमा रहेको छ । सन् २०११ मा नेपालमा ६०,२,८,६७ पर्यटकको आगमन भएको थियो जुन अहिलेसम्मको सबैभन्दा वृहत रूपमा भएको पर्यटन आगमन हो ।

सङ्ग्रहालयको भूमिका अझ सशक्त हुनुपर्ने देखिन्छ । किन भने सङ्ग्रहालय भित्र संग्रहित दुर्लभ तथा लोपोन्मुख सांस्कृति, सामाजिक, धार्मिक तथा प्राकृतिक सम्पदाको

संरक्षण तथा सम्वर्द्धन गर्न सके उचित हुनेछ जसको लागि नीति नियम तथा योजनाहरू तर्जुमा भएता पनि व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । जसले गर्दा पर्यटन प्रवर्द्धनमा स्वतः नकरात्मक असर पर्न गई पर्यटन व्यवसायमा ह्रास आउने छ । जसको कारण बढ्दो जनसंख्या वृद्धि, कमजोर सरसफाई, भौगोलिक अवधारणा र प्राकृतिक सम्पदाको संरक्षणमा कमी अनि सहरी क्षेत्रमा बढ्दो फोहोर र कोलाहल ईत्यादि रहेको छ ।

पोखरामा अवस्थित सङग्रहालयको विकास तथा उचित नीति नियमको सरकारी तथा गैरसरकारी योजनाको कार्यान्वयनको अभाव भएकोले देखिन्छ यसलाई सम्बन्धित ठाउँबाट संरक्षण तथा सम्वर्द्धन हुन जरूरी छ । यहाँ कुनै सुक्ष्म र वृहत अध्ययन सङ्ग्रहालयको विकासको लागि अध्ययन भएको पाईंदैन जुन पर्यटन गन्तव्यको लागि अति आवश्यक आधारभूत संरचना हो । पर्यटन प्रवर्द्धनका लागि सङ्ग्रंहालयको भूमिकाले पनि पर्यटकको स्रोत पर्यटनको लागि गरिने उचित क्रियाकलापले बढी रूपमा पर्यटन प्रवर्द्धन विकासमा मुख्य भूमिका खेलेको पाइन्छ ।

**अनुसन्धानात्मक प्रश्नहरू:**

१. पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयहरूको भूमिका के रहेको छ ?

२. पर्यटन क्षेत्रमा यसले कस्तो फाइदा-बेफाइदा पुऱ्याएको छ ?

३. सङ्ग्रहालयमा बढी कस्तो खालका पर्यटकहरू आउने गर्दछन् ?

४. वार्षिक रूपमा पर्यटकहरूको आवागमन स्थिति कस्तो रहेको छ ?

५. सङ्ग्रहालयको मुख्य लक्ष्य तथा उद्देश्य के-के रहेको छ ?

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नानुसार रहेका छन् :

१. पोखराका सङ्ग्रहालयहरूको परिचयात्मक विवरण तयार गर्ने ।

२. सङ्ग्रहालयमा आउने विभिन्न पर्यटकहरूको सामाजिक-सांस्कृतिक पृष्ठभूमिको लेखाजोखा गर्ने ।

३. पर्यटन प्रवर्द्धनमा संङ्ग्रहालयको भूमिका विश्लेषण गर्ने ।

## १.५ अध्ययनको महत्त्व

पोखरा उप-महानगरपालिका भित्र विभिन्न क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सङ्ग्राहलयहरू पर्यटकहरूका लागि अत्यन्तै आकर्षकीय गन्तव्य स्थल भएको र यस सम्बन्धी कुनै पनि अध्ययन अनुसन्धान नभएकोले यो अध्ययन पर्यटकीय क्षेत्रका आधारमा उचित प्रचार-प्रसार हुन नसकेको तथा पर्यटन प्रवर्द्धनमा यसको अझ विस्तार एवम् व्यापकताका लागि सङ्ग्राहलयहरूको भूमिकाको अध्ययन तथा अनुसन्धान गर्नुपर्ने अत्यन्तै महत्त्वपूर्ण अवस्था देखिएको हुनाले नै सङ्ग्रहालयको अध्ययन तथा अनुसान्धान कार्यलाई अगाडि बढाईएको छ । यो अध्ययन तथा अनुसन्धानले विशेष गरेर पर्यटक तथा विद्यार्थीहरूका लागि अति नै महत्त्वपूर्ण बनेको छ किन भने सङ्ग्रहालयको सम्पूर्ण यर्थाथ अध्ययन अनुसन्धान कार्यबाट पारदर्शी बनेको छ । यस भित्र भएका जति पनि वस्तुहरूको जानकारीका साथ साथै विभिन्न फरक फरक सामाजिक, सांस्कृतिक, तथा व्यवस्थापन सम्बन्धी जानकारी उपलब्ध भएकोले यसको महत्त्व बढी देखिन्छ । पर्यटकहरूलाई आफ्नो देशमा भएका प्राकृतिक स्रोत, सम्पदा तथा अन्य वस्तुको प्रवर्द्धन गरेर सेवा प्रदान गर्ने गर्दछ । त्यसैकारण यो अध्ययन सबैभन्दा बढी पर्यटकहरूको लागि पनि महत्त्वपूर्ण देखिन्छ ।

फुर्सदको समयमा रमाइलोका लागि यात्रा गर्नु मानिसको जन्मजात विशेषता हुन्छ । पर्यटकहरू आफू पुगेको स्थानका मानिसहरूको व्यवहार एवम् आचरण आफूले चाहेको जस्तो वा आफूप्रति सहयोगात्मक होस् भन्ने चाहन्छन् । उनीहरू भरसक सुविधायुक्त ठाउँ, असल व्यवहार, स्तरीय खानपान आदिको चाहना राख्दछन् र त्यस्तै अनुसारको प्रयत्न गर्दछन् जुन व्स्थापन गर्न पर्यटन उद्योगको महत्त्वपूर्ण भूमिका छ (शर्मा र खरेल, २०६८) ।

प्राचीन ढुङ्गेयुगदेखि नै मानिस आफ्नो जीविका चलाउन एक ठाउँबाट अर्को ठाउँमा आउने, जाने, बस्ने खालका क्रियाकलाप वा कामहरू मानिसको सभ्यता विकासको क्रमसँगै विकास भएको छ । यसरी मानव सभ्यता र संस्कृतिको विकाससँगै मानिसहरू रमणीय क्षेत्रको यात्रा गर्ने क्रममा प्राकृतिक, सांस्कृतिक, धार्मिक, व्यापारिक वा सामूहिक रूपमा आफू बसिरहेको ठाउँबाट अर्को ठाउँमा यात्रा गर्ने क्रम नै आज पर्यटन व्यवसायको रूपमा विकास भएकोले पनि पर्यटन क्षेत्रका लागि अत्यन्तै महत्त्व रहेको छ ।

पर्यटन र पर्यटक शब्दको विश्वव्यापीकरणले आज सबै देशहरूमा आज सबै देशहरूमा प्रभाव पारेको छ । त्यसकारण उनीहरू देशभित्र तथा अन्तर्राष्ट्रिय रूपमा पनि यात्रा गर्न चाहन्छन् । आज विश्वव्यापीकरणको युगसँगै विश्वलाई एउटा गाउँको रूपमा

महसूस गर्न सकिन्छ । आज निर्बाध रूपमा नै पर्यटकहरू एक देशबाट अर्को देशमा यात्रा तथा भ्रमण गर्न सक्दछन् (पोखरेल र कार्की, २०५५) ।

पर्यटन व्यवसाय वा तालिमलाई संरक्षण गर्नको लागि विभिन्न ऐन कानूनहरू बनेको पनि हामी सामु यर्थाथ नै छ जुन केही ऐन, कानूनहरू निम्नानुसार छन्:

कम्पनी ऐन, इ. १९६४, औद्योगिक लगानी ऐन, इ. १९८१ (खत्री र खरेल, २०५५), प्राविधिक शिक्षा ऐन, वि.सं. २०४५, ट्राभल ट्रेकिङ्ग नियमावली, वि.सं. २०६२, पर्यटन ऐन, वि.सं. २०३५, होटल व्यवस्था तथा मदिरा बिक्री वितरण नियन्त्रण ऐन, वि.सं. २०२३ साथै विभिन्न उपभोक्ता ऐनहरू पनि बनेका छन् ।

विश्वमा वृद्धि हुँदै गइरहेको पर्यटनको विकाससँगै यस व्यवसायलाई धेरै मानिसहरूले आफ्नो आयआर्जनको स्रोतका रूपमा अपनाउँदै आएका छन् । रोजगारीको पहुँचदेखि टाढा रहेका वर्गहरूलाई 'रोजगारीको लागि सीप परियोजना' ले पर्यटन व्यवसायमा महिलालाई प्राथमिकता दिएको छ । यस व्यवसायबाट आत्मनिर्भर हुनुको साथै उनीहरूको जीवन यापनमा धेरै परिवर्तनहरू भएका छन् ।

यस अध्ययनले पर्यटन व्यवासायलाई, पर्यटक र त्यसमा संलग्न रोजगारी वर्ग, महिला, पाठक, जिज्ञासु तथा अनुसन्धानकर्ताको लागि अत्यन्तै महत्त्वपूर्ण साथै उपयोगी बन्न सकेको छ । र विभिन्न जातजातिहरूको धर्म, सांस्कृतिक, आर्थिक, सामाजिक सम्पदाहरूको प्रवर्द्धन तथा संरक्षण पनि गर्ने भएकोले सङ्ग्रहालयको अत्यन्तै महत्त्वपूर्ण भूमिका रहेकोले पनि यस अध्ययनले सम्पूर्ण पक्षलाई उपयोगी बन्न सफल रहेको छ ।

## १.६ अध्ययनको सिमाहरू

प्रत्येक अध्ययन अनुसन्धान निश्चित ठाउँमा, निश्चित अवधिमा निश्चित उद्देश्य प्राप्त गर्नका लागि गरिने भएकाले यही सीमाको आधारमा यो अध्ययन गरिएको छ । यो कार्य पर्यटन प्रवर्द्धन तथा संरक्षणका सम्बन्धमा गरिएकाले यसबाट प्राप्त परिणाम पनि सोही अनुसारको छ । यस अध्ययनको निम्न सिमाहरू रहने छन् ।

पोखरामा अवस्थित सङ्ग्रहालयमा आधारित अध्ययनमा सिमित रहने छ । पर्यटन सम्वर्द्धनमा सङ्ग्रहालयको भूमिका विश्लेषण गरिने छ । सङ्ग्रहालयको परिचय विश्लेषण गरिने छ । र पर्यटकहरूका लागि आर्कषणका पक्ष हेरिनुका साथै पर्यटकहरूको सामाजिक-सांस्कृतिक पृष्ठभूमिको लेखाजोखा गरिने छ ।

चार वटा सङ्ग्रहालयमा आधारित परिचय विवरण प्रस्तुत गरिने छ । सङ्ग्रहालय भित्रका विभिन्न सामाजिक, सांस्कृतिक, आर्थिक तथा धार्मिक पक्षलाई पनि समेटिने छ । साथै सङ्ग्रहालयमा आधारित आ-आफ्नै व्यवस्थापन पक्षलाई पनि समेटिएको छ । सङ्ग्रहालयमा आ-आफ्नै किसिमको नीतिनियम तथा व्यवस्थापन पक्षलाई उल्लेख भएकाले तिनीहरूको विश्लेषण तथा विवरण पनि तयार पारिने छ । पोखरामा अवस्थित ती सङ्ग्रहालयहरूमा फरक फरक ढङ्गबाट सञ्चालित भएकाले पनि फरक फरक तरिकाले नै विश्लेषण गरिएको छ ।

यसरी यस अध्ययन तथा अनुसन्धान कार्य पनि यसै सङ्ग्रहालयमा आधारित सिमित रहेर अध्ययन तथा अनुसन्धान कार्य तयार गरिएको छ ।

## १.७ आधारभूत मान्यता

पोखरामा अवस्थित सङ्ग्रहालयमा आधारित अध्ययनको मान्यतालाई निम्नानुसार उल्लेख गरिएको छ ।

(क) पोखरामा अवस्थित सङ्ग्रहालयहरू प्रमुख पर्यटक गन्तव्य हुन् ।

(ख) फरक फरक सामाजिक, सांस्कृतिक पृष्ठभूमि भएका पर्यटकहरू सङ्ग्रहालयमा आउने गर्दछन् ।

(ग) सङ्ग्रहालयलाई व्यवस्थित गर्न सके धेरै पर्यटकलाई आकर्षण गर्न सकिन्छ ।

(घ) सङ्ग्रहालयमा भएका जति पनि सांस्कृतिक पक्ष, सामाजिक पक्ष, आर्थिक पक्ष, धार्मिक पक्ष तथा व्यवस्थापन पक्षले गर्दा नै सङ्ग्रहालय सवल तथा दिर्घायु हुनेछ ।

(ङ) पर्यटन प्रर्वद्धन तथा संरक्षणमा सङ्ग्रहालयको भूमिका अत्यन्तै महत्त्वपूर्ण हुनेछ ।

# अध्याय-दुई

## साहित्य समिक्षा

### २.१ पर्यटनको अवधारणा

टुरिस्ट शब्दको विकास सन् १२९२ मा भएको र टुरिस्ट शब्द टुरिस्टको अर्थ एउटा वृत्त वा घुम्ने चक्काको रूपमा लिइन्छ । जसबाट टुरिस्ट शब्दको उत्पत्ति भएको मानिन्छ । जसलाई एक वृत्त वा चक्र भन्ने हुन्छ । कुनै पनि व्यक्ति एक स्थानबाट अर्को स्थान वा एक देशबाट अर्को देश प्रस्थान गरी नयाँ ठाउँ वा स्थानको भ्रमण गरेर आउने व्यक्तिनै टुरिस्ट वा पर्यटक हो भने उसले गरेका सम्पूर्ण क्रियाकलाप नै टुरिस्ट वा पर्यटन हो (सत्याल, २००२) । पर्यटन वा टुरिस्टलाई परिभाषित गर्ने व्यक्ति सर्वप्रथम सन् १९१० मा अष्ट्रियन अर्थशास्त्री हरम्यान वन सुलार्डले गरेका हुन् । त्यस परिभाषा अनुसार त्यतिवेलाको पर्यटन आर्थिक चरित्रको हुने गर्दथे (नेपाल राष्ट्र बैंक, पर्यटन विकास र व्यवस्थापन, २०५७) ।

### २.२ पर्यटनको प्रकारहरू

पर्यटनको विभिन्न प्रकारहरू रहेको हुन्छ जुन तल निम्नानुसार उल्लेख गरिएको छ । (१) पर्यावरणीय पर्यटन (२) मनोरञ्जनात्मक पर्यटन (३) सांस्कृतिक र धार्मिक पर्यटन (४) ऐतिहासिक पर्यटन (५) कृषि पर्यटन (६) खतरायुक्त पर्यटन (७) स्वास्थ्य पर्यटन (८) खेलकुद पर्यटन (९) व्यवसाय तथा सभा सम्मेलन पर्यटन (१०) अन्तरिक्ष पर्यटन आदि रहेको छ ।

### २.३ विश्वको पर्यटन सन्दर्भ

ब्रसेल्स विश्वविद्यालयका प्राध्यापक एडमन्ड पिकाईको अनुसार पर्यटनको मुख्य काम नै राष्ट्रका लागि विदेशी मुद्रा आर्जन गर्नु हो होटल व्यवसायीहरूमाथि रहन्छ (सत्याल, १९८८) । त्यसैगरी इन्टरनेशनल एसोसिएसन अफ साइन्टीफिक एक्सपोर्ट अन टुरिजम्ले परिभाषा गरेको स्विस् प्रोफेसर हुन्जिकर क्राफ्टका परिभाषा अनुसार कुनै स्थानमा स्थायी बसोबास र आर्थिक आर्जन नगर्नु उद्देश्यले गरिने भ्रमण र बसोबास सम्बन्धी सम्पूर्ण घट्नाक्रम नै पर्यटन हो (सत्याल, (१९८८) ।

त्यस्तैगरी सन् १९८१ इन्टरनेशनल एसोसिएसन अफ साइन्टीफिक एक्सपोर्ट अन टुरिजम्/सोसाईटीको आयोजनामा 'लिजर रियाक्शन टुरिजम्' विषयमा बेलायतको कार्डिफमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मलनमा गरिएको परिभाषा अनुसार 'पर्यटन भन्नाले घर

भन्दा बाहिरी वातावरणमा गरिएका निर्धारित विशेष गतिविधिहरूलाई जनाउँदछ ।' त्यो घरभन्दा बाहिर भएर रात बिताएर वा नबिताई पनि हुन सक्दछ ।

त्यसैगरी सन् १९९३ मा (डब्लु.टी.ओ.) ले पर्यटनका सम्बन्धमा 'टुरिजम् ईनक्याम्पस द एक्टिभिटिज अफ पर्सनल ट्राभेलिङ्ग टु एण्ड स्टेज इन प्लेस आउटसाईड दिएर युजल इनभाईरोमेन्ट फर नट मोर देन वन कन्डक्टिप ईएर फर लिजर विजनेस एण्ड अदर प्रपोज ।' यी परिभाषाहरूबाट के स्पष्ट हुन्छ भने पर्यटक त्यस्तो विषयमा मात्र सम्बन्धित हुन जान्छ जो घरबाट बाहिर स्वदेश वा विदेश छोटो अवधिको लागि यात्रा गर्दछ र उसले स्थायी बसोबास र कमाउने उद्देश्य नराखी मनोरञ्जन, स्वास्थ्य, अध्ययन वा भिन्न परिवेशको अनुभव बटुल्न पैसा खर्च गर्दछ ।

## २.४ नेपालको सन्दर्भमा पर्यटनको विकास

नेपालमा पर्यटनको विकास सन् १९५० पछि मात्र भएको पाइन्छ । पर्यटन र पर्यटनको इतिहास पुरानो नभए पनि यात्रा र भ्रमणको इतिहास भने मानव इतिहासको प्रारम्भदेखि नै भएको पाइन्छ । जहाँ मानिसहरू शिकार खोज्ने उद्देश्य लगायत विस्तारै धार्मिक र व्यापारिक उद्देश्यका लागि पनि भ्रमण गरेको पाइन्छ (क्षेत्री, २०५७) ।

पर्यटन विकासको सिमित आवश्यकता महसुश गरी सर्वप्रथम नेपाल सरकारले पयर्टन ऐन २०२१ लागु गऱ्यो । २०३५/०५३ गरी दुई पटक यस ऐन संशोधन भइसकेको छ । हाल जुन संशोधन सहित पर्यटन नीति २०६५ लागु भएको छ । यस ऐन नेपाल पर्यटन प्रशासनको मूल आधार हो । यसैको परिधिभित्र रही विभिन्न पर्यटकीय संघ संस्थाहरू स्थापना हुनुको साथै विभिन्न नीति नियमहरू पनि बनेका छन् । पर्यटन नीति २०६५ ले पर्यटनलाई नयाँ नेपालको मुख्य आर्थिक संवाहकका रूपमा उल्लेख गरेको छ (नाटा, २०१३) ।

नेपाल विदेशी पर्यटनहरूको लागि सन् १९५० पछि शुरु भएता पनि व्यवस्थित रूपमा २०१३ सालसँगै यस सम्बन्धित विकासको अवधारणा आएको हो । प्रथम पञ्चवर्षिय योजनामा पर्यटन विकासलाई समावेश गरी यसको विस्तारमा तिव्रता दिएको पाइन्छ । हाल नेपाल सरकारले नेपाल पर्यटन बोर्ड २०५३ स्थापना गरी पर्यटनसँग सम्बन्धित क्रियाकलापहरूलाई व्यवस्थित गरेको छ ।

## २.५ पोखराको ऐतिहासिक पर्यटन

पोखरामा पर्यटनको आगमन सर्वप्रथम १८९९ मार्च महिनामा जापानी भिक्षु इकाई कावागुची पोखराबाट मुस्ताङ हुँदै तिब्बत गएको पाइन्छ । यस क्षेत्रमा प्राकृतिक ताल, तलैया, गुफा, झरना, छाँगा, हरियाली प्रदुर्षण रहित प्राकृतिक सौन्दर्य, सांस्कृतिक एवं मौलिक जीवन, साना ठूला नदी नालाहरू थुनिएर बनेका ताल पोखरीहरू निर्माण भएको हुँदा पोखरा नामाकरण हुन गएको हो (नेपाल राष्ट्र बैंक, २०५७) ।

पोखरा एउटा यस्तो गन्तव्य स्थल हो जहाँ पर्यटकको लागि विभिन्न प्रकारका अनुभवहरू लिन मद्दत गर्दछ । जहाँ अवलोकनकर्ताहरूले प्रकृतिसित नजिकको र परम्परागत सांस्कृतिक कुराहरूलाई नजिकबाट अवलोकन गर्न मद्दत गर्दछ । त्यो बाहेक यो एउटा महत्त्वपूर्ण क्षेत्र हो जसले अन्तर्राष्ट्रिय मुद्रा आय गर्ने उद्योगको रूपमा पनि रहेको छ । टोनी हेगन स्वीर्जरल्याण्डका भूगोलविद् जो नेपाल धेरै पटक घुमेका छन् । उनले लेखेका छन्- ‘पोखरा क्षेत्रले वृहत रूपमा भौगोलिक विषमता देखाउँदछ । जहाँ हामीले विश्वका अग्ला शिखरहरू जुन ८ हजार मिटर भन्दा माथिका छन् त्यस्ता शिखरहरूलाई नजिकबाट अवलोकन गर्न सक्दछौं । भने साना गन्तव्य स्थलहरू र त्यस्ता उपयुक्त ठाउँहरू जुन हिमाली क्षेत्रबाट टाढा रहेका छन् । पोखरा विश्वको एउटा उल्लेखनीय उपयुक्त सुन्दर र अतुलनीय ठाउँको रूपमा रहेको छ ।” पोखरका अनौठा गन्तव्य स्थलहरू पर्यटकको लागि सन् १९६० भन्दा अघि एउटा अनौठो र अचम्म लाग्दो गन्तव्यको रूपमा रहेको थियो । पोखरामा पैदलयात्राको स्थापना ब्रिटीस गोर्खा अफिसरले सन् १९५० मा स्थापना गरेको इतिहास रहेको ६ हजार सन् १९५० भन्दा अगाडि राणा शासकहरूले नेपालमा अन्तर्राष्ट्रिय पर्यटकहरूलाई आगमनमा निषेध गरेको थियो ।

अध्ययन अनुसार १९५७ मा पोखरामा ११९ जना पर्यटक आएको पाइन्छ । पोखरामा आधुनिक पर्यटनको विकास १९६० पछि मात्र भएको हो । जहाँ सरकारले १९६१ मा पर्यटन सूचना क्षेत्र स्थापना गर्‍यो । सन् १९६० र १९७० बीच पोखराको लेकसाइड हाईपी हरूको लागि जो कम बजेटमा विश्वका विभिन्न ठाउँहरूको भ्रमण गर्दछन् । उनीहरूको लागि मनपर्ने गन्तव्य स्थलको रूपमा प्रसिद्ध थियो (डब्लुटीओ, १९९८) ।

## २.६ पूर्व साहित्य समिक्षा

नेपालमा पर्यटनसँग सम्बन्धित विभिन्न लेख कृतिहरू प्रकाशित भएका छन् । नेपालले पनि देशको विकास निर्माणमा पर्यटनले सकारात्मक भूमिका निर्वाह गर्ने भएकाले पर्यटन सम्बन्धी विभिन्न नीति नियमहरू बनाएको छ र हाल पर्यटनलाई एक उद्योगको रूपमा लिइएको पाइन्छ । विभिन्न विद्वान, लेखकहरूले पर्यटनसँग सम्बन्धित गरेका अध्ययन

अनुसन्धानबाट प्राप्त निष्कर्ष र तथ्यका आधारमा प्रकाशित कृतिले गहन भूमिका खेल्ने भएकोले ती सामग्रीहरूलाई पूर्वसाहित्य अध्ययनको रूपमा लिइएको छ ।

भाटिया, २००० को अर्को व्याख्या "पर्यटन विकास, नीति नियम र अभ्यास" मा देशबाट आर्थिक फाइदा नभएता पनि अन्तर्राष्ट्रिय मुद्रा कमाउने र साटासाट गर्ने क्रम र रोजगारीको अवसर बढाउँदै पर्यटनले सामाजिक र राजनैतिक अवधारणालाई बुझ्दै विकास गर्न अत्याधिक रूपमा अनुसन्धान वा सहयोग गरेको छ । विभिन्न देशहरूमा यात्रा गर्नु भनेको धेरै व्यक्तिहरूबीच उचित सम्ब्न्ध र उत्साह बढाउने गर्दछ । व्यक्तिगत रूपमा अन्तराष्ट्रिय समाजसँगको सम्बन्ध सधैं महत्त्वपूर्ण भूमिका खेल्दछ  जसले अरू भिभिन्न संस्कृति र सम्पदाको बारेमा विचार बढाउने गर्दछ । पर्यटन एउटा महत्त्वपूर्ण साधनको रूपमा रहेको छ जसले अन्तर्राष्ट्रिय समाजमा एक अर्कोको संस्कृति आदान प्रदान गर्ने र प्रवर्द्धन गर्न मुख्य भूमिका खेल्दछ । यात्राको क्रममा प्राप्त गरेको अनुभवको आधारमा व्यक्तिको स्वयम्को जीवनमा मात्र नभैकन खुल्ला समाजलाई एक रूपमा दिनमा पनि असर गर्दछ  यात्राले स्वस्थ्य वातावरणको निर्माण, अन्तर्राष्ट्रिय अवधारणागत बुझाई र अरू व्यक्तित्वहरूको जीवनलाई उत्साहित गर्दछ ।

पर्यटन त्यस्तो क्रियाकलापसँग सम्बन्धित छ जुन ती सबै तत्त्वहरूको  समूह हो । जुन निश्चित तत्त्वहरूसँग सम्बन्धित हुन्छ । भाटियाको अनुसार तीन वटा आधारभूत कुराहरूलाई सम्बन्धित गरिएको सछ । ती तीन आधारभूत तत्त्वहरू यातायात, स्थानीय र आवास हुन् । पर्यटकलाई आफ्नो यात्राको गन्तव्य स्थानमा पुग्नको लागि केही यातायाको आवश्यकता पनि जान्छ त्यसैले यो महत्त्वपूर्ण छ । यी यातायाको साधनहरूमा मोटर, कार, हवाइजहाज, पानी जहाज, रेल हुन सक्छन । जसले पर्यटकलाई आफ्नो गन्तव्य स्थलसम्म पुग्न मद्दत गर्दछ । स्थानीयले पर्यटकलाई उसको विदाको गन्तव्य स्थानसम्म पुऱ्याउन मद्दत गर्दछ । जसमा त्यो गन्तव्य स्थानहरूमा प्राकृतिक सुन्दरता जस्तै सूर्योदय, प्राकृतिक सुन्दरता, मजभूत सुविधाहरू आदि यसको आकर्षणको रूपमा रहेको हुन्छ । आवास अर्को आधारभूत तत्त्व हो जसले राम्रो खाना र राम्रो बसोबास प्रदान गर्ने गर्दछ । पर्यटकले आफ्नो गन्तव्यमा पुगीसकेपछि उसलाई त्यसलाई त्यस्तो बसोबासको आवश्यकता पर्दछ जहाँ उसलाई खाना र सुत्ने ठाउँको व्यवस्था हुन्छ (भाटिया, २०००) ।

रोविनसनका अनुसार पर्यटनको मुख्य आकर्षण भनेको वृहत भौगोलिक भूमिका, ठाउँ र सुलबता महत्त्वपूर्ण हुन्छ । शारीरिक क्षेत्र मात्र एउटा सोचमूलक तत्त्व हो । ती

व्यक्तिहरू जो जंगली जीवन र एकान्त नाट्य रूपरेखा र अदृश्यहरू प्रति लालायित हुन्छन् । जल र वनस्पतिजन्य कुराको ललित कलात्म्क र मनोरञ्जनात्मक मुख्य रहेको हुन्छ । मौसमी अवस्था विशेष रूपमा सूर्योदय, तापक्रम र सहभागिता सबै ठाउँहरू विशिष्ट हुन्छन् । जंगली जनावरको जीवन पनि एउटा महत्त्वपूर्ण आकषर्णको केन्द्रविन्दु रहेको छ । सर्वप्रथम चराहरूको अवलोकन गर्ने र उनीहरूको प्राकृतिक वानी व्यहोरा हेर्ने, दोस्रो मनोरञ्नात्म्क कार्यक्रम जस्तै माछा मार्ने, शिकार गर्ने आदि आकषर्णका केन्द्रविन्दु हुन् । मानसिहरू प्राकृतिक भूदृश्य जुन ठाउँले ऐतिहासिक पुरातात्विक कुराहरूलाई समेटेको हुन्छ र शासक तत्व कुराहरूलाई दर्शाउदछ । त्यस्ता भूदृश्य पनि मुखय केन्द्रविन्दुको रूपमा रहेको छ । अन्त्यमा भन्नु पर्दा सांस्कृतिक सम्पदाले भरिएका, पारस्पारिक विश्वास प्रदान गर्ने कलात्मक भावना प्रस्तुत गर्ने इत्यादि कुराहरूले पनि महत्त्वपूर्ण आकर्षणको कार्य गर्दछन् ।

पर्यटनको आधारभूत तत्वहरू तीन रूपमा नामाकरण गरिएको छ । यातायात, स्थानीय र आवास र पर्यटनका केही निश्चित तत्वहरू रहेका छन् । ती तत्वहरूले पर्यटन विकासलाई प्रगाढशिलता तर्फ लैजान्छ । ती तत्वहरू पर्यटनको आवश्यक केन्द्रविन्दुको रूपमा रहेका छन् । ती यस प्रकार छन् - (१) आनन्दमय मौसम (२) नाट्य रूपरेखा (३) ऐतिहासिक र सांस्कृतिक तत्व (४) सुलभता (५) सुविधा (६) आवास (भाटिया, २००० ए.डि.) ।

पर्यटन क्षेत्रले भ्रमणका क्रियाकलापहरूलाई अनिश्चित क्षेत्रलाई समेट्दछ । पर्यटनलाई सामान्यतया चार भागमा विभाजन गरेको छ । जुन यस प्रकार छन् । फुर्सदिलो पर्यटन (किनमेल, समान्य घुमघाम), मनोरञ्जनात्म्क पर्यटन (हिमाली दृश्यावलोकन, माछा मार्ने, पदयात्रा र ऱ्याफ्टिङ्ग आदि), सांस्कृतिक पर्यटन (शासन तत्व र ऐतिहासिक ठाउँहरू) र पर्यावरणीयक पर्यटन (चराचुरूङ्गीहरू र जंगली जनावरको जीवनको दृश्यावलोकन तस्वीर खिच्ने, प्राकृतिक दृश्यावलोकन) र वैज्ञानिक पर्यटन आदि (ई.सी.मोड, १९९५) ।

हिमाली पर्यटनलाई ईसीमोडले हिमाली साहसिक र आधारभूत संरचनात्मक रूपमा केन्द्रित गरिएको छ । “नेपालमा हिमाली पर्यटन” भन्ने शीर्षक दिएर हिमाली पर्यटनलाई केन्द्रीत गरिएको छ । यो हिमाली पर्यटनलाई एक मनोरञ्जनात्मक पर्यटनको रूपमा र सांस्कृतिक पर्यटन र पर्यावरणीय पर्यटनको रूपमा लिइएको छ । हालसालै आएर पर्यावरणीय पर्यटनले निकै नै महत्त्व पाएको देखिन्छ । पर्यटन र प्राकृतिक क्षेत्रहरूमा अहिले आएर पर्यावरणीय पर्यटनलाई परिचित गरी यसको र उपयोगको बारेमा सामान्य

जानकारीहरू बुझाउने कार्य भैरहेको पाइन्छ । केही वर्ष उता पर्यावरणीय पर्यटन सम्बन्धित धेरै नै व्यापारहरू गरिएको देखिन्छ । ती व्याख्याहरूमा प्राकृतिक पर्यटनदेखि सिमाविद् व्याख्यासम्म फरक-फरक रूपमा गरिएको पाइन्छ । जहाँ पर्यटकको क्रियाकलाप मात्र समाहित नभै त्यस्ता तत्त्वहरू जुन पर्यावरणीय क्षेत्रभित्र र दिगो पर्यटन विकासलाई पनि समावेश गरिएको व्याख्या गरिएको छ (कुनुवार, १९९७) ।

पर्यावरणीय पर्यटन धेरै मानिस र धेरै कुराहरूको कारण एउटा आकर्षक शब्दको रूपमा पाइएको छ । केही व्यक्तिहरूले त्यसलाई पर्यावरणीय रूपमा देखिन्छ । भने केही व्यक्तिहरूले यसलाई प्राकृतिक पर्यटनको पर्यावाची शब्दको रूपमा लिन्छन् । पर्यावरणीय पर्यटनले ती दुबै कुरालाई समावेश गर्दछ । तर त्यो कुरा क्रमवद्ध रूपमा अगाडि बढ्दछ । यसले दिगो प्राकृतिक स्रोतलाई जोड गर्दछ । पर्यावरणीय पर्यटन प्राकृतिक यात्रा जसले विस्तृत संरक्षण र दिगो विकासलाई जोड दिन्छ । यसरी हेर्दा पर्यावरणी पर्यटनको विकास सँगसँगै पर्यटनको धारणालाई एउटा आदर्श पर्यटन हुनुपर्ने आधार र ती सबै इच्छाहरूलाई समावेश गर्नु पर्दछ । यद्यपी कसैलाई पनि त्यो आदर्श र त्यो आदर्श पर्यटन विकासको अवस्थालाई कसरी संस्थागत गर्ने भन्ने कुरा थाहा नभएको देखिन्छ । (कुनुवार, १९९७) ।

हालसालै प्राप्त भएको जानकारी अनुसार नेपालमा पर्यटनबाट प्राप्त गरिने भरपुर फाईदाहरूको क्षमता जति पनि छ, त्यो आशा गरेभन्दा निकै नै कम पाइन्छ । किनकी सम्पूर्ण रूपमा हेर्दा देशको विकास कम भएको र देशमा उपलब्ध भएका उद्योग धन्दा सामानहरू ल्याउनुपर्ने अवस्थाले गर्दा कम फाइदा भएको पाइन्छ । पर्यटनको विकास र प्रवर्द्धन सँगसँगै यसले आम्दानीको स्रोत र रोजगारको अवस्थालाई विस्तार रूपमा विस्तृत गरेर बढाउने छ भन्ने कुरामा विश्वास गरिएको छ । नेपालको प्राकृतिक सुन्दरता सँगसँगै मुख्य रूपमा भन्नुपर्दा नेपालको उत्तरी क्षेत्रले देशको आधाभन्दा बढी ठाउँहरू ओगटेर धेरै पांकृतिक आकर्षणको रूपमा रहेको छ । तर त्यो ठाउँहरू विकास हुन नसकेको अवस्थामा पाइन्छ । पर्यटन विकास सँगसँगै ती “खोपा” जुन प्राकृतिक आकर्षणको केन्द्रविन्दुको रूपमा रहेका छन् । तिनीहरूले गरिवीको रेखामुनी रहेका क्षेत्रहरूमा आम्दानीको स्रोत र रोजगारीलाई बढाई गरिबी कम गर्न मद्दत गर्दछ । उचित योजनाले हिमाली प्रदेशको विकास गरी पर्यटन विकासमा यसले निर्माण गरेको आय आर्जन र रोजगारीको अवस्थालाई अगाडि बढाउन हिमाली क्षेत्रमा विस्तृत रूपमा मद्दत गर्दछ (ईसीमोड, १९९५) ।

प्रथम विश्वयुद्धको बेला एक ठाउँबाट अर्को ठाउँमा गरिने यात्रा अझ पनि समाजमा प्रभावशाली साना अंशको रूपमा रहेको थियो । पहिलो विश्वयुद्धले मानिसहरूलाई एक ठाउँमा गुम्साएर ४ वर्षसम्म राख्यो त्यसैको कारण आन्तरिक युद्ध वर्षमा अवरोधपूर्ण यात्रा हुन पुग्यो । त्यसपछि एक आनन्दको अनुभूति प्राप्त गर्ने अवसरको रूपमा आयो । त्यसपछि मात्र यात्रालाई पर्यटनको रूपमा अगाडि ल्याइयो । त्यही शताब्दीमा नै पर्यटन संस्थागत सवमा सुरुवात भयो (भाटिया, २०००) ।


दोस्रो विश्वयुद्ध पछि युरोपले पराजय व्यहोर्नु पर्‍यो । यु.एस.ए.ले युरोपियन देशहरूको पुनरूत्थान गर्नको लागि पर्यटनलाई आफ्नो योजना अन्तर्गत राख्यो जसलाई उसले विधिपूर्वक लैजान अगाडि प्रस्तुत गर्‍यो । यसले करोडौं डलर होटल र पर्यटकीय भवन निर्माणको कार्यका लागि पश्चिमी युरोपको लागि खर्च गर्न प्रदान गर्‍यो । पर्यटन पहिलो चोटी अर्थतन्त्रको विकासको यन्त्रको रूपमा प्रस्तुत भयो । थोरै जस्तो युरोपीयन देशहरूका राष्ट्रिय र अन्तराष्ट्रिय रूपमा पर्यटकलाई संस्थागतरूपमा स्थापना गरियो (वाग्ले, २०००) ।

# अध्याय-तीन

## अध्ययन विधि

### ३.१ अध्ययन क्षेत्र

पोखरा प्राकृतिक सौन्दर्यले भरिपूर्ण सुरम्य हावापानी तथा अन्य संगीत, कला, धर्म र संस्कृतिले समृद्ध शहरको रूपमा लिन सकिन्छ । यस वरपरका थुप्रै पहिचान नभई सकेका तथा भरखरै परिहचान गरिएका पर्यटकीय स्थलहरूको उपलब्धताका कारण पर्यटन पूर्वाधार विकास हुन सके पोखराको पर्यटन व्यवसाय अझ फस्टाउन सक्ने प्रचुर सम्भावना देखिन्छ । पदयात्राको मुख्य मार्ग अन्नपूर्ण-जोमसोम-मनाङको प्रवेशद्वारको रूपमा रहेको पोखरामा विभिन्न कला कौशल, प्राकृतिक सम्पदा तथा स्रोतहरूको भण्डार भएको पोखरामा अवस्थित विभिन्न स्थानीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सङ्ग्रहालयको भूमिकाको सेरोफेरोमा केन्द्रित रही उपयुक्त अध्ययन तथा अनुसन्धान अवलम्बन गरिएको छ ।



**अध्ययन क्षेत्र छान्नुका कारणहरू**

पोखरामा अवस्थित सङ्ग्रहालयहरूको परिचय दिने अभिप्रायले अनुसन्धान कर्ताको सङ्ग्रहालय प्रतिको विशेष रूचि तथा पर्यटन प्रवर्द्धन, सम्वर्द्धन तथा विकासको आवश्यकता भएकोले । सङ्ग्रहालयमा संग्रहित विभिन्न सामग्रीहरूको जानकारी राख्ने धारणाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पोखराका सङ्ग्रहालयहरूको बढी भन्दा बढी प्रचार-प्रसार तथा विस्तार हुन सकोस् भन्ने अवधारणाले हालसम्म पोखरामा भएका सम्पूर्ण सङ्ग्रहालयहरूको विष्तृत रूपमा अध्ययन तथा अनुसन्धान नभएको हुनाले यसै कारण पोखरामा अवस्थित यिनै चार वटा सङ्ग्रहालयमा सिमित रहेर अध्ययन तथा अनुसन्धान कार्य गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनको मुख्य जोड भनेको सङ्ग्रहालयको भुमिकाको अध्ययन तथा सङ्ग्रहालय भित्र संग्रहित सम्पूर्ण ऐतिहासिक अभिलेख, पुरातात्विक तथा महत्त्वपूर्ण सामग्रीहरू, अवशेषहरू एवम् प्राकृतिक लोपोन्मूख वस्तुहरूका साथसाथै परम्परागत सांस्कृतिक जगेर्ना गर्दै यस सङ्ग्रहालयमा आन्तरिक लगायत वाह्य पर्यटकहरू भित्र्याउनमा सहयोग तथा बढीभन्दा बदी प्रचारप्रसार गर्ने हेतु रहेको छ । यसै शिलशिलामा सङ्ग्रहालयको परिचयको साथै भूमिकाको अध्ययनको ढाँचा वर्णनात्मक एवं अनुसन्धानात्मक अनुसन्धान विधि छनोट गरिएको छ । वर्णनात्मक विधिले उक्त कार्यक्रमको सुक्ष्म विश्लेषण गरी पर्यटकहरूको सामाजिक, सांस्कृतिक लेखाजोखाको अध्ययन गरिएको छ ।

अनुसन्धनात्मक विधिले सङ्ग्रहालयको भूमिका एवं धारणा बुझ्न सहयोग गरिनुका साथै स्थलगत अध्ययनको निरीक्षण गरी उक्त निश्चित सङ्ग्राहलयको वर्तमान तथा भविष्यको अध्ययन तथा विश्लेषण गरिएको छ ।

## ३.३ समग्रता एवं नमुना छनौट

अनुसन्धानकर्ताले स्थलगत अध्ययन तथा अवलोकन अनुसार उक्त सङ्ग्रहालयमा आधारित रही अध्ययन गरिएको छ । पोखरामा अवस्थित चार वटा सङ्ग्रहालय समग्रता हो भने जसमा भेटिएका विदेशी उत्तरदाता ५६ जना र नेपाली उत्तरदाता ६४ गरी जम्मा १२० जना नै मेरो अध्ययन अनुसन्धानको नमुना छनौटभित्र पर्ने उत्तरदाताहरू हुन् ।

### ३.३.१ प्राथमिक स्रोत

अध्ययन अनुसन्धान कार्यको लागि एउटा भरपर्दो माध्यम वा स्रोतको रूपमा प्राथमिक स्रोतको आवश्यकता पर्ने हुँदा यस प्रश्नावली, अन्तरवार्ता र स्थलगत अवलोकन विधि प्रयोग गरिएको छ ।

### ३.३.२ द्वितीय स्रोत

अध्ययन अनुसन्धान कार्यको लागि एउटा भरपर्दो अर्को माध्यम द्वितीय स्रोतको हो । यसमा सरकारी योजनाका नीति नियम, पुस्तक, ईन्टरनेटबाट उपलब्ध सामग्रीहरू तथा मुख्य रूपमा सङ्ग्रहालयबाट उपलब्ध भएको तथ्याङ्क नै द्वितीय स्रोत रहेको छ ।

## ३.४ तथ्याङ्कको स्रोत एवं प्रकृति

स्तरीय सोध कार्यका लागि तथ्याङ्कको आवश्यकता हुनाले यथार्थता प्रष्ट्याउनको लागि सोध सही तयार हुन आवश्यक भएकोले अनुसन्धानकर्ताको निम्न स्रोतहरूको प्रयोग गरिएको छ ।

### ३.४.१ तथ्याङ्क सङ्कलन विधि

सत्यताको नजिक नपुगी प्राप्त गरिएको तथ्याङ्कले पूर्णता नगर्ने भएकोले यस अध्ययनलाई व्यवस्थित बनाउन भरसक कोशिस गरिएको छ जसका लागि निम्न विधि प्रयोग गरिएको छ ।

### ३.४.२ अवलोकन

प्रस्तुत अध्ययनको तथ्याङ्कको अर्को मुख्य स्रोत नै अवलोकन विधि हो । अवलोकन विधि प्रयोग गर्ने क्रममा पोखरामा अवस्थित विभिन्न संग्रहालयहरू भित्रका फरक फरक सामग्रीहरू तथा भेष भुषा, संस्कृतिको पहिचान दिने खालका वस्तुहरूको अवलोकनका साथै संग्रहालय भित्र विभिन्न प्रदर्शनी कक्षहरूमा अत्यन्तै मौलिक ढंगले सजाईएका सामग्रीहरू जसले गर्दा पर्यटकहरूलाई आकर्षणीय पक्ष बनेको छ ।

### ३.४.३ प्रश्नावली अनुसूची

प्रस्तुत अध्ययनको तथ्याङ्कको मुख्य स्रोत नै प्रश्नावली हो । पोखरामा अवस्थित विभिन्न संग्रहालयमा अवलोकन गर्न आउने स्वदेशी ६४ र विदेशी ५६ जना उत्तरदाताहरूसँग प्रश्नावली अनुसूची भराइएको छ । प्रश्नावली अनुरूप तथ्याङ्क संकलन गर्नु पूर्व उक्त प्रश्नावलीलाई पुनः परिक्षण गरिएको छ ।

### ३.४.४ अन्तरवार्ता

प्रस्तुत अध्ययनको तथ्याङ्कको मुख्य स्रोत नै अन्तरवार्ता हो । मुख्य सूचनादाताको रूपमा सङ्ग्रहालय प्रमुखसँग अन्तरवार्ता लिएर धेरै भन्दा धेरै जानकारी, सूचना वा तथ्याङ्क संकलन गरिएको छ जसले गर्दा यस अध्ययन अनुसन्धान कार्य ज्यादै सहज तथा सरल भएको छ ।

## ३.५ तथ्याङ्कको विश्वसनीयता एवं प्रमाणिकता

अनुसन्धानकर्ता सम्बन्धित स्थानमा पुगी स्थलगत अवलोकन तथा अध्ययन अनुसन्धान गरी तथ्याङ्क संकलन गरिएको छ र विभिन्न स्थानीय सामाजिक वुद्धिजिवी व्यक्तिहरूसँग सल्लाह, सुझाव तथा मुख्य सूचनादाता अर्थात् सङ्ग्रहालय प्रमुखसँग अर्न्तवार्ताको माध्यमबाट सत्य तथ्य सूचनाका आधारमा तथ्याङ्क संकलन गरिएको छ जसबाट तथ्याङ्कको विश्वसनीयता र प्रमाणिकतामा सक्षम तथा सवल पक्ष बनेको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण एवं प्रस्तुतीकरण

शोधकार्यमा प्रस्तुत गर्नुपर्ने तथ्याङ्कलाई दुई किसिमले प्रस्तुत गरिएको छ । अधिकांश वर्णनात्मक नै रहेको छ भने आवश्यकता अनुरूप क्रमवद्ध गरी तालिका, चित्र सूची, अध्ययन क्षेत्रको नक्साको आधारमा विश्लेषणात्मक ढंगको संख्यात्मक तथा गुणात्मक तथ्याङ्कलाई नै प्राथमिकताका साथ प्रस्तुत गरिएको छ ।

# अध्याय-चार

## सङ्ग्रहालयको परिचयात्मक विवरण

### ४.१ गोर्खा मेमोरियल सङ्ग्रहालय

प्रकृतिको धनी सुन्दर नगरी पोखरामा अवस्थित विश्व प्रसिद्ध वीर गोर्खालीहरूको इतिहासलाई जीबन्त राख्ने प्रयासरत पर्यटकहरूको लागि आकर्षक स्थलको रूपमा देश विदेशमा परिचित भएको यस "गोर्खा मेमोरियल सङ्ग्रहालय" एक हो । यो सङ्ग्रहालयको स्थापना सन् १९९४ मा भिक्टोरिया क्रसको उपलक्ष्यमा सम्मान कार्यक्रममा वि.पी. कोइराला प्रधानमन्त्रीको पालामा गोर्खा मेमोरियल ट्रस्टको स्थापना गरिएको हो । यस एक्स सर्भिसको लागि गोर्खा कल्याणकारी संस्थाले हेर्ने गर्दछ । यो सङ्ग्रहालय वृटिस क्याम्पको परिसरमा एउटै भवनको तेस्रो तल्लासम्म भएको भवन निर्माण कार्य सन् २००४ मा मात्र सम्पन्न भएको हो । विशेषगरी यस"गोर्खा मेमोरियल सङ्ग्रहालय" नेपाली पुर्खाहरूको एक चिनारी हो अर्थात् वीर गोरर्खालीहरूको ऐतिहासिक जिवन्त स्मरण हो, जहाँ नेपालीहरूले विभिन्न समय परिस्थितिमा सामना गरेका वीरता, अमरता तथा साहसिक कार्यको सम्पूर्ण ईतिहासदेखि वर्तमानसम्मको गतिविधि वा क्रियाकलाप समेटिएर राखिएको सङ्ग्र नै"गोर्खा मेमोरियल सङ्ग्रहालय" हो । (नेपाल-अंग्रेज युद्ध १८१४-१८१६) राज्यक्षेत्र (उपनिवेश) विस्तार गर्ने तत्कालिन अंग्रेज नीतिमा नेपालले पनि सामना गर्नु पर्‍यो । नेपाल र भारत सिमा क्षेत्रमा भएका स-साना युद्ध मध्ये अक्टुवर १८१४ को कालुङ्गा, नालापानी, देहरादुनमा भएको अंग्रेज जेनेरल जिलेस्पी र नेपाली सेनापति बलभद्र कुँवरको लडाई विशेष भनि इतिहासले मानेको छ । उक्त युद्धमा नेपाली फौजहरूले ज्यान गुमाएका थिए । नेपालका तत्कालिन सेनाधिपति अमरसिंह थापाले भारतमा रहेका अंग्रेज फौज पहाडी लडाईमा निपूर्ण छन् भन्ने सेचेका पनि थिएनन् तर उनीहरू अन्दाज गरेको भन्दा धेरै शक्तिशाली, भएको पाएपछि सन् १८१५ मा अंग्रेज पल्टन (ईष्ट इण्डिया कम्पनी) सँग "सुगौली सन्धी" भयो । यसरी नेपालीले झण्डै २०० वर्ष इण्डिया र ब्रिटिस फौजमा सेवा गरेका छन् ।

ऐतिहासिक प्रर्दशनी कक्षः यस सङ्ग्रहालयको भुईतलामा रहेको कक्षमा नेपाल र गोर्खा साथै सन् १८१२-१५ को नेपाल अंग्रेज युद्ध, सुगौली सन्धी लगायत हालसम्मका अवस्थाहरू क्रमिक रूपले प्रर्दशनी गरिएको छ । करिब २०० वर्ष पुरानो गोर्खालीहरूको ऐतिहासिक विभिन्न युद्धहरूको तत्कालिन तस्वीरहरू पोशाकहरू बहादुरी पदकहरू, हात हतियार तथा विभिन्न अवस्थाका फरक परक किसिमका सञ्चार सामाग्रीहरूलाई सुरक्षित तथा संरक्षण गरिएको छ । जसले त्यसबेलाको घट्नाहरूको प्रस्ट रूपमा देख्न तथा बुझ्न सकिन्छ । ती विभिन्न कालखण्डका सामाग्री तथा पोशाकहरूको प्रदर्शन हेर्दा त्यसबेलाको

नेपाली साहसी वीरपुरूषहरूको वीरता झल्किएको पाईन्छ । साथै रंगीन विद्युतीय ध्वनीतरंगको माध्यमसंगै भ्रमण गर्न सकिन्छ ।

पैदल फौजहरूको प्रदर्शनी कक्षः यस कक्षमा पुरानो तथा नयाँ बृटिस गोर्खा रेजिमेन्टहरू, स्वतन्त्र भारतमा विभाजन गरिएका पल्टनहरू र पछि खडा भएका इन्फेन्ट्री रेजिमेन्टहरूको ऐतिहासिक युद्धरत समय र ब्यारेकमा रहदाको दैनिक जीवन लगायतका ऐतिहासिक तस्वीरहरू पहिरन र कष्टमका कुराहरू क्रमिक रूपले प्रदर्शन गरिएको छ भने रंगीन विद्युतीय ध्वनीतरंगको माध्यमबाट मार्चपाष्ट ध्वनीहरूको साथमा युद्धकालिन वृत्तचित्रहरूको (डकुमेन्ट्री) प्रदर्शनी भइरहेको देख्न सकिन्छ ।

विशेष सहयोगी पल्टनहरूको प्रदर्शनी कक्षः यस कक्षमा बृटिस-इन्डिया विभाजन पश्चातको युद्धकालीन समयानुसार खडा भएका साना-ठूला र हालसम्म कार्यरत बृटिस सिङ्गापुरमा अवस्थित पल्टनहरूको युद्ध तथा सामान्य कालको पल्टनहरूको आ-आफ्ना इतिहासलाई विस्तृत जानकारी दिने साथै आधुनिक र सञ्चार माध्यमहरूको विकास पूर्व पल्टनमा प्रयोग गरिएको सञ्चार सामाग्रीको प्रदर्शनी साथै मार्चपाष्ट ध्वनीतरङ्गको साथमा भ्रमण गर्न सकिन्छ ।

अन्य प्रदर्शनी कक्षः गोर्खालीहरूको इतिहासलाई झल्काउने विभिन्न प्रकारका खुकुरीहरू, तथा चन्दा दाताहरूको नामावली तथा ऐतिहासिक तस्वीरहरू पनि प्रदर्शन गरिएको छ ।

सङग्रहालयमा पर्यटकहरू विशेष गरेर आश्विन, कार्तिक, मंसिर, पौष तथा माघ महिनामा बढी आउने गर्दछन् । र अन्य महिनाहरूमा केही मात्रामा आउने गर्दछन् र सबै भन्दा बढी विद्यार्थी पर्यटकहरू नै आउने गर्दछन् ।

यस सङ्ग्रहालयमा विशेष वैठक कोठा, शौचालय र खुल्ला पार्किङ्ग ठाउँ प्रशस्त छन् । साथै वातावरण ज्यादै शान्त, स्वच्छ तथा सफा रहेको छ । पर्यटकहरूका लागि ईन्टरनेट तथा वाईफाईको पनि राम्रो सुविधा रहेको छ । सङ्ग्रहालय भ्रमण गर्न विदेशीहरूको लागि प्रवेश शुल्क रू. २००।-, सार्क देशका लागि रू. १००।- र नेपालीहरूका लागि रू. २०।- प्रवेश शुल्क निर्धारण गरिएको छ भने शैक्षिक भ्रमणमा आउने विद्यार्थीहरूलाई विशेष छुटको व्यवस्था पनि रहेको छ । यस सङ्ग्रहालयमा आफ्नै नीति नियम अनुसारबाट नै व्यवस्थापन तथा प्रर्दशन गरिएको छ । यस सङग्रहालयमा ७ जना कर्मचारीहरू कार्यरत रहेका छन् ।

सन् २००१ मा पोखरामा स्थानान्तरण भएदेखि सङ्ग्रहालय सञ्चालनको लागि मेजर यामबहादुर गुरूङको अध्यक्षतामा ११ सदस्यीय कार्य समिति गठन भई सक्रिय रूपमा लागी परेको छ । निर्माणका लागि मेजर जुदबहादुर गुरूङ तथा सङ्ग्रहालयलाई दैनिक सञ्चालन गर्न व्यवस्थापक क्या.डमरबहादुर गुरूङ तथा सहयोगीहरू कार्यरत रहेका छन् । सङ्ग्रहालय हप्ताको सातौं दिन नै खुल्ला रहन्छ ।

# गोर्खा मेमोरियल सङ्ग्रहालयका केही तस्विरहरू

गोर्खा मेमोरियल सङग्रहालयको तस्विर




ग्यालरी विभागको प्रदर्शनी कक्ष



ऐतिहासिक तस्विर तथा पदकहरू



ऐतिहासिक युद्धकालिन तस्विरहरू



तालिका नं. ४.१

**गोर्खा मेमोरियल सङ्ग्रहालयको**
**पर्यटक तथ्याङ्क विवरण (२०६२/०६३-२०७०/०७१)**

| सङ्ग्रहालय | वर्ष | विद्यार्थी | नेपाली | विदेशी | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | सार्क मुलुक | अन्य | |
| **गोर्खा मेमोरियल सङ्ग्रहालय** | ०६२/०६३ | ११११४ | ३०८१ | ६०८ | ९६० | ५७६३ |
| | ०६३/०६४ | १२२० | ३६२८ | ३०४ | ८५७ | ५७६३ |
| | ०६४/०६५ | २३३७ | ४८५९ | ५८३ | १६७८ | ११५२६ |
| | ०६५/०६६ | ३९४२ | ७६३१ | ९०० | २५३३ | २३०५२ |
| | ०६६/०६७ | ४८९० | ८०४७ | ११६१ | २९७६ | ४६१०४ |
| | ०६७/०६८ | ७९३५ | ९५३३ | १९४६ | ४२५६ | ९२२०८ |
| | ०६८/०६९ | ७७५९ | ११६७६ | ३१६१ | ५१०५ | १८४४१६ |
| | ०६९/०७० | ७९४८ | १३२०१ | ४०७४ | ५००४ | ३६८८३२ |
| | ०७०/०७१ | ८८६१ | १५५०६ | ४९७२ | ५८७० | ७३७६६४ |
| | **जम्मा** | ४६००६ | ७७१६२ | १७७०९ | २९२३९ | १४७५३२८ |

*स्रोतः गोर्खा मेमोरियल सङ्ग्रहालय २०७१ ।*

गोर्खा मेमोरियल सङ्ग्रहालयको वार्षिक तालिका नं ४.१ मा माथि उल्लेखित ०६२/०६३ देखि ०७०/०७१ सम्मको पर्यटक तथ्याङ्क विवरण अनुसार विद्यार्थी पर्यटक संख्या जम्मा ४,६००,६ रहेको छ भने नेपाली पर्यटकको संख्या जम्मा ७७,१,६२ जना र सार्क मुलुकको संख्या १७,७,०९ र अन्य संख्या २९,२,३९ गरी विदेशी पर्यटकको संख्या जम्मा कुल ४६,९४८ जनाको संख्यामा रहेको छ । यसरी ०६२/०६३ देखि ०७०/०७१ सम्मको पर्यटक तथ्याङ्क विवरण अनुसार सम्पूर्ण पर्यटकको कुल संख्या १४,७५,३,२८ जना रहेको छ । यसरी हेर्दा सबै भन्दा कम पर्यटकको संख्या ०६२/०६३ देखि ०६३/०६४ सम्ममा पर्यटक संख्या जम्मा ५७६३ रहेको छ भने सबै भन्दा बढी पर्यटक संख्या ०७०/०७१ मा नै रहेको देखिन्छ । सङ्ग्रहालयको पर्यटकीय तथ्याङ्क विवरण अनुसार सम्पूर्ण पर्यटकको कुल संख्या ७,३७,६,६४ रहेको छ ।

## ४.२ अन्नपूर्ण ऐतिहासिक प्राकृतिक सङ्ग्रहालय (पुतली सङ्ग्रहालय)

प्रकृतिको धनी सुन्दर नगरी पोखरामा अवस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्गत पर्ने पृथ्वीनारायण क्याम्पसको हाताभित्र अवस्थित रहेको यस “ऐतिहासिक प्राकृतिक सङ्ग्रहालय” अर्थात् पुतली सङ्ग्रहालय हो । यो सङ्ग्रहालयको स्थापना वि.सं. २०२३ साल सन् १९६५ मा स्थापना भएको हो । एक्याप अर्थात् अन्नपूर्ण प्रकृति संरक्षण कोषद्वारा सञ्चालित रहेको छ । यो तत्कालिन अमेरिकी निवासी डोरेक्ष मिरो सङ्ग्रहालय क्युरेटरले दश हजार अमेरिकी डलरबाट लगानी भएको कुरा बुझिन्छ । यस मुख्य लक्ष्य वा उद्देश्य भनेको “प्रकृति संरक्षण गर्नुपर्छ” भन्ने आशयलाई मनन् गर्दै प्रकृतिमा रहेका चिजहरू जति पनि छन्, ती सबै चिजहरू यो मानव जीवनमा प्रत्यक्ष रूपमा प्रभाव पारेको हुनाले मानव र प्रकृतिको बीचको सम्बन्धलाई अझ उजागर गर्नको निम्ती त्यो सम्बन्धलाई अझ नजिकबाट बुझाउनका निम्ती यो सङ्ग्रहालयको स्थापना भएको हो र यस सङ्ग्रहालय भ्रमण गर्नको लागि कुनै पनि स्वदेशी तथा विदेशीहरूको लागि प्रवेश शुल्क भने निशुल्क रूपमा व्यवस्था रहेको छ । यस सङ्ग्रहालयमा १६०० प्रजातीका पुतलीका प्रकारहरू राखिएका छन् । यसमा प्रत्येक कक्षमा छुट्टा छुट्टै प्रकारले सजाईएको पाईन्छ । यस सङ्ग्रहालयमा ५ वटा प्रदर्शनी कक्षहरू रहेका छन् ।

पहिलो प्रदर्शनी कक्षः यस कक्षमा जंगल सम्बन्धी विभाग रहेको छ जहाँ विभिन्न ठाउँ वा वन जङ्गलमा पाईने जङ्गली जनावरहरूको क्रमबद्ध मिलाएर राखिएको छ । जहाँ हिमाल, पहाड, तराईका विभिन्न हावापानीमा पाईने वन्यजन्तुहरूको अवलोकन गर्न सकिन्छ ।

दोस्रो प्रर्दशनी कक्षः यस कक्षमा चराचुरङ्गी र ढुङ्गाको संग्रह रहेको छ जुन नेपालका हावापानीमा पाईने विभिन्न प्रजातीका चराचुरङ्गीहरूको संग्रह अत्यन्तै प्रकृतिमय वातावरणमा सजाईएको पाईन्छ । हिमाल, पहाड र तराईका विभिन्न ठाउँहरूमा पाईने बन्यजन्तु तथा चराचुरङ्गीहरू संग्रह रहको देख्न सकिन्छ ।

तेस्रो प्रर्दशनी कक्षः यस कक्षमा हस्तकला सम्बन्धी सामग्रीहरूको अवलोकन गर्न सकिन्छ । जुन अति प्रकृतिमय देख्न सकिन्छ ।

चौथो प्रर्दशनी कक्षः यस कक्षमा अन्नपूर्ण संरक्षण क्षेत्र प्लानिङ्ग क्षेत्र प्रोजेक्ट सूचना रहेको छ । यसमा एक्यापको बारेमा विस्तृत जानकारी लिन सकिन्छ । र विभिन्न सामाजिक कार्यहरूको प्रत्यक्ष रूपमा अवलोकन गर्न सकिन्छ ।

पाँचौं प्रर्दशनी कक्षः यस कक्षमा विशेष गरेर पुतली विभाग रहेको छ । यस कक्ष वा विभागमा १६०० प्रजातीका पुतलीहरू देख्न सकिन्छ । यो पुतलीका प्रजातीहरू पनि विभिन्न ठाउँहरूका पाईने विभिन्न हावापानीमा बाँचेका पुतलीहरू अवलोकन गर्न सकिन्छ । यस सङ्ग्रहालयको मुख्य विशेषता भनेको नै प्रकृतिलाई कसरी जोगाउन सकिन्छ भन्ने उद्देश्यले नै यस सङ्ग्रहालयको स्थापना भएको कुरामा जोड दिइएको पाइन्छ ।

सङग्रहालयमा पर्यटकहरू विशेष गरेर आश्विन, कार्तिक, मंसिर, पौष तथा माघ महिनामा बढी आउने गर्दछन् । र अन्य महिनाहरूमा केही मात्रामा आउने गर्दछन् र सबै भन्दा बढी विद्यार्थी पर्यटकहरू नै आउने गर्दछन् ।

यस सङ्ग्रहालयमा विशेष गरेर पश्चिमाञ्चल क्षेत्रकै सबैभन्दा ठूलो विश्वविद्यालयको रूपमा रहेको पृथ्वीनारायण क्याम्पसको हाता भित्र रहेको छ । यो सङ्ग्रहालय अत्यन्तै ज्ञानवर्द्धक, रोचक तथा प्रकृतिमय रहेको पाईन्छ । सङ्ग्रहालय पृथ्वीनारायण क्याम्पसको परिसरमा भएकोले यो अत्यन्तै महत्त्वपूर्ण रहेको छ । सङ्ग्रहालय भित्र कर्मचारी विभाग, विभिन्न प्रर्दशनी कक्षहरू छुट्टा छुट्टै रहेका छन् । शौचालय र खुल्ला ठाउँ प्रशस्त छन् । साथै वातावरण ज्यादै मनोमहक, शान्त, स्वच्छ तथा सफा रहेको छ । सङ्ग्रहालय भ्रमण गर्न निशुल्क प्रवेश गर्न सकिन्छ । यस सङ्ग्रहालयमा आफ्नै नीति नियम अनुसारबाट नै व्यवस्थापन तथा प्रर्दशन गरिएको छ । यस सङग्रहालयमा ४ जना कर्मचारीहरू कार्यरत छन् ।

सङ्ग्रहालय हप्ताको छटौं दिन खुल्ला रहन्छ भने शनिबार बाहेक सार्वजनिक विदाहरूमा पनि खुल्ला नै रहन्छ ।

# अन्नपूर्ण ऐतिहासिक प्राकृतिक सङ्ग्रहालयका केही तस्विरहरू

अन्नपूर्ण ऐतिहासिक प्राकृतिक (पुतली) सङ्ग्रहालयको तस्विर




अन्नपूर्ण क्षेत्रमा पाईने विभिन्न प्रजातीका पुतलीहरू

व्यवस्थित तरिकाले राखिएका विभिन्न प्रजातीका पुतलीहरू

अन्नपूर्ण क्षेत्र वरिपरी पाईने दुर्लभ वस्तुहरू तथा पुतलीका प्रकार



तालिका नं.: ४.२

**अन्नपूर्ण ऐतिहासिक प्राकृतिक (पुतली सङ्ग्रहालय) मा आउने पर्यटक तथ्याङ्क विश्लेषण (२०६२/०६३-२०७०/०७१)**

| सङ्ग्रहालय | वर्ष | विद्यार्थी | नेपाली | विदेशी | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | सार्क मुलुक | अन्य | |
| **अन्नपूर्ण ऐतिहासिक प्राकृतिक (पुतली) सङ्ग्रहालय** | ०६२/०६३ | ७,९५० | १२,३४० | ८५० | ७४२ | २१,८८२ |
| | ०६३/०६४ | ६,७९० | १८,५३० | ६८० | ८९० | २६,८९० |
| | ०६४/०६५ | ८,९० | १६,८९० | ७५० | ६४० | १८,३७८ |
| | ०६५/०६६ | ७,३१३ | १७,११५ | ३५२ | ८९३ | २५,३५६ |
| | ०६६/०६७ | ९,५३० | १५,८५० | ५१० | ९,५० | २५,३५६ |
| | ०६७/०६८ | ११,८८० | १०,२०३ | ५१६ | १,१४० | २३,७३९ |
| | ०६८/०६९ | ६,०२३ | १२,५१२ | ५६१ | ८७२ | १९,९६८ |
| | ०६९/०७० | ५,१५८ | ११,३९१ | १२० | ९०७ | १७,५७६ |
| | ०७०/०७१ | ५,९१८ | १०,४५१ | ५४० | ९३६ | १७,८४५ |
| | **जम्मा** | ६०,६६० | १२५,२८२ | ४८७९ | ७,०७९ | १९६,९९० |

*स्रोतः अन्नपूर्ण ऐतिहासिक प्राकृतिक (पुतली) सङ्ग्रहालय २०७१ ।*

अन्नपूर्ण ऐतिहासिक प्राकृतिक (पुतली) सङ्ग्रहालयको वार्षिक तालिका नं ४.२ मा माथि उल्लेखित ०६२/०६३ देखि ०७०/०७१ सम्मको पर्यटक तथ्याङ्क विवरण अनुसार विद्यार्थी पर्यटक संख्या जम्मा ६०,६६० रहेको छ भने नेपाली पर्यटकको संख्या जम्मा १२५,२८२ जना र सार्क मुलुकको संख्या ४८७९ र अन्य संख्या ७०७९ गरी विदेशी पर्यटकको संख्या जम्मा कुल ११,९५८ जनाको संख्यामा रहेको छ । यसरी ०६२/०६३ देखि ०७०/०७१ सम्मको पर्यटक तथ्याङ्क विवरण अनुसार सम्पूर्ण पर्यटकको कुल संख्या १९६,९९० जना रहेको छ । यसरी हेर्दा सबै भन्दा कम पर्यटकको संख्या ०६९/०७० मा पर्यटक संख्या जम्मा १७,५७६ रहेको छ भने ०६३/०६४ मा पर्यटकको सबै भन्दा बढी संख्या २६,८९० जना रहेको देखिन्छ । सङ्ग्रहालयको पर्यटकीय तथ्याङ्क विवरण अनुसार सम्पूर्ण पर्यटकको कुल संख्या १,९६,९९० रहेको छ ।

## ४.३ क्षेत्रीय सङ्ग्रहालय

अत्यन्तै सुन्दर रमरणीय नगरी पोखरा, नयाँबजारमा अवस्थित २३ रोपनीको क्षेत्रफलमा “क्षेत्रीय सङ्ग्रहालय” को स्थापना वि.सं. २०४१ माघ २३ गते उद्घाटन भएको हो । त्यही दिन यो सङ्ग्रहालय स्थापनाका साथ साथै सर्वसाधरणका लागि खुला गरिएको हो । यो सङ्ग्रहालय नेपाल संस्कृति मन्त्रालय विभाग अन्तर्गत सञ्चालित रहेको छ । र नेपाल सरकारको नीति तर्जुमा अनुसार सबै क्षेत्रमा एक-एक वटा सङ्ग्रहालय स्थापना गर्ने उद्देश्य अनुरूप पश्चिमाञ्चल क्षेत्र पोखरामा यस क्षेत्रीय सङ्ग्रहालयको स्थापना भएको हो ।

यस सङ्ग्रहालय विशेष गरेर पश्चिमाचलमा विभिन्न जात जातिहरूको सामाजिक जीवन, धार्मिक जीवन, आधुनिक जीवन परम्पराको पहिचानलाई समेटिएर त्यसलाई दर्शाउने हिसाबले खोलिएको सङ्ग्रहालय हो । अर्थात् लोपोन्मूख सास्कृतिक आर्थिक, धार्मिक जीवनसँग सम्बन्धित मौलिक वस्तुहरू संरक्षण गर्ने मुख्य उद्देश्य नै यस सङ्ग्रहालयको हो ।

यस सङ्ग्रहालयमा ४ वटा भवन रहेको छ विशेष गरेर ३ वटा प्रर्दशनी कक्ष रहेको छ । यो सङ्ग्रहालय पश्चिमाञ्चलका विभिन्न जात जातिहरूको सामाजिक जीवन, धार्मिक जीवन, आधुनिक जीवन तथा परम्पराहरूलाई समेटिएर त्यसलाई दर्साउने हिसाबले खोलिएको हो ।

पहिलो प्रर्दशनी कक्षः यस कक्षमा विभिन्न जात जातिहरूको भेष-भूषा प्रदर्शन गरिएको छ । जुन विभिन्न कालखण्डमा वा समयमा प्रचलित भेष-भूषा सांस्कृतिक चालचलन, सामाजिक परम्परा तथा धार्मिक जीवनसँग सम्बन्धित मेल खाने खालका गतिविधि वा भेषभुषाहरूको प्रर्दशन गरिएको छ ।

दोस्रो प्रर्दशनी कक्षः यस कक्षमा बाजा-गाजा र गर-गहनालाई प्रदर्शन गरेको छ । जुन विभिन्न गाँऊ, ठाउँ, क्षेत्रका जातजातिका परम्परा सांस्कृतिक परम्परालाई झल्काउने माध्यमको रूपमा जुन बाजा-गाजा तथा गर-गहनाहरूले प्रस्तुत गरिएको पाईन्छ ।

तेस्रो प्रर्दशनी कक्षः यस कक्षमा उपभोग्य वस्तु, पेशागत तथा धार्मिक सामाग्रीहरू रहेको छ । जसमा हरेक क्षेत्रका जातजातिहरूले उपभोग गर्ने उपभोग्य वस्तु तथा उनीहरूको पेशागत हिसाबले सामाजिक, सांस्कृतिक, धार्मिक साामग्रीहरूको प्रर्दशन गरिएको पाईन्छ ।

मुस्ताङ प्रर्दशनी कक्षः पछिल्लो समयमा यस नयाँ मुस्ताङ कक्षको प्रदर्शन गरिएको छ जसमा मुस्ताङ जिल्लाका २ ओटा क्षेत्र ग्याऱ्यापजुम र खिङ्गा आर्केलोजिष्ट साईट भएकोले ग्याऱ्यापजुम एक पौराणीक गुफा हो । त्यहाँबाट प्राचीन कालमा प्रयोग गरिएका

सामग्रीहरूलाई प्रदर्शनमा राखेको पाईन्छ । त्यसलाई नै मुस्ताङ कक्ष भनेर चिन्न सकिन्छ । मुस्ताङ क्षेत्र वरीपरिका विभिन्न जात जातीहरूको त्यहाँको हावापानी, संस्कृति, सामाजिक, धार्मिक तथा उनीहरू आर्थिक जीवनलाई अंगाल्ने जुन विशेषतालाई प्रष्टसँग प्रदशन गरेर राखेको पाईन्छ । त्यो विशेष गरी कुला जातीका सामग्री रहेका छन् ।

यस सङ्ग्रहालयको मुख्य विशेषता पश्चिमाञ्चल क्षेत्रका सम्पूर्ण जातजातिहरूको सामाजिक, धार्मिक, आर्थिक तथा आधुनिक जीवन उजागर तथा पहिचान गर्नमा विशेष जोड दिइएको पाइन्छ । जुन यस क्षेत्र वा पश्चिमाञ्चल क्षेत्रभित्रका विभिन्न जातजातिहरूको मौलिक विशेषताहरूको संरक्षण गर्ने मुख्य उद्देश्य नै सङ्ग्रहालय हो । त्यस बाहेक यसको मुख्य विशेषता भनेको देशको पर्यटन प्रवर्द्धनको संरक्षण तथा मूर्त अमूर्त संस्कृति सम्पदाहरूको हामीले संरक्षण गरेर त्यसलाई आउने पुस्ता पुस्तालाई जस्ताको तस्तै हस्तान्तरा गर्नु नै यस सङ्ग्रहालयको प्रमुख आधार वा उद्देश्यको रूपमा प्रस्तुत भएको हो ।

यसरी यस सङ्ग्रहालयको कार्य नै नेपालको पर्यटन प्रवर्द्धनलाई दिगो बनाउने र विश्व भर नेपाली विभिन्न जातजातिहरूको सांस्कृतिक, परम्परा सामाजिक परम्परा, धार्मिक गतिविधि तथा प्राकृतिक सम्पदाहरूको संरक्षण तथा संवर्द्धन गर्ने लक्ष्य नै सङ्ग्रहालयको प्रमुख दायित्व हो । त्यही दायित्वलाई अत्यन्तै जिम्मेवारीपूर्वक भूमिका निर्वाह गरिरहेका छन् भन्ने सन्देश पनि सङ्ग्रहालयको कर्तव्य हो ।

सङग्रहालयमा पर्यटकहरू विशेष गरेर आश्विन, कार्तिक, मंसिर, पौष तथा माघ महिनामा बढी आउने गर्दछन् भने अन्य महिनाहरूमा केही मात्रामा आउने गर्दछन् र सबै भन्दा बढी विद्यार्थी पर्यटकहरू नै आउने गर्दछन् ।

यस सङ्ग्रहालयमा विशेष वैठक कोठा, शौचालय र खुल्ला पार्किङ्ग ठाउँ प्रशस्त रहेको छ भने वातावरण ज्यादै शान्त, स्वच्छ तथा सफा रहेको छ । सङ्ग्रहालय भ्रमण गर्न प्रवेश शुल्क विदेशी तथा नेपाली पर्यटकहरूका लागि छुट्टा छुट्टै शुल्क लिने गर्दछ । भने विद्यार्थी पर्यटकहरूका लागि विवेश गरेर डिस्काउण्ट गरिन्छ । भने सङ्ग्रहालयमा आफ्नै नीति नियम अनुसारबाट नै व्यवस्थापन तथा प्रर्दशन गरिएको छ । यस सङग्रहालयमा ११ जना कर्मचारीहरू कार्यरत रहेका छन् ।

सङ्ग्रहालय हप्ताको छटौं दिन खुल्ला रहन्छ भने सार्वजनिक बिदाहरूमा बन्द रहने छ ।

# क्षेत्रीय सङ्ग्रहालयका केही तस्विरहरू

क्षेत्रीय सङ्ग्रहालयको तस्विर

गण्डकी अञ्चल सेरोफेरोका विभिन्न समुदायहरूको परम्परागत घरहरू



परम्परागत वैवाहिक संस्कार



विभिन्न जनजातीहरूका पौराणीक गरगहना



तालिका नं.: ४.३

**क्षेत्रीय सङ्ग्रहालयमा आउने**
**पर्यटक तथ्याङ्क विवरण (२०६२/०६३-२०७०/०७१)**

| सङ्ग्रहालय | वर्ष | विद्यार्थी | नेपाली | विदेशी | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | सार्क मुलुक | अन्य | |
| **क्षेत्रीय सङ्ग्रहालय** | ०६२/०६३ | १८९६ | ७८९० | ४५६३ | १९५६ | १६३०५ |
| | ०६३/०६४ | २०१५ | ६९५३ | ४९५१ | १८२३ | १५७४२ |
| | ०६४/०६५ | २३५९ | ७८६१ | ५९६१ | २२५८० | ३८७६१ |
| | ०६५/०६६ | २८५४ | ७९५० | ९६०५ | १०९५ | २१५०४ |
| | ०६६/०६७ | ३०१९ | ५५२९ | १०५९ | ६५९ | १०२६६ |
| | ०६७/०६८ | ३५७९ | ७१३५ | ११०८ | ५०१४ | १६८३६ |
| | ०६८/०६९ | ४६७६ | ७४०७ | १२६८५ | २०९४ | २६८६२ |
| | ०६९/०७० | ४५०७ | ७६६१ | ९०४९० | २४६६ | २५१२५ |
| | ०७०/०७१ | २७९५ | ४२३६ | ४१४६ | ८७४ | ५१९८७ |
| | **जम्मा** | २७७०० | ६२६२२ | १३४५६८ | ३८५६१ | २२३३८८ |

*स्रोतः क्षेत्रीय सङ्ग्रहालय २०७१ ।*

क्षेत्रीय सङ्ग्रहालयको वार्षिक तालिका नं ४.३ मा माथि उल्लेखित ०६२/०६३ देखि ०७०/०७१ सम्मको पर्यटक तथ्याङ्क विवरण अनुसार विद्यार्थी पर्यटक संख्या जम्मा २७,७०० रहेको छ भने नेपाली पर्यटकको संख्या जम्मा ६२,६,२२ जना र सार्क मुलुकको संख्या १,३४,५,६८ र अन्य संख्या ३८,५,६१ गरी विदेशी पर्यटकको संख्या जम्मा कुल १,७३,१,२९ जनाको संख्यामा रहेको छ । यसरी ०६२/०६३ देखि ०७०/०७१ सम्मको पर्यटक तथ्याङ्क विवरण अनुसार सम्पूर्ण पर्यटकको कुल संख्या २,२३,३,८८ जना रहेको छ । यसरी हेर्दा सबै भन्दा कम पर्यटकको संख्या ०६३/०६४ मा पर्यटक संख्या जम्मा १५,७,४२ रहेको छ भने सबै भन्दा बढी पर्यटक संख्या ०६०/०७१ मा पर्यटक संख्या जम्मा ५१,९,८७ँ रहेको देखिन्छ । सङ्ग्रहालयको पर्यटकीय तथ्याङ्क विवरण अनुसार सम्पूर्ण पर्यटकको कुल संख्या ०६२/०६३ देखि ०७०/०७१ सम्म पर्यटक तथ्याङ्क विवरण अनुसार जम्मा कुल २,२३,३,८८ जना पुगेको देखिन्छ ।

## ४.४ अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय

प्रकृतिको धनी सुन्दर नगरी पोखरामा अवस्थित नेपालको एक मात्र अन्तर्राष्ट्रिय सङ्ग्रहालय हो "अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय" । यो सङ्ग्रहालय घारीपाटन-१०, पोखरामा स्थापना भएको वि.सं. २०६० साल माघ २२ गते तथा सन् २००४ फेब्रवरी ५ तारिकमा भएको हो । यो सङ्ग्रहालय नेपाल पर्वतारोहण संघद्वारा सञ्चालित र पर्यटन मन्त्रालय अर्न्तगत नै पर्दछ । यो सङ्ग्रहालय एउटा मेघा परियोजना हो ।

यस सङ्ग्रहालय विशेष गरेर नेपालका हिमाली क्षेत्रका विभिन्न जातजाति तथा त्यहाँको रहनसहन, संस्कृति, सामाजिक परम्परा, धार्मिक विश्वास तथा हिमाली मौसम तथा हावापानीमा जिउने दैनिक जनजीवन जस्ता विभिन्न प्रकृतिका विशेषताहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने उद्देश्यले नै यस सङ्ग्रहालयको स्थापना भएको मानिन्छ । सबभन्दा प्रमुख विशेषता सङ्ग्रहालयको भनेको नै हिमाल चढ्ने हिमाली आरोहीहरूको जनजीवनसँग सम्बन्धित रहेको पाईन्छ । आरोहीहरूको हिमाल चढ्ने जुन साहस भएको हुन्छ त्यसलाई मूर्त तथा अमूर्त रूपमा प्रस्तुत गर्ने र हिमाली सांस्कृति परम्पराको उजागर गर्ने मुख्य उद्देश्यले नै यस सङ्ग्रहालयको स्थापना भएको हो ।

यस सङ्ग्रहालयको जम्मा कुल क्षेत्रफल ११० रोपनी रहेको छ । यस अर्न्तगत भवनहरूले ७.५ अर्थात् साँढे सात रोपनी ओगटेको छ । यस सङ्ग्रहालयमा अन्य भवनहरू, रेष्टुरेण्ट, सुमिनार सप भवन अनि अर्को सानो सानो ३ ओटा कटेजहरू छन्, जो नेपाली परिवेशमा पाईने घर-आँगन दर्शाउने खालका पाईन्छ । यस सङ्ग्रहालयको ४ ओटा हललाई १२ ओटा विभागमा विभाजन गरिएको पाईन्छ ।

पहिलो हलः यस कक्षमा राष्ट्रिय पर्वतीय जनता भनेर दुई २ ओटा विभागमा विभाजित रहेको छ ।

**दोस्रो हलः** यस कक्षमा जीव अर्थात् जीव विज्ञान सम्बन्धी विभिन्न हावापानी ठाँऊ, क्षेत्रमा पाईने विभिन्न जीवको प्रर्दशन गरिएको छ र ४ वटा ओटा विभागमा विभाजन गरिएको छ

**तेस्रो हलः** यस कक्षमा वन्यजन्तु तथा वनस्पतीहरूको विविध प्रकार तथा विशेषताहरूलाई प्रदर्शन गरिएको छ ।

चौथो हलः यस कक्षमा ५ ओटा व्यक्तित्वको विभाग भनेर विभाजन गरिएको छ ।

यसरी विभिन्न विभागमा विभाजित वस्तुहरूको प्रदर्शनमा रहेको यस अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय अत्यन्तै महत्वपूर्ण तथा जीबन्त रहेको पाईन्छ । यस सङ्ग्रहालय मुख्य उद्देश्य भनेको नै विशेष गरेर हिमालय क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूको जीवनसँग सम्बन्धित सम्पूर्ण भेषभूषा, संस्कृति, गतिविधि तथा क्रियाकलापहरूका साथसाथै पर्वतारोहीहरूका लागि अत्यन्तै अग्रीम सल्लाह तथा सुझाव अथवा आरोहण सम्बन्धी विभिन्न जानकारी दिने उद्देश्यले स्थापना भएको एक मात्र अन्तर्राष्ट्रिय सङ्ग्रहालय हो ।

## अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयका केही तस्विरहरू

पर्वतारोहण सम्बन्धी जानकारी

विभिन्न देशका पर्वतारोहीहरू



हिमाली क्षेत्रको भोगौलिक दृश्यहरू



हिमाली क्षेत्रका दुर्लभ जनावर चितुवा



तालिका नं.: ४.४

**अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा आउने**
**पर्यटक तथ्याङ्क विवरण (२०६२/०६३-२०७०/०७१)**

| सङ्ग्रहालय | वर्ष | विद्यार्थी | नेपाली | विदेशी | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | सार्क मुलुक | अन्य | |
| **अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय** | ०६२/०६३ | ३३,५५३ | १४,९९२ | १,५६२ | ४,७२२ | ५५,६१९ |
| | ०६३/०६४ | ४१,२९१ | १९,८०५ | २,७३९ | ७,४१५ | ७२,२९३ |
| | ०६४/०६५ | ४३,३९७ | १९,८९८ | ४,०५२ | १०,४८९ | ८२,५९० |
| | ०६५/०६६ | ५०,५६८ | २३,४१२ | ४,८२४ | ११,६७६ | ९५,५२६ |
| | ०६६/०६७ | ४८,५८६ | २८,००० | ५,९४१ | १२,६२३ | १०३,४७८ |
| | ०६७/०६८ | ६०,४५९ | ३९,०८१ | १०,८३३ | १५,०३३ | १३५,३८३ |
| | ०६८/०६९ | ६४,४९९ | ४५,१२२ | १३,३१० | १८,२४० | १५३,३९० |
| | ०६९/०७० | ६५,५१९ | ४६,७०५ | १५,२२० | २१,९३९ | १५९,७५१ |
| | ०७०/०७१ | ६५,४४५ | ५३,९४९ | १८,१०० | २४,६५० | १७१,८८८ |
| | **जम्मा** | **४७३,३१७** | **२९०,९६४** | **७६,५८१** | **१२६,७८७** | **१,०२९,९१८** |

*स्रोतः अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय २०७१ ।*

अन्तर्राष्ट्रिय सङ्ग्रहालयको वार्षिक तालिका नं ४.४ मा माथि उल्लेखित ०६२/०६३ देखि ०७०/०७१ सम्मको पर्यटक तथ्याङ्क विवरण अनुसार विद्यार्थी पर्यटक संख्या जम्मा ४,७३,३१७ रहेको छ भने नेपाली पर्यटकको संख्या जम्मा २,९०,९६४ जना र सार्क मुलुकको संख्या ७६,५८१ र अन्य संख्या १,२६,७८७ गरी विदेशी पर्यटकको संख्या जम्मा कुल २०,३,३६८ जनाको संख्यामा रहेको छ। यसरी ०६२/०६३ देखि ०७०/०७१ सम्मको पर्यटक तथ्याङ्क विवरण अनुसार सम्पूर्ण पर्यटकको कुल संख्या १०,२९,९१८ जना रहेको छ। यसरी हेर्दा सबै भन्दा कम पर्यटकको संख्या ०६२/०६३ मा पर्यटक संख्या जम्मा ५५६१९ रहेको छ भने सबै भन्दा बढी पर्यटक संख्या ०७०/०७१ मा पर्यटक संख्या जम्मा १,७१,८८८ रहेको देखिन्छ। सङ्ग्रहालयको पर्यटकीय तथ्याङ्क विवरण अनुसार सम्पूर्ण पर्यटकको कुल संख्या ०६२/०६३ देखि ०७०/०७१ सम्म पर्यटक तथ्याङ्क विवरण अनुसार जम्मा कुल १०,२९,९१८ जना रहेको देखिन्छ।

# अध्याय-पाँच

## तथ्याङ्क विश्लेषण

### ५.१ उत्तरदाताहरूको राष्ट्र सम्बन्धी विवरण

तालिका नं. १ मा सहभागी विदेशी उत्तरदाताहरूको देश तथा राष्ट्रियता विवरणको आधारमा विभिन्न देशबाट आउनु भएका सम्पूर्ण उत्तरदाताहरूको संख्यात्मक विवरण प्रस्तुत गरिएको छ जुन तल निम्नानुसार रहेको छ ।

तालिका नं. ५.१

**उत्तरदाताहरूको राष्ट्र सम्बन्धी विवरण**

| देश | संख्या | प्रतिशत |
|---|---|---|
| सार्क राष्ट्र | १२ | २१.४% |
| एसिया | १३ | २३.२% |
| यूरोप | ३१ | ५५.३% |
| विदेशी जम्मा | ५६ | १००% |
| नेपाली जम्मा | ६४ | १००% |
| **जम्मा** | **१२०** | **१००%** |

*स्रोतः स्थलगत अध्ययन, २०७१ ।*

यस तालिकामा उल्लेख भएअनुसार विदेशी उत्तरदाताहरूको राष्ट्रियताका आधारमा सबैभन्दा बढी यूरोपबाट आएका संख्या ३१ र ५५.३ प्रतिशत रहेको छ भने एसियाको १३ वा २३.२ प्रतिशत रहेको छ र सार्क राष्ट्रमा १२ वा २१.४ प्रतिशत रहेको छ । यसरी हेर्दा सबैभन्दा बढी पर्यटक यूरोप बाट नै आउने गरेको छ ।  र सार्क राष्ट्रबाट सबै भन्दा कम संख्या १२ वा २१.४ प्रतिशत रहेको र एसियाबाट १३ वा २३.२ प्रतिशत अर्थात् मध्यम रहेको छ । यसरी हेर्दा सबै भन्दा बढी यूरोपबाट आएका उत्तरदाताहरू आउने गरेको देखियो । यसरी नेपाली ६४  जना र विदेशी ५६ जना गरी जम्मा १२० जना रहेको छ ।

## ५.२ उत्तरदाताहरू उमेर सम्बन्धी विवरण

उमेर समुहको आधारमा नेपाली तथा विदेशी उत्तरदाताहरूको विभिन्न उमेर समुहका सहभागिता विवरण तल निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.२**

**उत्तरदाताहरूको उमेर सम्बन्धी विवरण**

| उमेर समुह | नेपाली | विदेशी | जम्मा |
|---|---|---|---|
| १-२० सम्म | ३६ (५६.३%) | २ (३.६%) | ३८ (३१.६) |
| २०-३० सम्म | १९ (२९.७%) | १५ (२६.८%) | ३४ (५६.५) |
| ३०-४० सम्म | ५ (७.८%) | १४ (२५.०%) | १९ (३२.८) |
| ४०-५० सम्म | २ (३.१%) | ४ (७.१%) | ६ (१०.२) |
| ५०-६० सम्म | १ (१.८%) | ९ (१६.१%) | १० (१७.९) |
| ६० भन्दा माथि | १ (१.८%) | ११ (१९.६%) | १२ (२१.४) |
| उत्तर नआएका | - | १ (१.८%) | १ (१.८%) |
| **जम्मा** | **६४ (१००.%)** | **५६ (१००%)** | **१२० (१००%)** |

*स्रोत: स्थलगत अध्ययन, २०७१ ।*

तालिका नं. २ अनुसार उमेर समुहका आधारमा गरिएको नेपाली तथा विदेशी उत्तरदाताहरूको विवरण प्रस्तुत गरिएको । पोखराका चार वटै सङ्ग्रहालयमा भेटिएका विभिन्न उमेरसमूहका नेपाली तथा विदेशी उत्तरदाताहरूको तुलनात्मक रूपमा हेर्दा १ देखि २० वर्षसम्म नेपाली पर्यटकहरूको संख्या ३६ (५६.३ प्रतिशत) रहेको छ भने विदेशी संख्या २ (३.६ प्रतिशत) रहेको देखिन्छ । यसरी विभिन्न उमेर समुहलाई हेर्दाखेरी फरक फरक संख्या तथा प्रतिशतमा देखिन्छ । ६० भन्दा माथिको उमेर समुहलाई हेर्दाखेरी नेपालीको संख्या १ (१.८ प्रतिशत) र विदेशीको ११ (१९.६ प्रतिशत) रहेको र यसमा समुहमा नेपालीको भन्दा विदेशीको संख्या बढी देखिन्छ । यसरी समग्रमा भन्नु पर्दा जम्मा विदेशीको संख्या ५६ र नेपालीको ६४ रहेको र जम्मा १२० जना रहेको छ । विदेशी भन्दा नेपालीको संख्या नै तीव्र रहेको छ ।

## ५.३ उत्तरदाताहरूको लैङ्गिक समानता सम्बन्धी विवरण

लैङ्गिकताका आधारमा नेपाली तथा विदेशी उत्तरदाताहरूको लैङ्गिक विवरण यहाँ तल उल्लेख गरिएको छ जुन निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.३**

**उत्तरदाताहरूको लैङ्गिक विवरण**

| लिङ्ग | नेपाली | विदेशी | जम्मा |
|---|---|---|---|
| महिला | ४३ (६७.२ %) | २४ (४२.९%) | ६७(५५.८%) |
| पुरूष | २१ (३२.८%) | ३२ (५७.१%) | ५३ (४४.१%) |
| **जम्मा** | **६४ (१००%)** | **५६ (१००%)** | **१२० (१००%)** |

*स्रोतः स्थलगत अध्ययन, २०७१ ।*

तालिका नं. १ अनुसार अध्ययन क्षेत्र पोखराको सङ्ग्रहालयहरूमा प्रत्यक्ष रूपमा भेटिएका उत्तरदाताहरूको लैङ्गिक विवरण देखाइएको छ । यस तालिकामा विदेशी पुरूष उत्तरदाताहरू ३२ जना (५७.१%) प्रतिशत छन् भने नेपाली पुरूष उत्तरदातामा ४३ जना र ६७.२ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी विदेशी महिला उत्तरदातामा २४ जना र ४२.९ प्रतिशत रहेको छ भने नेपाली महिला उत्तरदाताहरूमा २१ जना र ३२.८ प्रतिशत रहेको देखिन्छ ।

यसरी तुलनात्मक रूपमा हेर्दा पुरूष उत्तरदातामा नेपालीको संख्या ६४ जना र विदेशीको ५६ जना गरी जम्मा १२० जना रहेको छ भने महिला उत्तरदातामा विदेशी महिलाहरूको संख्या बढी नै देखिन्छ । जसले गर्दा विदेशी महिलाहरू नै बढी स्वतन्त्रता रहेको देखिन्छ ।

## ५.४ उत्तरदाताहरूको पेशा सम्बन्धी विवरण

पेशाका आधारमा नेपाली तथा विदेशी उत्तरदाताहरूको पूर्ण जानकारी प्राप्त गर्ने क्रममा विभिन्न पेशामा आवद्ध हुनु भएको उत्तरदाताहरूको विवरण तल निम्नालिखित उल्लेख गरिएको छ ।

**तालिका नं. ५.४**

**उत्तरदाताहरूको पेशा सम्बन्धी विवरण**

| पेशाका आधारमा | नेपाली | विदेशी | जम्मा |
|---|---|---|---|
| विद्यार्थी | ३० (४६.९%) | १० (१७.९%) | ४० (३३.३%) |
| शिक्षक | ९ (१४.१%) | ५ (८.९%) | १४ (११.६%) |
| समाजसेवा | १ (१.६%) | १ (१.८%) | २ (१.६%) |
| व्यापार/व्यवसाय | ३ (४.७%) | ११ (१९.६%) | १४ (११.६%) |
| जागीर/टेक्निसियन | १० (१५.६%) | ४ (७.१%) | १४ (११.६%) |
| डाक्टर | - | २ (३.६%) | २ (१.६%) |
| कृर्षी | ४ (६.३%) | - | ४ (३.३%) |
| अन्य | ७ (१०.९%) | २३(४१.१%) | ३० (२५%) |
| **जम्मा** | **६४ (१००%)** | **५६ (१००%)** | **१२० (१००%)** |

*स्रोतः स्थलगत अध्ययन, २०७१ ।*

तालिका नं. ६ अनुसार अध्ययन क्षेत्र पोखराको सङ्ग्रहालयहरूमा प्रत्यक्ष रूपमा भेटिएका नेपाली तथा उत्तरदाताहरूको पेशाका आधारमा विवरण देखाइएको छ । यसमा विभिन्न पेशामा आवद्ध भएको देखिन्छ । सबै भन्दा बढी नेपाली विद्यार्थीहरूको संख्या ३० अर्थात् (४६.९ प्रतिशत) रहेको छ भने विदेशी उत्तरदाताहरूमा बढी व्यापार व्यावसायमा संलग्न भएको देखिन्छ । यसरी विभिन्न पेशागत कार्यमा कार्यरत रहेको देखिन्छ । नेपाली ६४ र विदेशी ५६ जना गरी जम्मा १२० जना रहेको छ । तुलनात्मक हिसाबले भन्नु पर्दा विदेशीको भन्दा नेपाली उत्तरदाताहरूको संख्या नै बढी उपस्थिति भएको देखिन्छ ।

## ५.५ उत्तरदाताहरूको धर्म सम्बन्धी विवरण

धर्मका आधारमा नेपाली तथा विदेशी उत्तरदाताहरूको धर्मप्रति भएको आस्था तथा विश्वासका आधारमा यहाँ संख्यात्मक विवरण प्रस्तुत गरिएको छ जुन तल निम्नानुसार रहेको छ ।

**तालिका नं. ५.५**

**उत्तरदाताहरूको धर्म सम्बन्धी विवरण**

| धर्मका आधारमा | नेपाली | विदेशी | जम्मा |
|---|---|---|---|
| क्रिश्चियन | १ (१.६%) | १४ (२५.०%) | १५ (१२.५%) |
| बौद्ध | १२ (१८.८%) | २ (३.५%) | १४ (११.६%) |
| हिन्दु | ४६ (७१.९%) | १० (१७.८%) | ५६ (४६.६%) |
| मुस्लिम | १ (१.६%) | ८ (१४.२%) | ९ (७.५%) |
| अन्य | २ (३.१%) | ६ (१०.७%) | ८ (६.६%) |
| उत्तर नआएका | २ (३.१%) | १६ (२८.५%) | १८ (१५%) |
| **जम्मा** | **६४ (१००%)** | **५६ (१००%)** | **१२० (१००%)** |

*स्रोत: स्थलगत अध्ययन, २०७१ ।*

तालिका नं. ५ अनुसार अध्ययन क्षेत्र पोखराको सङ्ग्रहालयहरूमा प्रत्यक्ष रूपमा भेटिएका नेपाली तथा उत्तरदाताहरूको धार्मिक विवरण देखाइएको छ । यसमा विभिन्न धर्मावलम्बीहरूको उपस्थिती देखिएको छ । यसमा नेपाली उत्तरदाताहरूमा सबै भन्दा बढी हिन्दु धर्माबलम्बीहरूको संख्या ४६ अर्थात् (७१.९ प्रतिशत) रहेको देखिन्छ भने विदेशीहरूमा सबैभन्दा बढी क्रिश्चियन धर्मावलम्बीहरूको संख्या १४ अर्थात् (२५ प्रतिशत) रहेको देखिन्छ नेपाली ६४ र विदेशी ५६ जना गरी जम्मा १२० जना रहेको छ । यसरी अन्य धर्मावलम्बीहरूको तुलनामा बढी भन्दा बढी हिन्दु र क्रिश्चियन धर्ममा नै संलग्न वा आस्था रहेको देखियो ।

## ५.६ उत्तरदाताहरूको पारिवारिक सम्बन्धी विवरण

पारिवारिक किसिमका आधारमा नेपाली तथा विदेशी उत्तरदाताहरूको पारिवारिक किसिमका विवरण तल उल्लेख गरिएको छ जुन निम्नानुसार रहेको छ ।

**तालिका नं. ५.६**

**उत्तरदाताहरूको पारिवारिक किसिम सम्बन्धी विवरण**

| परिवारिक किसिम | नेपाली | विदेशी | जम्मा |
|---|---|---|---|
| एकल | २६ (४०.६%) | ३३ (५८.९%) | ५९ (४९.१%) |
| संयुक्त | ३० (४६.८%) | १३ (२३.२%) | ४३ (३५.८%) |
| वृहत | ६ (९.३%) | ४ (७.१%) | १० (८.३%) |
| उत्तर नआएका | २ (३.१%) | ६ (१०.७%) | ८ (६.६%) |
| **जम्मा** | **६४ (१००%)** | **५६ (१००%)** | **१२० (१००%)** |

*स्रोतः स्थलगत अध्ययन, २०७१ ।*

तालिका नं. ३ अनुसार अध्ययन क्षेत्र पोखराको सङ्ग्रहालयहरूमा प्रत्यक्ष रूपमा भेटिएका उत्तरदाताहरूको पारिवारिक किसिमको विवरण देखाइएको छ । यस तालिका अनुसार एकल पारिवारिक किसिममा नेपालीको संख्या २६ अर्थात् (४०.६ प्रतिशत) देखिन्छ भने विदेशीको हेर्दा ३३ जना अर्थात् (५८.९ प्रतिशत) रहेको छ । त्यस्तै गरी संयुक्त पारिवारिक किसिममा ३६ अर्थात् (५६.३ प्रतिशत) नेपालीको संख्या देखिन्छ भने विदेशीको संख्या १३ अर्थात् (२३.२ प्रतिशत) मात्र देखिन्छ भने वृहत पारिवारिक किसिममा हेर्दाखेरी नेपालीको संख्या ६ अर्थात् (९.३ प्रतिशत) छ भने विदेशीको संख्या ४ अर्थात् (७.१ प्रतिशत) रहेको देखिन्छ । त्यसैगरी नेपाली ६४ जना र विदेशी उत्तरदाता ५६ जना गरी जम्मा संख्या १२० जना रहेको छ । यसरी तुलनात्मक हिसाबले हेर्दा एकल पारिवारिक किसिममा विदेशीको संख्या उच्च देखिन्छ भने नेपालीको संयुक्त पारिवारिक किसिममा बढी संख्या देखिन्छ ।

## ५.७ उत्तरदाताहरूको शैक्षिक योग्यता सम्बन्धी विवरण

शैक्षिक विवरणको आधारमा नेपाली तथा विदेशी उत्तरदाताहरूको शैक्षिक योग्यता विवरण तल उल्लेख गरिएको छ जुन निम्नानुसार रहेको छ ।

**तालिका नं. ५.७**

**उत्तरदाताहरूको शैक्षिक योग्यता सम्बन्धी विवरण**

| शैक्षिक योग्यता | नेपाली | विदेशी | जम्मा |
|---|---|---|---|
| निरक्षर | - (०%) | ४ (७.१%) | ४ (७.१%) |
| साक्षर | २ (३.१%) | १ (१.८%) | ३ (२.५%) |
| एस.एल.सी | ७ (१०.९%) | ३ (५.४%) | १० (८.३%) |
| +२ | २४ (३७.५%) | - | २४ (२०%) |
| स्नातक तह | १८ (२८.१%) | १३ (२३.२%) | ३१ (२५.८%) |
| स्नाकोत्तर तह | ९(१४.१%) | १९ (३३.९%) | २८ (२३.३%) |
| विद्यावारिधी | ५(८.९%) | ३ (५.४%) | ८(६.६%) |
| अन्य | - | ८(१४.३%) | ८(६.६%) |
| **जम्मा** | **६४ (१००%)** | **५६ (१००%)** | **१२० (१००%)** |

*स्रोतः स्थलगत अध्ययन, २०७१ ।*

तालिका नं. ७ अनुसार अध्ययन क्षेत्र पोखराको सङ्ग्रहालयहरूमा प्रत्यक्ष रूपमा भेटिएका उत्तरदाताहरूको शैक्षिक योग्यताको विवरण देखाइएको छ । यस तालिका अनुसार नेपाली र विदेशी उत्तरदाताहरूको शैक्षिक योग्यताका आधारमा हेर्दा निरक्षरताको संख्या हेर्दा विदेशीको संख्या ४ जना अर्थात् ७.१ प्रतिशत रहेको छ भने नेपाली उत्तरदाताहरू कुनै पनि संख्या छैन भने साक्षरमा नेपाली र विदेशी उत्तरदाताहरूको संख्यालाई तुलनात्मक हेर्दा विदेशी उत्तरदाताहरू १ जना अर्थात् १.८ प्रतिशत रहेको छ भने नेपालीको संख्या २ जना अर्थात् ३.१ प्रतिशत रहेको छ । एस.एल.सी मा विदेशी ३ जना अर्थात् ५.४ प्रतिशत र नेपाली ७ जना अर्थात् १०.९ प्रतिशत रहेको छ । +२ नेपाली उत्तरदाताहरू २४ जना अर्थात् ३७.५ प्रतिशत रहेको छ भने विदेशीको संख्या सून्य रहेको छ । यसैगरी स्नातक तहमा विदेशीको संख्या १३ जना अर्थात् २३.२ प्रतिशत र नेपालीको संख्या १८ अर्थात् २८.१ प्रतिशत रहेको छ । स्नाकोत्तर तहमा विदेशीको संख्या १९ अर्थात् ३३.९ प्रतिशत रहेको छ भने नेपालीहरूको संख्या ९ अर्थात् १४.१ प्रतिशत रहेको छ । यसैगरी विद्यावारिधी मा विदेशीहरूको संख्या ३ अर्थात् ५.४ प्रतिशत रहेको छ भने नेपालीहरूको संख्या सून्य रहेको छ । यसैगरी अन्य ८ जना अर्थात् १४.३ प्रतिशत रहेको छ भने जम्मा विदेशीको संख्या ५६ र नेपालीहरूको संख्या ६४ जना गरी जम्मा १२० जना उत्तरदाताहरू रहेको छ ।

## ५.८ उत्तरदाताहरूको सङ्ग्रहालय घुम्ने माध्यम सम्बन्धी विवरण

तालिका नं. ८ सङ्ग्रहालय घुम्न जाने माध्यम को, कसरी, कुन माध्यमबाट प्राप्त गर्नु भयो भन्ने प्रश्नमा विभिन्न प्रकारका राष्ट्रबाट आउनु भएका विदेशी तथा स्वदेशी उत्तरदाताहरूबाट प्राप्त भएका विवरण यहाँ तल तालिकामा प्रस्तुत गरिएको छ जुन निम्नानुसार रहेको छ ।

तालिका नं. ५.८

**उत्तरदाताहरूको सङ्ग्रहालय घुम्ने माध्यम सम्बन्धी विवरण**

| माध्यम | नेपाली | विदेशी | जम्मा |
|---|---|---|---|
| साथी भाईको सल्लाह बमोजिम | ४३ (६७.२%) | १७ (३०.४%) | ६० (५०%) |
| पोखराका विभिन्न मिडिया सञ्चार माध्यमबाट | २ (३.१%) | १३ (२३.२%) | १५ (१२.५ %) |
| नेपालका विभिन्न माध्यमबाट | ९ (१४.१%) | १८ (३२.१%) | २७ (२२.५%) |
| अन्य कारणबाट | १० (१५.६%) | ८ (१४.३%) | १८ (१५%) |
| **जम्मा** | **६४ (१००%)** | **५६ (१००%)** | **१२० (१००%)** |

*स्रोत: स्थलगत अध्ययन, २०७१ ।*

माथि उल्लेखति तालिकामा भए अनसार सङ्ग्रहालय घुम्ने माध्यम विभिन्न माध्यमबाट आउनुभएको विदेशी उत्तरदाताहरूको भनाई अनुसार पोखराका सङ्ग्रहालय घुम्नका लागि सबैभन्दा बढी विभिन्न सञ्चार माध्यमहरूबाट जानकारी प्राप्त गरी आउनु हुने विदेशीको संख्या १८ वा ३२ प्रतिशत र नेपालीको संख्या ९ अर्थात् १४.१ प्रतिशत रहेको देखियो । त्यस्तै साथीभाइद्वारा घुम्न आउनु हुने विदेशी उत्तरदाताहरूको संख्या १७ वा ३०.४ प्रतिशत र नेपालीको संख्या ४३ अर्थात् ६७.२ प्रतिशत रहेको छ भने पोखराकै मिडियाहरूको माध्यमबाट आएका विदेशी १३ जना २३.२ प्रतिशत र नेपाली २ अर्थात् ३.१ प्रतिशत रहेको छ भने अन्य विभिन्न कारणबाट आउनेहरूमा विदेशी ८ अर्थात् १४.३ प्रतिशत र नेपाली १० अर्थात् १५.६ प्रतिशत रहेको छ ।

यसरी नेपाली उत्तरदाता ६४ र विदेशी उत्तरदाता ५६ गरी जम्मा संख्या १२० जनाको संख्यामा रहेको छ ।

## ५.९ सङ्ग्रहालय भित्र मनपर्ने वस्तुहरू सम्बन्धी विवरण

सङ्ग्रहालय भित्रका वस्तुहरू कस्तो लाग्यो भन्ने प्रश्नमा विभिन्न प्रकारका राष्ट्रबाट आउनु भएका विदेशी तथा स्वदेशी उत्तरदाताहरूबाट प्राप्त भएका विवरण यहाँ तल तालिकामा प्रस्तुत गरिएको छ जुन निम्नानुसार रहेको छ ।

तालिका नं. ५.९

**उत्तरदाताहरूले सङ्ग्रहालय भित्रका मनपर्ने वस्तुहरू सम्बन्धी दिएका जानकारीको विवरण**

| मनपर्ने वस्तुहरू | नेपाली | विदेशी | जम्मा |
|---|---|---|---|
| गोर्खाली ऐतिहासिक गतिविधि | १५ (२६.८%) | २० (३५.७%) | २५ (२०.८%) |
| पुतलीका प्रकारहरू | १८ (२८.१%) | ५ (८.९%) | २३ (१९.१%) |
| पर्वतारोहीहरूको साहसी कार्य | २३ (३५.९%) | १५ (२६.८%) | ३३ (२७.५%) |
| फरक किसिमका भेष भुषा, परम्परा, सामाजिक, सांस्कृतिक, धार्मिक सम्पदा | ८ (१२.४%) | १६ (२८.६%) | २४ (२०%) |
| **जम्मा** | **६४(१००%)** | **५६ (१००%)** | **१२०(१००%)** |

*स्रोत: स्थलगत अध्ययन, २०७१ ।*

माथि उल्लेखति तालिकामा भए अनुसार सङ्ग्रहालय भित्रका विभिन्न मनपर्ने वस्तुहरू सम्बन्धी प्राप्त भएका जानकारी अनुसार नेपाली र विदेशीहरूको संख्या लाई हेर्दा गोर्खालीहरूको ऐतिहासिक गतिविधि हेर्न सबैभन्दा विदेशीको संख्या २० अर्थात् ३५.७ प्रतिशत रहेको छ भने नेपालीको १५ अर्थात् २६.८ प्रतिशत रहेको छ । पुतलीका प्रकार हेर्नेको संख्या नेपालीको १८.१ प्रतिशत र विदेशीको संख्या ५ अर्थात् ८.९ प्रतिशत रहेको छ । त्यसैगरी पर्वतारोहीहरूको साहसी कार्य हेर्न मनपराउनेको संख्या नेपालीको २३ अर्थात् ३५.९ प्रतिशत र विदेशीको १५ अर्थात २६.८ प्रतिशत रहेको छ । र सामाजिक, सांस्कृतिक भेष भुषा र परम्पराका सामग्री हेर्न मनपराउनेहरूको संख्या सबैभन्दा बढी विदेशीको संख्या १६ वा २८.६ प्रतिशत र नेपालीको ८ अर्थात् १२.४ प्रतिशत रहेको छ ।

यसरी नेपाली उत्तरदाताहरूको संख्या ६४ र विदेशी उत्तरदाताको संख्या ५६ गरी जम्मा उत्तरदाताहरूको कुल संख्या १२० अर्थात १०० प्रतिशत रहेको छ ।

## ५.१० सङ्ग्रहालय भित्रका समस्या सम्बन्धी विवरण

सङ्ग्रहालय भित्रका के कस्ता समस्याहरू देख्नु भयो भन्ने सन्दर्भमा स्वदेशी तथा विदेशी उत्तरदाताहरूबाट प्राप्त जानकारीलाई प्रतिशतमा प्रस्तुत गरी तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५.१०

**सङ्ग्रहालय भित्रका समस्या सम्बन्धी विवरण**

| समस्याहरू | नेपाली | विदेशी | जम्मा |
|---|---|---|---|
| खानेपानीको अभाव | १२ (१८.८%) | ५ (७.८%) | १७ (३०.४%) |
| विजुली बत्तीको अभाव | ९ (१४.१%) | २० (३५.७%) | २९ (२४.१%) |
| मित्रवत व्यवहारको कमी | १२ (१८.८%) | ५ (७.८%) | १७ (३०.४%) |
| प्रशस्त ठाउँको अभाव | १३ (२०.३%) | १८ (२८.१%) | ३१ (२५.८%) |
| केही पनि नभएको | १ (१.६%) | ३ (५.४%) | ४ (३.३४%) |
| अन्य | १२ (१८.८%) | ५ (७.८%) | १७ (३०.४%) |
| उत्तर प्राप्त नभएको | ५ (७.८%) | - | - |
| **जम्मा** | **६४(१००%)** | **५६ (१००%)** | **१२०(१००%)** |

*स्रोतः स्थलगत अध्ययन, २०७१ ।*

माथि उल्लेखित तालिकामा भए अनुसार सङ्ग्रहालय भित्रका विभिन्न देखा परेका समस्या सम्बन्धी नेपाली तथा विदेशी उत्तरदाताहरूद्वारा प्राप्त तथ्याङ्क अनुरूप यहाँ विश्लेषण गर्दैछु । तालिका नं. १० मा उल्लेख भएवमोजिम खानेपानीको अभाव भन्ने उत्तरदाताहरू नेपाली १२ जना अर्थात् १८.८ प्रतिशत रहेको छ भने विदेशी ५ वा ७.८ प्रशतिशत रहेको छ भने बिजुली बत्तीको अभाव मा नेपाली ९ जना र विदेशी २० ३५.७ प्रतिशत रहेको छ । र मित्रवत व्यवहारको कमी भएको महशुष गर्ने उत्तरदाताहरू नेपाली १२ अर्थात् १८.८ प्रतिशत रहेको छ ।

त्यसैगरी तालिकामा उल्लेख भए अनुरुप प्रशस्त  स्पेस वा ठाउँको अभाव नेपाली १३ २०.३ प्रतिशत भएको छ भने नेपाली १८ वा २८.१ प्रतिशत रहेको छ । र केही पनि नभएको १ जना र १.६ प्रतिशत नेपाली रहेको छ भने विदेशी ३ वा ५.४ प्रतिशत रहेको छ । अन्यमा नेपाली १२ वा १८.८ प्रतिशत र विदेशी ५ जना वा ७.८ प्रतिशत रहेको छ । यसरी नेपालीको संख्या ६४ र विदेशीको ५६ गरी जम्मा १२० जनाको संख्या रहेको छ ।

**५.११ सङ्ग्रहालयको महत्त्व सम्बन्धी विवरण**

पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयको महत्त्वको बारेमा स्वदेशी तथा विदेशी उत्तरदाताहरू लाई गरिएको प्रश्नको उत्तर प्राप्त जानकारीलाई प्रतिशतमा प्रस्तुत गरी तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५.११

**सङ्ग्रहालयको महत्त्व सम्बन्धी विवरण**

| महत्त्व | नेपाली | विदेशी | जम्मा |
|---|---|---|---|
| धेरै महत्त्व | ६० (५०%) | २० (३५.७%) | ८० |
| महत्त्व छैन | २ (१.६)% | २१ (१७.५%) | २३ |
| ठिकै | २ (१.६)% | १५ (२६.८%) | १७ |
| **जम्मा** | **६४(१००%)** | **५६ (१००%)** | **१२०(१००%)** |

*स्रोतः स्थलगत अध्ययन, २०७१ ।*

माथि उल्लेखित तालिकामा भए अनुसार सङ्ग्रहालयको महत्त्व सम्बन्धी नेपाली तथा विदेशी उत्तरदाताहरूद्वारा प्राप्त तथ्याङ्क अनुरूप यहाँ धेरै महत्त्व छ भन्ने नेपाली उत्तरदाताको ६० अर्थात ५० प्रतिशत रहेका छ भने विदेशी उत्तरदाता २० अर्थात् ३५.७ प्रतिशत रहेको छ । महत्त्व छैन भन्ने नेपाली २ अर्थात् १.६ प्रतिशत रहेको छ भने विदेशी २१ ज्ना अर्थात् १७.५ प्रतिशत रहेको छ । यसरी नै ठिकै भन्नेमा नेपाली २ जना अर्थात् १.६ र विदेशी १५ जना अर्थात् २६.८ जना रहेको छ । यसरी जम्मा नेपाली ६४ विदेशीको संख्या ५६ गरी जम्मा १२० जनाको संख्या रहेको छ ।

### ५.१२ सङ्ग्रहालयको वस्तुहरू परिवर्तन सम्बन्धी विवरण

पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयको वस्तुहरू परिवर्तन समय समयमा  स्वदेशी तथा विदेशी उत्तरदाताहरू लाई गरिएको प्रश्नको उत्तर प्राप्त जानकारीलाई प्रतिशतमा प्रस्तुत गरी तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५.१२

**सङ्ग्रहालमा भएका वस्तुहरू परिवर्तन गर्ने सम्बन्धी विवरण**

| महत्त्व | नेपाली | विदेशी | जम्मा |
|---|---|---|---|
| समय समय परिवर्तन गर्नुपर्छ | ४७ (७३.४%) | २० (१६.६%) | ६७ |
| परिवर्तन गर्न पर्दैन | ९ (१४.१%) | ३० (४६.८%) | ४९ |
| सधैं भरी एकैनाश हुनुपर्छ | ८ (६.६%) | ६ (९.३%) | १४ |
| **जम्मा** | **६४(१००%)** | **५६ (१००%)** | **१२०(१००%)** |

*स्रोतः स्थलगत अध्ययन, २०७१ ।*

माथि उल्लेखित तालिकामा भए अनुसार सङ्ग्रहालयमा भएका वस्तुहरू परिवर्तन गर्ने सम्बन्धी नेपाली तथा विदेशी उत्तरदाताहरूद्वारा प्राप्त तथ्याङ्क अनुरूप यहाँ समय समयमा परिवर्तन गर्नुपर्छ भन्ने बारेमा ४७ अर्थात् ७३.४ प्रतिशत रहेको छ भने, विदेशी २० अर्थात् १६.६ प्रतिशत रहेको छ । परिवर्तन गर्न पर्दैन भन्ने प्रश्नको उत्तरमा नेपालीको संख्या ९ अर्थात् १४.१ प्रतिशत रहेको छ भने विदेशीमा ३० जना अर्थात् ४६.८ प्रतिशत रहेको छ  । र सधैं भरी एकैनाश हुनुपर्छ भन्नेमा नेपाली ८ अर्थात् ६.६ प्रतिशत रहेको छ भने विदेशी ६ अर्थात् ९.३ प्रतिशत रहेको छ । यसरी नेपाली उत्तरदाताको संख्या ६४ र विदेशीको संख्या ५६ जना गरी जम्मा १२० जना उत्तरदाताहरू रहेको छ ।

### ५.१३ सङ्ग्रहालय घुम्न जाने सम्बन्धी विवरण

पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालय किन घुम्नु पर्छ भन्ने सम्बन्धी  स्वदेशी तथा विदेशी उत्तरदाताहरू लाई गरिएको प्रश्नको उत्तर प्राप्त जानकारीलाई प्रतिशतमा प्रस्तुत गरी तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५.१३

**सङ्ग्रहालमा किन घुम्नु पर्छ भन्ने सम्बन्धी विवरण**

| कारण | नेपाली | विदेशी | जम्मा |
|---|---|---|---|
| मनोरञ्जन गर्न | ६ (९.४%) | १२ (२१.४%) | १४ |
| विभिन्न विषयमा ज्ञावर्द्धक | १० (१७.९%) | ८ (१४.३%) | १८ |
| लोपोन्मूख वस्तुहरू हेर्न | १३(२०.३ %) | १० (१७.९%) | २३ |
| ऐतिहासिक वस्तु हेर्न | २७ (४२.२%) | १० (३५.७%) | ३७ |
| सांस्कृतिक तथा धार्मिक वस्तुह हेर्न | १ (१.८%) | ५ (८.९%) | ६ |
| अध्ययन तथा अनुसन्धान गर्न | १ (१.८%) | ५ (८.९%) | ५ |
| माथिका सबै | ५ (८.९%) | ६ (५%) | ११ |
| **जम्मा** | **६४(१००%)** | **५६ (१००%)** | **१२० (१००%)** |

*स्रोतः स्थलगत अध्ययन, २०७१ ।*

माथि उल्लेखित तालिकामा भए अनुसार सङ्ग्रहालयमा किन घुम्न जानुपर्छ भन्ने सम्बन्धी नेपाली तथा विदेशी उत्तरदाताहरूद्वारा प्राप्त तथ्याङ्क अनुरूप यहाँ नेपालीले ऐतिहासिक वस्तुहरू हेर्ने संख्या २७ अर्थात् ४२.२ प्रतिशत रहेको छ भने विदेशी १० अर्थात् ३५.७ प्रतिशत रहेको छ । मनोरञ्नका लागि घुम्न आउनेको संख्या नेपालीको ६ अर्थात् ९.४ प्रतिशत रहेको छ भने विदेशीको संख्या १२ अर्थात् १७.९ प्रतिशत रहेको छ । यसैगरी लोपोन्मूख वस्तु हेर्न आउनको संख्या नेपालीको १३ (२०.९ प्रतिशत रहेको छ भने विदेशीहरू १० अर्थात् १७.९% प्रतिशत रहेको छ । साथै अध्ययन अनुसन्धानमा आउनेको संख्या नेपाली १ अर्थात् १.८ प्रतिशत रहेको छ भने विदेशीको संख्या ५ वा ८.९ प्रतिशत रहेको छ ।

निष्कर्षमा भन्नु पर्दा माथि उल्लेखित तालिकाहरूमा विभिन्न सामाजिक, सांस्कृतिक आर्थिक, तथा धार्मिक पृष्ठभूमिमा रहेका उत्तरदाताहरूसँग विवरणलाई विश्लेषण गर्दा फरक फरक प्रकारको तथ्य प्राप्त भएको छ । साथै उत्तरदाहरूको राष्ट्रियताको विवरण, उमेरको संरचना, लैङ्गिक विवरण, पेशा, धर्म, पारिवारिक किसिम, शैक्षिक योग्यताका साथ साथै सङ्ग्रहालय घुम्ने माध्यम, त्यस भित्रका वस्तुहरूको विवरण, सङ्ग्रहालय भित्रको समस्या, सङ्ग्रहालयको महत्त्व, परिवर्तन तथा अवलोकन सम्बन्धी सम्पूर्ण विषयमा प्राप्त भएको उत्तरदाताहरूको तथ्याङ्कको विश्लेषण गर्दा आ-आफ्नै किसिमको फरक, फरक प्रकारको विवरणहरू प्राप्त भएको छ जसलाई विश्लेषण गरी प्रतिशतमा हेर्दा खेरी सम्पूर्ण उत्तरदाताहरू मध्ये नेपालीको संख्या ६४ जना अर्थात् ५३.३ प्रतिशत रहेको छ भने, विदेशीको संख्या ५६ जना अर्थात् ४६.६ प्रतिशत रहेको र जम्मा उत्तरदाताको संख्या १२० जना रहेको छ ।

# अध्याय-छ

## सारांश, निष्कर्ष र सुझाव

### ६.१ सारांश

"पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयको भूमिका" (पोखरामा अवस्थित संग्रहालयहरूमा आधारित एक-अध्ययन) शीर्षक अन्तर्गत उक्त शोध कार्य सम्पन्न भएको छ । जुन विभिन्न देश विदेशबाट सङ्ग्रहालय घुम्न आएका उत्तरदाताहरूसँग गरिएको अर्न्तवार्ता, छलफल तथा प्रश्नावली सूचीको माध्यमबाट अध्ययन अनुसन्धानमा विभिन्न किसिमको तथ्याङ्क प्राप्त गर्न सफल यस शोध कार्यले मूर्तरूप पाउन सकेको छ ।

यस शोध कार्यको लागि पोखराका सङग्रहालयमा आधारित एक अध्ययनमा सिमित रहेको छ । सङग्रहालयहरू: गोरर्खा मेमोरियल सङग्रहालय, अन्नपूर्ण ऐतिहासिक (पुतली) सङग्रहालय, क्षेत्रीय सङग्रहालय र अन्तर्राष्ट्रिय पर्वतीय सङग्रहालय गरी चार वटा सङग्रहालयहरूमा सिमित रहेर अध्ययन अनुसन्धान कार्य सम्पन्न गरिएको छ ।

यस अध्ययन पोखरा उप-महानगरपालिका भित्रका विभिन्न स्थानहरूमा अवस्थित विभिन्न सङग्रहालयहरूको हाताभित्र रहेर विभिन्न अनुसन्धान विधिको प्रयोगको माध्यमबाट विभिन्न तथ्याङ्कहरू सङ्कलन गर्न सफल भएको यस भौगोलिक हिसाबले भन्नुपर्दा पोखरामा अवस्थित विभिन्न स्थानमा पर्ने चार वटा सङग्रहालयमा विभिन्न विधि अपनाई तथ्याङ्ककै आधारमा यस शोध कार्यको पूर्णता हुन सकेको छ ।

यस अध्ययनको उद्देश्यहरू निम्नानुसार रहेको छ जुन तल उल्लेखित रहेको छ ।

पोखरामा अवस्थित सङ्ग्रहालयको परिचय विवरणको विश्लेषण गर्ने,

पर्यटकहरूको सामाजिक, सांस्कृतिक तथा आर्थिक र धार्मिक पृष्ठभूमिको लेखाजोखा गर्ने,

सङ्ग्रहालयको भूमिकाको विश्लेषण गर्ने ।

तथ्याङ्क सङ्कलनको लागि अनुसन्धानमा पोखराका सङ्ग्रहालयहरूको जानकारी लिन अन्वेषणात्मक ढाँचाको प्रयोग गरिएको छ भने वर्णनात्मक र संख्यात्मक ढाँचाको प्रयोग गरी विभिन्न पर्यटन गतिविधिको विस्तृत वर्णन गरिएको छ । प्राथमिक स्रोतः को माध्यमबाट अर्थात् यस विधिबाट तथ्याङ्क सङ्कलनको लागि स्थलगत अवलोकन, अन्तर्वार्ता अनुसूची, प्रश्नावली विधिलाई लिइएको छ । साथै द्वितीय स्रोतः को माध्यमबाट सूचना सङ्कलनको लागि विभिन्न पुस्तक तथा वेवसाइट, र प्राप्त तथ्याङ्कको साथै अन्य सम्बन्धित साहित्यको सहयोग लिइएको छ । सङ्कलित तथ्याङ्कलाई साङ्केतिकीकरण, वर्गीकरण र तालिकीकरण

पछि विश्लेषण गरी आवश्यकताअनुसार तालिका सूची, चित्र सूची र प्रतिशतको आधारमा यस शोध अनुसन्धानलाई प्रस्तुत गरिएको छ ।

यस अध्ययनमा उत्तरदाताहरूको संख्या जम्मा १२० जना रहेको छ । नेपाली उत्तरदाताको संख्या ६४ जना अर्थात् ५३.३ प्रतिशत र विदेशी उत्तरदाताको संख्या ५६ जना अर्थात् ५६.६ प्रतिशत रहेको छ । यस अध्ययनले सङ्ग्रहालयको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको छ ।

## ६.२ मुख्य प्राप्तीहरू

अध्ययन अनुसन्धानमा उत्तरदाताहरूको संख्या जम्मा १२० जना रहेको छ । नेपाली उत्तरदाताको संख्या ६४ जना अर्थात् ५३.३ प्रतिशत र विदेशी उत्तरदाताको संख्या ५६ जना अर्थात् ५६.६ प्रतिशत रहेको छ । अध्ययनका मुख्य प्राप्तीहरू तल प्रस्तुत गरिएको छ ।
अध्ययनले सङ्ग्रहालयमा संग्रहित विभिन्न अभिलेखहरू पुरातात्विक एवं ऐतिहासिक अवशेषहरूको प्रचार-प्रसार एवं प्राकृतिक सम्पदाहरूको संरक्षण तथा सम्वर्द्धनमा टेवा पुग्नुका साथै पोखराको पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयहरूको भूमिका अत्यन्तै महत्वपूर्ण बन्न सकेको छ र अध्ययनले सङ्ग्रहालयको सामाजिक पक्ष, सांस्कृतिक पक्ष र व्यवस्थापन पक्षको विस्तृत जानकारी गरिएको छ । अध्ययन अनुसन्धानबाट पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयलाई भविष्यमा अझै व्यापक तथा विस्तार गर्नेछ र विभिन्न आन्तरिक तथा वाह्य पर्यटकहरूका लागि महत्त्वपूर्ण जानकारीका साथै मार्गदर्शक बनाउने छ । प्राकृतिक लोपोन्मूख र दुर्लभ वस्तुहरूको पर्यटकहरूलाई जानकारी दिलाउन सहयोग पुग्ने छ । सङ्ग्रहालयले गर्दा विदेशी तथा नेपाली पर्यटकहरूलाई आकर्षित पारेको छ । मुख्यतया विदेशी पर्यटकको तुलनामा नेपाली पर्यटको संख्या नै बढी भएको छ । उत्तरदाताहरूको सामाजिक, आर्थिक, सांस्कृतिक तथा शैक्षिक हिसाबले हेर्दा निरक्षर, साक्षर, एस.एल.सी पास तथा उच्च शिक्षा हासिल गरिएको छ । स्थलगत अध्ययन तथा अनुसन्धानमा प्राप्त तथ्याङ्क अनुसार धर्मको बारेमा हिन्दू, बौद्ध, क्रिश्चियन, मुस्लिम आदि भएको पाइयो भने केही उत्तरदाताहरू धर्म नै नमान्ने वा धर्ममा विश्वास नगर्ने पनि रहेको छ भने ५० प्रतिशत भन्दा बढी उत्तरदाताहरू पारिवारिक किसिमलाई हेर्दा संयुक्त परिवार भन्दा एकल परिवार नै रहेको छ । तालिकामा उल्लेख भए अनुसार विद्यार्थी लगायत अन्य सबै खालको पेशा तथा व्यवसायमा संलग्न भएका उत्तरदाताहरू रहेको छ र प्राप्त तथ्याङ्क अनुसार एक मात्र सरकारी सङ्ग्रहालय "क्षेत्रीय सङ्ग्रहालय" र अन्य सङ्ग्रहालय गैरसरकारी रहेको छ । सङ्ग्रहालयमा भएका

वस्तुहरूलाई समयअनुसार तथा परिस्थिति अनुसार फेरवदल गरिएको छ । जुन स्थलगत अध्ययन तथा अनुसन्धान अवधि प्रत्येक सङ्ग्रहालयमा १५ जना नेपाली र १५ जना विदेशी ३० जना उत्तरदाताहरू गरी ४ वटा सङ्ग्रहालयमा जम्मा १२० जना उत्तरदाताहरू रहेको छ । फरक फरक भेषभूषा, संस्कृति, तथा परम्परालाई निरन्तरता दिनका लागि सङ्ग्रहालयको अत्यन्तै महत्वपूर्ण भूमिका रहेको छ । नेपाली वीर पुर्खाको साहसिक कार्य तथा ऐतिहासिक वीरतालाई झल्काउने तथा मूर्तरूप दिनका लागि पनि सङ्ग्रहालयको प्रयास उत्तम रहेको छ । सङ्ग्रहालय प्रति बढी रूची राख्नेमा ६० प्रतिशत विद्यार्थीको संख्या रहेको छ भने ४० प्रतिशत अन्यमा रहेको छ । अन्य सङ्ग्रहालयमा प्रवेश शुल्क लिने गर्दछ भने पुतली सङ्ग्रहालयमा प्रवेश निशुल्क नै रहेको छ । यसरी हेर्दा पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको छ ।

## ६.३ निष्कर्ष

पोखरामा अवस्थित विभिन्न चार वटा सङ्ग्रहालय सिमति रहेर अध्ययन तथा अनुसन्धान कार्य विभिन्न अनुसन्धान विधिको प्रयोग गरी अध्ययन कार्य सम्पन्न गरिएको छ । अध्ययन अनुसन्धानमा उत्तरदाताहरूको संख्या जम्मा १२० जना रहेको जसमा नेपाली उत्तरदाताको संख्या ६४ जना अर्थात् ५३.३ प्रतिशत र विदेशी उत्तरदाताको संख्या ५६ जना अर्थात् ५६.६ प्रतिशत रहेको छ । उत्तरदाताहरूको विभिन्न उमेर, लिङ्ग, समुह, पारिवारिक तह, शैक्षिक स्तर, एवम् राष्ट्रियताका आधारमा उत्तरदाताहरूसँग प्रत्यक्ष रूपमा तथ्य सङ्कलन गरिएको छ ।

यस शोधकार्यमा नेपाली उत्तरदाताको संख्या ६४ जना अर्थात् ५३.३ प्रतिशत र विदेशी उत्तरदाताको संख्या ५६ जना अर्थात् ५६.६ प्रतिशत रहेको छ । र विदेशी उत्तरदाताको संख्याको तुलनामा नेपाली उत्तरदाताहरूको संख्या नै बढी देखिएको छ भने विदेशी उत्तरदाताहरूको संख्या कम भएको छ । यस अध्ययन तथा अनुसन्धानले सङ्ग्रहालयको सामाजिक पक्ष, सांस्कृतिक पक्ष, आर्थिक पक्ष तथा व्यवस्थापन पक्षलाई विश्लेषण गरिएको छ । साथै उत्तरदाताहरूको सामाजिक तथा सांस्कृतिक पृष्ठभूमिलाई विश्लेषण गरी प्रस्तुत गरिएको छ । सङ्ग्रहालयको परिचयात्मक विश्लेषण गरी भूमिकालाई पनि विस्तृत रूपमा विश्लेषण गरिएको छ ।

पोखरामा अवस्थित चार वटा सङ्ग्रहालयको विश्लेषण विस्तृत रूपमा वर्णन गरिएको छ जसमा आवश्यक अनुसार प्रश्नावली तयार गरी अन्तरवार्ता, र अध्ययन

स्थलगत अवलोकन विधि प्रयोग गरिएको छ भने द्वितीय स्रोतको माध्यमबाट पनि सङ्ग्राहलय सम्बन्धी प्रस्तुत विभिन्न पत्रपत्रिका, पुस्तक, वेवसाइट, सरकारी योजनाका नीति नियम, लेख-रचना तथा ऐतिहासिक एवम् सांस्कृतिक अभिलेख आदिको माध्यमबाट अध्ययन अनुसन्धान कार्यलाई सम्पन्न गरिएको छ ।

## ६.४ सुझाव

सङ्ग्रहालयमा विशेष गरेर खानेपानी, बस्ने ठाउँ साथै ईन्टरनेटको सुविधा प्रदान गर्न सकेको खण्डमा पर्यटकहरूलाई अझ आकर्षित पार्न सकिन्छ । सङ्ग्रहालय परिसर भित्र केही व्यवस्थित तथा हरियाली सौन्दर्यता बढाउन सके वातावरणको दृष्टिले पनि आर्कषणीय बन्न सकिन्छ । प्रत्यक सङ्ग्रहालयको सामाजिक पक्ष, सांस्कृतिक पक्ष तथा व्यवस्थापन पक्षमा अझ बढी व्यवस्थित पार्न सकेको खण्डमा पर्यटकहरूलाई आकर्षित पार्न सकिन्छ । साथै सङ्ग्रहालय भित्रका वस्तुहरूलाई पनि समय परिस्थिति अनुरूप फेरबदल गरी नयाँ पुराना गरी मिलाएर राखेको खण्डमा ज्यादै राम्रो हुनेछ । साथै सङ्ग्रहालय वरपर स्वच्छ वातावरण सृजना गर्न सकेमा पर्यटकहरूको लागि अत्यन्तै आर्कषणको केन्दुबिन्दु बन्न अझ थप बल पुग्ने छ । विदेशी पर्यटकहरूलाई सङ्ग्रहालयमा परिसर अवधि गाईड गर्न सकेमा ज्यादै उत्तम हुने छ साथै स्वदेशी तथा विदेशी पर्यटकहरूलाई धेरै भन्दा धेरै वस्तुहरूको जानकारी दिन सकेमा शिक्षामूलक, जानकारीमूलक र मनोरञ्जनात्मक क्षण बन्न सकिन्छ र सङ्ग्रहालयको महत्त्व अझ सशक्त बन्नमा दुईमत नहोला ।

# सन्दर्भ सामग्री


ईसीमोड (१९९५), *टुरिजम फर लोकल कम्युनिटी डेभ्लब्मेन्ट ईन मेन्सन एरियाः* प्रेस्पेक्टिभस, ईस्यु एन्ड स्टडिज, काठमाडौं, ईसिमोड, नेपाल ।

ईसीमोड (१९९७), *मेनुअल अफ रूरल टेक्नोलोजी विथ ईमप्लिकेशनस फर माउन्टेन टुरिजम ईसिमोड,* काठमाडौं, नेपाल ।

कुँवर, आर.आर.(१९९७), *पर्यटन र विकास साईन्स र ईन्डष्ट्री,* काठमाडौं, नेपाल ।

कुँवर,आर.आर.(२०१०), *टुरिष्ट एण्ड टुरिजमः पर्यटन र विकास साईन्स र ईन्डष्ट्री ईन्टरफेस* काठमाडौंः गंगा सेन कुवँर ।

कोहेन (१९८२), *टुवार्डस अ सोसिओलोजी अफ ईन्टरनेशनल टुरिजम ।*

गौतम, देवी प्रसाद (१९९६), *द स्ट्रक्चर अफ एडजेक्टिभ फ्रेजेज ईन* नेपाल, काठमाण्डौं, मुना पब्लिकेशन ।

घोस (२००३), *टुरिजम एण्ड ट्राभल म्यानेजमेन्ट सेकेण्ड ए.डी.* न्यू डिल्लीः विकास पब्लिसिङ्ग हाउस, प्राभेट लिमिटेड ।

डब्लुएचओ (१९९७), ई*कनोमिक्स रिभ्यु अफ ओल्ड टुरिजम अरगनाईजेशन,* जेनेभाः स्विजरल्याण्ड ।

डब्लुटीओ (२००८), *अ लिमिटेड नेशनस बडी,* स्टोरलिङ्ग पब्लिकेशन न्यू डिल्ली ।

नाटा (२०१३), *नेपाल एशोसिएट टुरिजम,* एसिया पब्लिकेशन्स वागबजार, काठमाडौं ।

नेपाल राष्ट्रबैंक (२०५७), *समस्या, चुनौती र उपलब्धी,* तलेजु प्रकाशन, काठमाडौं ।

प्राकृतिक सन्देश (२०६४), *अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना,* एसिया पब्लिकेशन्स वागबजार, काठमाडौं ।

नेपाल राष्ट्र बैंक (२०५७), *पर्यटन विकास र व्यवस्थापन,* तलेजु प्रकाशन, काठमाडौं ।

पुरी र उद्धव (२०५६), *पर्यटन र यात्रा,* तलेजु प्रकाशन, काठमाडौं ।

पोखरेल खेमराज र कार्की गोविन्दमान, (२०५५), *पर्यटन विकास,* अनुराग प्रकाशन वाराणसी न्यू डिल्ली भारत ।

प्राकृतिक सन्देश (२०६४), *अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना,* एसिया पब्लिकेशन्स वागबजार, काठमाडौं ।

बास्कोटा (१९९५), *माउण्टेन टुरिजम फर लोकल कम्युनिटी डेभलेपमेन्ट ईन नेपालःअ केस स्टडी अफ फेवा लेक साईड, पोखरा एम ई आई डिस्कशन पेपर नं. १९/२*

बास्कोटा र शर्मा (१९९८), *माउण्टेन टुरिजम फर लोकल कम्युनिटी डेभलेपमेन्ट ईन नेपालः अ केस स्टडी अफ फेवा लेक साईड, पोखरा एम ई आई डिस्कशन पेपर नं. १९/२*

बास्कोटा र शर्मा (१९९८), *माउण्टेन टुरिजम फर लोकल कम्युनिटी डेभलेपमेन्ट ईन नेपालः अ केस स्टडी अफ फेवा लेक साईड, पोखरा एम ई आई डिस्कशन पेपर नं. १९/२* काठमाडौंः ईन्टरनेशनल सेन्टर फर ईन्टीग्रेटेड माउन्टेन डेभलपमेन्ट काठमाडौं, नेपाल ।

भाटिया, ए.के.(१९९१), *ईन्टरनेशनल टुरिजम,* न्यू डिल्ली स्टोरलिङ्ग पब्लिकेशन ।

भाटिया, ए.के.(१९९४), *ईन्टरनेशनल टुरिजम,* फन्डमेन्टल एण्ड प्राक्टिसेस न्यू डिल्लीः आकांक्षा पब्लिसिङ्ग हाउस प्राईभेट लिमिटेड ।

भाटिया,ए.के. (१९९४), *हिस्टोरी अफ ट्राभल ईन्टरनेशनल टुरिजम फन्डमेन्टल एण्डप्राक्टिसेस* न्यू डिल्लीः स्टरलिङ्ग पब्लिसिङ्ग हाउस प्राईभेट लिमिटेड ।

भाटिया,ए.के. (१९९६), *हिस्टोरी अफ ट्राभल ईन्टरनेशनल टुरिजम फन्डमेन्टल एण्ड प्राक्टिसेस* न्यू डिल्लीः स्टरलिङ्ग पब्लिसिङ्ग हाउस प्राईभेट लिमिटेड ।

भाटिया,*ए.के.* (२०००), *हिस्टोरी अफ ट्राभल ईन्टरनेशनल टुरिजम फन्डमेन्टल एण्ड प्राक्टिसेस* न्यू डिल्लीः स्टरलिङ्ग पब्लिसिङ्ग हाउस प्राईभेट लिमिटेड ।

भण्डारी, प्रमोद (२०६८), *सिचुएशन अफ ओरकिङ्ग वुमन ई नेपाल र एम.ए. डिजरटेशन,* सोसियोलोजी/एन्थ्रोपोलोजी डेभलेपमेन्ट पृथ्वी नारायण क्याम्पस, पोखरा ।

भण्डारी, प्रमोद (२००५), *सिचुएशन अफ ओरकिङ्ग वुमन ई नेपाल र एम.ए. डिजरटेशन,* सोसियोलोजी/एन्थ्रोपोलोजी डेभलेपमेन्ट पृथ्वी नारायण क्याम्पस, पोखरा ।

रायमाझी (२०५७), *एसिया पब्लिकेशन्स* वागबजार, काठमाडौं ।

शर्मा भूमीस्वर र कार्की गोविन्दमान (२०६८), *ग्रामीण पर्यटन* न्यु हिरा बुक्स ईन्टरप्राईजेज, कीर्तिपुर नयाँ बजार, काठमाडौं ।

सत्याल, यज्ञराज (१९८८), *टुरीजम ईन नेपाल, अप्रोफाइल,* बाराणसी पब्लिसिङ हाउस न्यु ।

सत्याल, यज्ञराज (२०००), *नेपालः एन एक्सोटिक टुरिष्ट डेस्टिनेशन* न्यू डिल्लीः एड्रोईट पब्लिकेशन ।

सत्याल, यज्ञराज (२००२), *टुरिजम् ईन नेपाल,* न्यु दिल्ली, एड्रोईट पब्लिसर्स ।

स्मिथ (१९७७), *होस्ट र गेस्ट अक्सफोर्ड,* ब्लाकओईल पब्लिर्सस ।

सत्याल, यज्ञराज (१९८८), ईन्टरनेशन *टुरिजम् एण्ड ईटस् भ्यालु :* मिरर अफ नेपाल, न्यु दिल्ली, ईन्डिया ।

सत्याल, यज्ञराज (१९८८), *टुरिजम् ईन नेपाल,* न्यु दिल्ली, एड्रोईट पब्लिसर्स ।

क्षेत्री, डा.गणेश, र रायमाझी, रामचन्द्र (२०५७), *एसिया पब्लिकेशन्स* वागबजार,काठमाडौं ।

क्षेत्री, डा.गणेश (२०५७), *प्रयत्न विकास एवं व्यवस्थापन* काठमाडौंः एसिया पब्लिकेशन ।

श्रेष्ठ एच पी. (२०००), *टुरिजम नेपालः मार्केटिङ्ग चेन्जेजः* न्यू डिल्ली, निरौला पब्लिकेशन ।

ईन्टरनेट स्रोतः

http://www.nepaltrekkinginfo.com

http://www.welcomenepal.com

# अनुसूची-१

## आन्तरिक पर्यटकहरूलाई सोधिएको प्रश्नावली

| **(क) व्यक्तिगत विवरण** | | | |
|---|---|---|---|
| **क्र. सं.** | **प्रश्नहरू** | **उत्तरहरू** | **जाने** |
| १ | उमेर | (क) १५-२५ (ख) २५-३५<br>(ग) ३५-४५ (घ) ४५-५५ (ङ) ५५ भन्दा माथि | |
| २ | लिङ्ग | (क) महिला (ख) पुरूष | |
| ३ | जाती | (क) ब्राह्मण (ख) क्षेत्री (ग) जनजाति<br>(घ) दलित (ङ) मधेशी (च) अन्य | |
| ४ | पेशा व्यवसाय | (क) विद्यार्थी (ख) शिक्षक (ग) कृषि (घ) समाजसेवा<br>(ङ) व्यापार/व्यवसाय (च) जागीर (छ) अन्य | |
| ५ | शैक्षिक योग्यता | (क) अन्डर एस.एल.सी (ख) +२ (ग) स्नातक तह<br>(घ) स्नातकोत्तर तह (ङ) पि.एच.डी. (च) अन्य | |
| ६ | तपाई विवाहित कि अविवाहित ? | (क) विवाहित (ख) अविवाहित (ग) विधुवा | |
| ७ | पारिवारिक किसिम | (क) एकल (ख) संयुक्त (ग) वृहत | |
| ८ | तपाईले धर्ममा विश्वास गर्नु हुन्छ ? | (क) गर्छु (ख) गर्दिन → | **(ख)** १ |
| ९ | कुन धर्म मान्नु हुन्छ ? | (क) बौद्ध (ख) हिन्दु (ग) क्रिश्चियन<br>(घ) मुस्लिम (ङ) किराँत (च) जैन (छ) अन्य | |
| **(ख) मुख्य प्रश्नहरू** | | | |
| १. | तपाई पोखरा पहिलो पटक आउनु भएको हो ? | (क) पहिलो पटक (ख) दोस्रो पटक (ग) तेस्रो पटक<br>(घ) चौथो पटक (छ) धेरै पटक | |
| २. | तपाई कुन-कुन ठाउँमा घुम्नु भयो ? | (क) फेवाताल (ख) शान्तिस्तुपा (ग) सराङ्कोट<br>(घ) डेविडफल (ङ) विन्ध्यवासिनी (च) महेन्द्रगुफा<br>(छ) वेगनास ताल (ज) पृथ्वीनारायण क्याम्पस | |
| ३. | पोखरामा कति समय बस्नु हुन्छ ? | (क)..........दिन (ख)..........हप्ता<br>(ग)..........महिना (घ).......... वर्ष | |
| ४. | सङ्ग्रहालय कुन माध्यमबाट आउनु भयो? | (क) मिडियाबाट (ख) साथीभाइबाट<br>(ग) पर्यटन व्यवसायीबाट (घ) अन्य कारणबाट | |

| | | | |
|---|---|---|---|
| ५. | सङ्ग्रहालयमा के-के हेर्नु भयो ? र के-के देख्नु भयो ? | (क) ऐतिहासिक वस्तुहरू (ख) पर्वतारोहण गतिविधिहरू<br>(ग) विभिन्न जातजातिको संस्कृतिहरू<br>(घ) पौराणिक अवशेषहरू<br>(ङ) राष्ट्रिय पहिचान तथा साहसिक गतिविधिहरू<br>(च) जनावर तथा पशुपक्षीहरू | |
| ६. | सङ्ग्रहालय घुमे पछि कस्तो लाग्यो ? | (क) रमाइलो (ख) महत्त्वपूर्ण (ग) ज्ञानवर्द्धक<br>(घ) कौतुहलता (ङ) माथिका सबै (च) सामान्य | |
| ७. | फेरी पनि आउनु हुन्छ ? | (क) लाग्यो (ख) लागेन | |
| ८. | सङ्ग्रहालयको बारेमा केही सल्लाह सुझाव दिनु चाहनु हुन्छ ? | ..................................................................<br>..................................................................<br>.................................................................. | |
| ९. | सङ्ग्रहालयमा देखेका कुरा मध्ये कुन चाँही उत्कृष्ट लाग्यो ? | (क) ऐतिहासिक वस्तु (ख) राष्ट्रियता एवम् साहसिकता<br>(ग) प्राकृतिक लोपोन्मुख वस्तुहरू<br>(घ) सांस्कृतिक/सामाजिक एवम् धार्मिक वस्तुहरू<br>(ङ) विभिन्न पौराणिक अवशेषहरू (च) माथिका सबै | |
| १०. | अन्तर्राष्ट्रिय स्तरमा नै लैजानको लागि के कस्ता माध्यमहरू अपनाउँदा उचित होला तपाईको विचारमा ? | (क) प्रचारप्रसार (ख) देश विदेशमा राम्रो सन्देश पुऱ्याउने (ग) पर्यटन प्रवर्द्धनमा राम्रो विकास गर्ने (घ) पर्यटन प्रवर्द्धनमा सरकारको ध्यानाकर्षण | |
| ११. | यहाँ देखिएका समस्या को बारेमा केही भन्न चाहनु हुन्छ ? | (क) खानेपानी (ख) बिजुली बत्ती<br>(ग) राम्रो वातावरण (घ) प्रशस्त क्षेत्रफल<br>(ङ) अन्य | |
| १२. | सङ्ग्रहालयमा भएका वस्तुहरूलाई परिवर्तन गर्नुपर्छ जस्तो लाग्दैन ? | (क) समय समयमा परिवर्तन गर्नुपर्छ<br>(ख) परिवर्तन गर्नु पर्दैन<br>(ग) सधैं भरी एकैनाश हुनुपर्छ | |
| १३. | सङ्ग्रहालय घुम्नको लागि अरूलाई कस्तो सल्लाह दिनु हुन्छ ? | ..................................................................<br>.................................................................. | |
| १४ | पर्यटन प्रवर्द्धनका लागि सङ्ग्रहालयको भूमिका कस्तो हुनु पर्ला ? | ..................................................................<br>..................................................................<br>.................................................................. | |

*सहयोगको लागि धेरै धेरै धन्यवाद !*

# अनुसूची-२

## वाह्य पर्यटकहरूलाई सोधिएको प्रश्नावली

| (क) व्यक्तिगत विवरण | | | |
|---|---|---|---|
| **क्र.सं.** | **प्रश्नहरू** | **उत्तरहरू** | **जाने** |
| १ | उमेर | (क) १५-२५ (ख) २५-३५<br>(ग) ३५-४५ (घ) ४५-५५ (ङ) ५५ भन्दा माथि | |
| २ | लिङ्ग | (क) महिला (ख) पुरूष | |
| ३ | जाती | (क) ब्राह्मण (ख) क्षेत्री (ग) जनजाति<br>(घ) दलित (ङ) मधेशी | |
| ४ | पेशा व्यवसाय | (क) विद्यार्थी (ख) शिक्षक (ग) कृषि (घ) समाजसेवा<br>(ङ) व्यापार/व्यवसाय (च) जागीर (छ) अन्य | |
| ५ | शैक्षिक योग्यता | (क) निरक्षर (ख) साक्षरता (ग) अन्डर एस.एल.सी<br>(घ) +२ (ङ) स्नातक तह (च) स्नातकोत्तर तह<br>(छ) पि.एच.डी. (ज) अन्य | |
| ६ | तपाई विवाहित कि अविवाहित ? | (क) विवाहित (ख) अविवाहित (ग) विधुवा | |
| ७ | पारिवारिक किसिम | (क) एकल (ख) संयुक्त (ग) वृहत | |
| ८ | धर्ममा विश्वास गर्नु हुन्छ ? | (क) गर्छु (ख) गर्दिन → | (ख) १ |
| ९ | यदि विश्वास गर्नु हुन्छ भने कुन धर्म मान्नु हुन्छ? | (क) बौद्ध (ख) हिन्दु (ग) क्रिश्चियन<br>(घ) मुस्लिम (ङ) किराँत (च) जैन (छ) अन्य | |
| **(ख) मुख्य प्रश्नहरू** | | | |
| १ | तपाई पोखरा पहिलो पटक आउनु भएको हो ? | (क) पहिलो पटक (ख) दोस्रो पटक (ग) तेस्रो पटक<br>(घ) चौथो पटक (छ) धेरै पटक | |
| २ | कुन-कुन ठाउँमा घुम्नु भयो ? | (क) फेवाताल (ख) शान्तिस्तुपा (ग) सराङ्कोट<br>(घ) डेविडफल (ङ) विन्ध्यवासिनी (च) महेन्द्रगुफा<br>(छ) वेगनास ताल (ज) पृथ्वीनारायण क्याम्पस (झ) अन्य | |
| ३ | पोखरामा कति समय बस्नु हुन्छ ? | (क)..........दिन (ख)..........हप्ता (ग)..........महिना<br>(घ).......... वर्ष (ङ) स्थायी बसोबास | |
| ४ | सङ्ग्रहालयमा के-के हेर्न आउनु भयो ? | (क) ऐतिहासिक दस्तावेज (ख) प्राकृतिक वस्तु<br>(ग) विभिन्न जातीय संस्कृतिहरू (घ) पर्वतारोहण दृश्य<br>(ङ) साहसिक गतिविधिहरू (च) अन्य | |

| | | | |
|---|---|---|---|
| ५ | यस सङ्ग्रहालय कुन माध्यमबाट थाहा पाउनु भयो ? | (क) मिडियाबाट (ख) साथीभाइबाट<br>(ग) पर्यटन व्यवसायीबाट (घ) अन्य कारणबाट | |
| ६ | सङ्ग्रहालयबाट कस्तो अपेक्षा राख्नु भएको थियो? | (क) राम्रो वातावरण (ख) उत्सुकता<br>(ग) कौतुहलता (घ) माथिको सबै | |
| ७ | सङ्ग्रहालयमा के-के हेर्नु भयो ? के-के देख्नु भयो ? | (क) ऐतिहासिक वस्तुहरू (ख) पर्वतारोहण गतिविधिहरू<br>(ग) विभिन्न जातजातिको संस्कृतिहरू<br>(घ) पौराणिक अवशेषहरू<br>(ङ) राष्ट्रिय पहिचान तथा साहसिक गतिविधिहरू<br>(च) जनावर तथा पशुपक्षीहरू (छ) अन्य | |
| ८ | सङ्ग्रहालयमा कस्ता वस्तुहरू भए अझ प्रभावकारी होला ? | (क) लोपोन्मूख वस्तुहरू (ख) पौराणिक अवशेषहरू<br>(ग) ज्ञानवर्द्धक वस्तुहरू (घ) राष्ट्रियता/वीरता झल्कने<br>(ङ) माथिका सबै (च) अन्य | |
| ९ | सङ्ग्रहालय घुमेपछि कस्तो लाग्यो ? | (क) रमाइलो (ख) महत्त्वपूर्ण (ग) ज्ञानवर्द्धक<br>(घ) कौतुहलता (ङ) माथिका सबै (च) सामान्य | |
| १० | सङ्ग्रहालयको बारेमा केही सल्लाह सुझाव दिन चाहनु हुन्छ ? | ...................................................................<br>...................................................................<br>................................................................... | |
| ११ | सङ्ग्रहालयमा देखेका कुरा मध्ये कुन चाँही उत्कृष्ट लाग्यो ? | (क) ऐतिहासिक वस्तु (ख) राष्ट्रियता एवम् साहसिकता<br>(ग) प्राकृतिक लोपोन्मुख वस्तुहरू<br>(घ) सांस्कृतिक/सामाजिक एवम् धार्मिक वस्तुहरू<br>(ङ) विभिन्न पौराणिक अवशेषहरू (च) माथिका सबै | |
| १२ | यहाँ देखिएका समस्याका बारेमा उपायहरू बताइ दिनु हुन्छ ? | (क) खानेपानी (ख) बिजुली बत्ती<br>(ग) राम्रो वातावरण (घ) प्रशस्त क्षेत्रफल<br>(ङ) अन्य | |
| १३ | सङ्ग्रहालयक वस्तुहरूलाई परिवर्तन गर्नुपर्छ जस्तो लाग्दैन ? | (क) समय समयमा परिवर्तन गर्नुपर्छ<br>(ख) परिवर्तन गर्नु पर्दैन<br>(ग) सधैं भरी एकैनाश हुनुपर्छ | |
| १४ | सङ्ग्रहालय घुम्न अरूलाई कस्तो सल्लाह दिनु हुन्छ ? | ...................................................................<br>................................................................... | |
| १५ | सङ्ग्रहालयको भूमिका कस्तो हुनु पर्ला ? | ...................................................................<br>................................................................... | |

*सहयोगको लागि धेरै धेरै धन्यवाद !*

# अनुसूची-३

## सङ्ग्रहालय प्रमुखसँग लिइएको प्रश्नावली अर्न्तवार्ता

| क्र. सं. | प्रश्नहरू | उत्तरहरू | जाने |
|---|---|---|---|
| **सङ्ग्रहालयको भौतिक पक्षः** | | | |
| १ | यो सङ्ग्रहालय कहिले स्थापना भएको हो ? | (क) सन्: ......................................<br>(ख) इस्वी सम्वत्:............................... | |
| २ | यस सङ्ग्रहालयको कुल कति क्षेत्रफलमा कति वटा भवन निर्माणधिन रहेका छन् ? | (क) कूल क्षेत्रफल:..............................<br>(ख) भवन संख्या:................................ | |
| ३ | भवन निर्माणमा कति खर्च लाग्यो होला ? अनुमानित लागत भनी दिनुहोस् ? | (क) ५,०००००।-(ख) ५,०००००-०,०००००।-<br>(ग) १०,०००००-१५,०००००।-<br>(घ) १५,००००० २०,०००००।-<br>(ङ) २०,०००००-२५,०००००।-<br>(च) ३०,०००००।-भन्दा माथि | |
| ४ | यस सङ्ग्रहालयका भवनहरू कुन-कुन विभागमा र के-कसरी विभाजन गरिएका छन् ? | ..........................................................<br>..........................................................<br>.......................................................... | |
| ५ | सङ्ग्रहालयले पर्यटकहरूको लागि के-कस्ता सुविधाहरू प्रदान गरिहेको छ ? | (क) टिकट (ख) खानेपानी (ग) बिजुली बत्ती<br>(घ) पुस्तक/ब्रुसर (ङ) ईमेल/ईन्टरनेट<br>(च) माथिका सबै छन् (छ) कुनै पनि छैनन् | |
| ६ | सङ्ग्रहालयमा ल्याइने वस्तुहरूलाई कति समयसम्म राखिन्छ ? | ..........................................................<br>.......................................................... | |
| ७ | सङ्ग्रहालयमा ल्याइने वस्तुहरूलाई कहाँबाट कुन माध्यमबाट उपलब्ध गराउनु हुन्छ ? | (क) वन्यजन्तु आरक्षणबाट (ख) राष्ट्रिय निकुञ्जहरूबाट (ग) संघ-संस्थाबाट<br>(घ) स्थानीय वनजङ्गलबाट (ङ) विदेशबाट<br>(च) अन्य माध्यमबाट | |
| ८ | सङ्ग्रहालयबाट मासिक आय तथा व्याय विवरण उल्लेख गर्नुहोस् । | सिजन अप-सिजन<br>(क) मासिक आय रू. ________ ________<br>(ख) मासिक व्याय रू. ________ _______ | |
| **सङ्ग्रहालयको सामाजिक/सांस्कृतिक पक्षः** | | | |
| १. | सङ्ग्रहालयमा बढी पर्यटकहरू कुन-कुन देशकाबाट आउने गर्दछन् ? | (क) स्वदेशी (ख) स्थानीय<br>(ग) सार्क राष्ट्र (घ) पशिचमी राष्ट्रहरूबाट | |
| २. | सङ्ग्रहालयमा आउने पर्यटकहरू बढीमा कुन उमेरका आउने गर्दछन् ? | (क) १५-२० (ख) २०-३० (ग) ३०-४०<br>(घ) ४०-५० (ङ) ५० देखि माथिका | |
| ३. | यो सङ्ग्रहालय अन्य सङ्ग्रहालयबीच कस्तो खालको सम्बन्ध रहेको छ ? | (क) विशेष (ख) सामान्य<br>(ग) छ (घ) छैन | |

| | | | |
|---|---|---|---|
| ४. | सङ्ग्रहालयमा कस्ता खालका पर्यटकहरू आउने गर्दछन् ? | (क) मनोरञ्जन गर्ने<br>(ख) अध्ययन अनुसन्धान गर्ने<br>(ग) अवलोकन गर्ने (घ) भ्रमण गर्ने<br>(ङ) अन्य | |
| ५. | सङ्ग्रहालय भित्र बढी कस्ता खालका वस्तुहरू संग्रहित छन् ? | (क) ऐतिहासिक (ख) प्राकृतिक<br>(ग) भौगोलिक (घ) धार्मिक (ङ) सांस्कृतिक<br>(च) शैक्षिक (छ) अन्य | |
| ६. | पर्यटकहरूलाई बढी कुन-कुन वस्तुले सबैभन्दा बढी आकर्षित पार्न सकेको जस्तो लाग्छ ? | (क) ऐतिहासिक (ख) प्राकृतिक<br>(ग) भौगोलिक (घ) धार्मिक<br>(ङ) सांस्कृतिक (च) सामाजिक<br>(छ) साहासिक एवम् वीरता (ज) अन्य | |
| ७. | | | |
| ८. | अवलोकन पश्चात पर्यटकहरूको कस्तो प्रतिक्रिया आउने गर्दछ ? | (क) सन्तोषजनक (ख) असन्तोषजनक<br>(ग) सुधार गर्नुपर्ने (घ) केही पनि जनाउँदैन | |
| ९. | सङ्ग्रहालयको मुख्य लक्ष्य तथा उद्देश्य के-के रहेको छ ? | ............................................................<br>............................................................ | |
| **सङ्ग्रहालयको व्यवस्थापन पक्ष:** | | | |
| १. | सङ्ग्रहालयको व्यवस्थापन पक्ष भौतिक पूर्वाधारहरू कतिको सवल सक्षम रहेको छ ? | ............................................................<br>............................................................ | |
| २. | सङ्ग्रहालय व्यवस्थापन तथा दिगो विकासका निम्ति कुनै तह, निकाय, दाता वा संघ-संस्थाहरूबाट आर्थिक सहयोग प्राप्त हुन्छ हुँदैन ? | (क) सरकारीबाट (ख) गैरसरकारीबाट<br>(ग) व्यक्तिगतबाट (घ) संस्थाबाट | |
| ३. | सङ्ग्रहालय कुन तहबाट सञ्चालितभएकोछ? | (क) सरकारी (ख) गैरसरकारी (ग) व्यक्तिगत | |
| ४. | सङ्ग्रहालयमा कति जना कर्मचारीहरू कार्यरत छन् ? | (क) ५ जना (ख) ६ जना<br>(ग) ७ जना (घ) १० जना<br>(ङ) १५ जना (च) २० जनाभन्दा माथि | |
| ५. | सङ्ग्रहालयका कर्मचारीहरूलाई कसरी कुन माध्यमबाट नियुक्ती गरिन्छ ? | (क) शैक्षिक योग्यताअनुसार<br>(ख) सङ्ग्रहालयको व्यवस्थापनअनुसार<br>(ग) स्थायी (घ) अस्थायी (ङ) करार | |
| ६. | सङ्ग्रहालयका कर्मचारीहरू कुन-कुन स्तरका र के-कस्ता तालिम प्राप्त हुनुहुन्छ ? | ............................................................<br>............................................................ | |
| ७. | सङ्ग्रहालयका कर्मचारीहरूलाई के-कस्तो सुविधाहरू प्राप्त भएका छन् ? | (क) तलब भत्ताको व्यवस्था (ख) पेन्शनको व्यवस्था (ग) तालिमको व्यवस्था<br>(घ) अन्य सुविधाहरू | |
| ८. | सङ्ग्रहालयको हाताभित्र कस्तो खालको सुरक्षा व्यवस्था रहेको छ ? | ............................................................<br>............................................................ | |

| | | | |
|---|---|---|---|
| ९. | सङ्ग्रहालयका कर्मचारीहरूलाई कार्यक्षेत्रबाट कतिको सन्तोषजनक भएका छन् ? | (क) सन्तोषजनक (ख) असन्तोषजनक<br>(ग) ठिकै (घ) ………… | |
| १०. | पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयले कस्तो फाइदा बेफाईदाका साथै पर्यटकहरूमा कस्तो सन्देश पुऱ्याए जस्तो लाग्दछ तपाईको विचारमा ? | …………………………………………………<br>…………………………………………………<br>………………………………………………… | |
| ११. | पोखराभित्रका अन्य सङ्ग्रहालयसँग तुलना गर्नुपर्दा कस्तो किसिमको समानता वा भिन्नता पाउन सकिन्छ ? | …………………………………………………<br>…………………………………………………<br>………………………………………………… | |
| १२. | पर्यटन प्रर्वद्धनमा यस सङ्ग्रहालयको मुख्य धारणाका साथै यसले खेल्ने महत्त्वपूर्ण भूमिकाहरू के-के हुन् ? | …………………………………………………<br>…………………………………………………<br>………………………………………………… | |
| १३. | पर्यटन प्रर्वद्धनका निमित्त सङ्ग्रहालयको तर्फबाट पर्यटन क्षेत्रको विकास तथा विस्तार का लागि केही सल्लाह सुझाव छ कि ? | …………………………………………………<br>…………………………………………………<br>………………………………………………… | |

*सहयोगको लागि धेरै धेरै धन्यवाद !*

अनुसूची-४

## मुख्य सूचनादाताहरूको नामावली

| क.सं. | नामः | ठेगानाः |
|---|---|---|
| १. | याम बहादुर गुरूङ | गोर्खा मेमोरियल सङ्ग्रहालय |
| २. | सुरेन्द्र परियार | ऐतिहासिक प्राकृतिक (पुतली) सङ्ग्रहालय |
| ३. | सन्दीप खनाल | क्षेत्रीय सङ्ग्रहालय |
| ४. | बलप्रसाद राई | अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय |


अनुसूची-५

## चित्र सूची

ऐतिहासिक प्राकृतिक (पुतली सङ्ग्रहालय) को हाताभित्र विदेशी उत्तरदाताहरूसँग प्रश्नावली भर्ने क्रममा एक तस्विर



गोर्खा मेमोरियल सङ्ग्रहालयको हाताभित्र नेपाली उत्तरदाताहरूसँग प्रश्नावली भर्ने क्रममा एक तस्विर



मुख्य सूचनादातासँग लिएको अन्तरवार्ता लिने क्रममा एक तस्विर



मुख्य सूचनादातासँग लिएको अन्तरवार्ता लिने क्रममा एक तस्विर

